सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

कान्तिपुर पब्लिके...

...AY 04 MAY 2018 ...ाठमाडौं शुक्रबार, वैशाख २१, २०७५ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-



## बेस्ट ड्रेस सेलिब्रेटी

पृष्ठ २० मा

## क्षमा प्रार्थी छौं

गएको अंकको 'साप्ताहिक'को पहिलो पृष्ठमा प्रकाशित 'सुनको पासो' शीर्षकको समाचारमा मृतक सनम शाक्यको तस्बिरको ठाउँमा प्राविधिक त्रुटिवश पर्यटन व्यवसायी सनम शाक्यको तस्बिर प्रकाशित भएकोमा हामी क्षमाप्रार्थी छौं । हालै यूएस-बांग्ला एयरलाइन्सको दुर्घटनामा परेर पनि बाँच्न सफल पर्यटन व्यवसायी शाक्यको सुन तस्करीसम्बन्धी घटनामा कुनै संलग्नता छैन । यसबाट व्यवसायी शाक्यको सामाजिक प्रतिष्ठामा आघात पर्न गएकोमा हामी दुःखी छौं र आगामी दिनमा यस्तो भूल नदोहोऱ्याउने प्रण गर्दछौं ।

**सुवास ढकाल**
प्रधान सम्पादक, साप्ताहिक



सुन तस्करी विवादमा हत्या गरिएका सनम शाक्य ।



## YouTube ट्रेन्डिङ

| क्रम | भिडियो | च्यानल |
| --- | --- | --- |
| १ | सञ्जु टिजर | फक्सस्टार हिन्दी |
| २ | इट्स माई शो | कान्तिपुर टिभी |
| ३ | दिलीप र निरुता | रमाइलो छ |
| ४ | इद सरिन ह्याप्पियर | इद सरिन |
| ५ | म त तिम्रै हुँ | म्युजिक नेपाल मुभिज |
| ६ | मनबिनाको धन | माउन्टेन नेपाल |
| ७ | भद्रगोल -१६९ | रामसार मिडिया |
| ८ | मुस्कान : सज्जनराज | सज्जनराज वैद्य |
| ९ | गोइङ टु इस माइ शो | सिसन बानियाँ |
| १० | मेरी बास्सै-५४७ | मिडिया हब |


## फोटो अफ दि विक



■ **बधाई** : अभिनेत्री मनीषा कोइराला यसै साता भारतको प्रसिद्ध दादासाहेब फाल्के एवार्डबाट सम्मानित भएकी छिन् ।




■ **धोनीसँग सन्दीप** : आइपिएल क्रिकेटका लागि भारतमा रहेका नेपाली क्रिकेटर सन्दीप लामिछाने भारतीय क्रिकेटर महेन्द्र सिंह धोनीसँग ।



■ **गायिकाको जोडी** : गायिका मञ्जु पौडेल श्रीमान्‌सँग ।



जब-जब रोयल्टीको मुद्दा सफलता नजिक पुग्न लाग्छ, तब-तब संघ-संस्थाहरूमा र रोयल्टी संकलन समाजमा किचलो झिकेर असमझदारी गराउने काम हुँदै आएको छ । चाहे त्यो आरबिटीको समयमा बेला होस् अथवा हाल यातायात, रेडियो, टेलीभिजन अथवा अन्य ठाउँको रोयल्टी उठाउने बेला । अनेकौं खुराफात गरेर संगीत बजारमा एकलौटी आधिपत्य जमाउने र हामीलाई सधैं कमारो बनाउन चाहने संगीत माफियाहरूलाई मेरो प्रश्न-के अब स्रष्टा-सर्जकले रोयल्टी पाउनै हुन्न भन्ने हो ? त्यसो हो भने खबरदार । हामीले छिट्टै एउटा महाभारतको घोषणा गर्नुपर्ने हुन्छ ।

**लक्ष्मण शेष**



■ **सेलिब्रेटी लेखक** : पश्चिम नेपालमा एकदिने घुम्ती साहित्य महोत्सवमा सहभागी लेखक युग पाठक, यज्ञश, नयनराज पाण्डे, महेशविक्रम शाह, अमर न्यौपाने, मदनकृष्ण श्रेष्ठ, हरिबहादुर थापा तथा शिवानीसिंह थारु ।

## साइबर फिडब्याक

सानो देश भए पनि उत्तर कोरिया बेला-बेला चर्चामा आइरहन्छ । गत साता उत्तर कोरियाका शासक एवं सर्वोच्च नेता किम जोन उनले दक्षिण कोरियाका राष्ट्रपति मुन जे इनसँग भेटवार्ता गरे । आणविक युद्धको सन्त्रासमाथि हुन लागेको सम्मेलनमा भाग लिन किम दक्षिण कोरिया पुगेका थिए । किम कोरियाली युद्ध समाप्त भएपछि दक्षिण कोरियामा पाइला टेक्ने पहिलो उत्तर कोरियाली शासक हुन् । दुई नेताबीचको यो भेटले संसारभर चर्चा पायो । सामाजिक सञ्जालमा चलेको उक्त घटनासम्बन्धी चर्चामा नेपालीहरू पनि उत्तिकै सहभागी भए ।

केपी ओली र प्रचण्ड मिले, उत्तर र दक्षिण कोरिया मिले भने संसारमा नमिल्ने कुरा केही छैन । त्यसैले कुनै पनि व्यक्ति वा संस्थासँगको सम्बन्धमा अनावश्यक तुष पालेर वैरभावलाई बढावा नदिऊँ ।

**मातृका पौडेल**

उत्तर कोरिया र दक्षिण कोरिया त यसरी मिल्दैछन् । हामी किन नमिल्ने, हामी पनि मिलौं न त, उनीहरूजस्तै ।

**विक्रम गौतम**

बरु दुई कोरिया मिलिसके । हाम्रा दुई दल मिल्न कति गाह्रो ?

**मधुरमण आचार्य**

तेस्रो विश्वयुद्धको चाहनामा आतुर अमेरिकाका अगाडि दुई कोरियाबीच जुन किसिमको मित्रता देखिएको छ, त्यसबाट युरोपेलीहरू आफैं त्रसित हुन सक्छन् । नेपाल-भारत-चीनबीच प्रगाढ मित्रता कायम हुन सक्यो भने विश्वले खोजेको आधुनिकता सजिलै प्राप्त हुन्छ ।

**एन निरौला**

चीन र नेपालको सम्बन्ध सुध्रिँदा भारतलाई उकुसमुकुस भएजस्तै भा'होला अहिले अमेरिकालाई उत्तर र दक्षिण कोरिया मिलेको देखेर ।

**खगेन्द्र अधिकारी**

नेपाल र भारतको सम्बन्ध उत्तर कोरिया र दक्षिण कोरिया वा क्युवा र अमेरिकाको जस्तो हुनुपर्ने हो ? गम्भीर ढंगले सोचौं ।

**सकारात्मक सोच**

उत्तर कोरियाले घडीको सुई घुमाएर र दक्षिण कोरियाले लाउड स्पिकर हटाएर दुवै देशको धेरै वर्ष लामो दुस्मनी अन्त्य गरी एकतामा जानु साह्रै उत्तम ।

**भावना न्यौपाने**

उत्तर कोरिया र दक्षिण कोरियाजस्ता शत्रु राष्ट्रले सारा विश्वकै ध्यान खिच्दै सम्बन्ध सुधार गरेर तेस्रो विश्वयुद्ध गराउन चाहने अमेरिका र युरोपेली देशहरूलाई चकित बनाइदिए, यता चीन र भारतले सम्बन्ध सुधार गरेर दुई देशबीचको तिक्तता मेटाए, अमेरिकी साम्राज्यवाद यतिबेला मौन बस्न बाध्य हुनुपर्‍यो ।

**नेपाल टीबीएन**

उत्तर र दक्षिण कोरिया इतिहास रच्ने मोडमा पुगेका छन् । सफलता मिलोस् । शान्ति मार्गमा कतै तगारो उत्पन्न भएन भने एसियाको अर्थतन्त्र हराभरा हुने निश्चित छ । त्यतिमात्र होइन, विश्व अर्थराजनीतिले छुट्टै धार पक्रनेमा कुनै शंका छैन– जय शान्ति ।

**बलराम रिमाल**

उत्तर र दक्षिण कोरिया मिलिसके, यहाँ मोदी नेपाल आउन लाग्दा एमालेलाई गाली गरिरा'छन् । मोदी नेपाल आउँदा राष्ट्रघात चैं कसरी हुन्छ ? ओलीलाई जति सम्मान दिएको थियो भारतले, त्योभन्दा बढी सम्मान दिन् हुँदैन र देश हितविपरीत सम्झौता गर्नु हुन्न । स्वाभिमानलाई बिर्सनु हुन्न, राष्ट्रवाद आफैं देखिन्छ ।

**निर्मल भण्डारी**

बरु उत्तर कोरिया र दक्षिण कोरियाको विचार मिल्छ होला । अमेरिका र रूसको विचार मिल्छ होला । उत्तर कोरिया र अमेरिकाको विचार मिल्छ होला, तर पार्टी एकताको हौवा फैलाउने एमाले र माओवादीको सैद्धान्तिक एवं राजनीतिक विचार छेउ-टुप्पो मिल्दैन, कसरी हुन्छ पार्टी एकता ? यिनीहरू एक हुन पहिले विचार मिल्नुपर्छ ।

**ओमकुमार थापा**

अमेरिकी अर्थतन्त्रको सबैभन्दा ठूलो हिस्साका रूपमा रहेको हतियारको व्यापारमा ठूलै आँच आउने गरी उत्तर र दक्षिण कोरियाबीचको सम्बन्ध सुधारको प्रयास, अमेरिकाका लागि निल्नु न ओकल्नुभएको छ ।

**भरत दाहाल**

SEE(SLC) 075 भर्ना खुल्यो !!!
का साथै कक्षा ८ र १० मा
के ?
★ कक्षा ९, Test तथा SLC फेल भई वा कक्षा ८ मात्र पास गरी स्कूल छाडेका तथा स्कूल जाने उमेर नाघेका विद्यार्थीहरुले यसै वर्ष SEE पास गर्न यस स्कूलमा भर्ना गरी ढुक्क भई पढ्नुहोस् ।
★ कक्षा ५ वा ६ मात्र पास गरेकाले कक्षा ८ मा भर्ना भई पढ्न पाउने र यस स्कुलबाट कक्षा ८ पास गरेका विद्यार्थीहरुले कक्षा ९ नपढी सिधै कक्षा १० पढी SEE दिन पाउने छन् ।
अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने
कक्षा समय: बिहान,दिउँसो, बेलुका
यातायात र होस्टेलको समेत सुविधा छ ।
सम्पर्क
SAHAYOGI PATHSHALA
(Alternative School)
भाटभटेनी चोक (चाइनिज एम्बेसी नजिकै)
Phone : 4415244
DIPLOMATIC OPEN SCHOOL
लगनखेल, मछिन्द्रनाथको रथ राख्ने चोक
Phone : 01-5527782, 9818258588

६१ कर्मचारी अर्जेन्ट
कामः अफिसभित्रै+घरैमालगी गर्नमिल्ने
No Interview 100% Job
योग्यताः साधारण लेखपढगर्न जान्ने/नजान्ने देखि Test SEE,+2 above महिलापुरुष गृहिणी विद्यार्थी अर्जेन्ट
सुविधाः खाजा, बसभाडा र बोनष
तलब: Parttime: 15,000-26,000/-
Fulltime: 26,000-35,000/-
Shift: Morning/Day/Evening/Night
नयाँ बसपार्क गोंगबुचोक आवास गेटभित्र
01-4363058, 9813586522
यो मार्केटिङ्ग जब होईन । जो कोहीले पनि गर्न मिल्ने

युवा मन

# कोही अरूजस्तै



सुविन भट्टराई

> मान्छे सबैभन्दा सुन्दर आफ्नै रूपमा हुन्छ । मान्छेको बौद्धिकता मौलिकतामा झल्कन्छ । ऊ त्यही परिचय चाहन्छ जो उसको नितान्त निजी होस् । फलानाको छोरा, फलानाकी श्रीमती, अथवा फलानाजस्तो भनेर अरूको परिचयको पुछारमा घुस्रिनुभन्दा आफ्नै परिचयको सिङ्गो र सगली अस्तित्वमा रमाउन चाहन्छ मान्छे, तर यो सबका लागि मानिसले आफूलाई आफैंजस्तोमात्र बनाउनुपर्छ ।

एउटा अन्तर्वार्ता दिँदै थिएँ । धेरै खालका प्रश्न सोधिए । प्रश्नअनुसारका जवाफ पनि दिएँ । अन्तर्वार्ताको करिब-करिब अन्त्यतिर पुग्दा एउटा प्रश्न आयो, ‘नयाँ आउने लेखकहरूलाई आफूजस्तै लेखक बन्न के सल्लाह दिनुहुन्छ ?’

बडो गम्भीर प्रश्न थियो त्यो, तर नौलो प्रश्न थिएन ।

धेरै पाठकले सोधिसक्नुभएको थियो, ‘तपाईंजस्तै कसरी लेख्ने ?’ जवाफमा म कतिको इमान्दार भएँ वा भइनँ, अहिले त्यो बिर्सिएँ तर त्यो अन्तरवार्ताका दौरान लाग्यो, मैले इमान्दार हुनैपर्छ । सधैंभरि पाठक (जो लेखक हुने इच्छा पनि राख्छन्) लाई म ललीपपजस्तो जवाफ दिएर खुसी बनाउन चाहन्नँ । मैले उनीहरूलाई इमान्दार भएर स्वस्थ किसिमको सल्लाह दिनैपर्छ ।

अन्तर्वार्तामा सोधिएको त्यो प्रश्नको जवाफमा मैले भनें, ‘कोही मजस्तै नहोस् । मेरो जस्तो नलेखोस् । मैले लेखेको पढोस् तर मैले लेखेजस्तो नलेखोस् । यो मेरो कुरा मात्र होइन । कोही कसैले अरू कसैको जस्तो नलेखोस् । कोही अरूजस्तो बन्नै नखोजोस् ।’

मान्छे सबैभन्दा सुन्दर आफ्नै रूपमा हुन्छ । मान्छेको बौद्धिकता मौलिकतामा झल्कन्छ । मान्छेको पहिचान जे हो त्यही स्थितिमा हुन्छ । आखिर मान्छेले चाहने पनि त्यही हो । ऊ त्यही परिचय चाहन्छ जो उसको नितान्त निजी होस् । फलानाको छोरा, फलानाकी श्रीमती, फलानाको साथी अथवा फलानाजस्तो भनेर अरूको परिचयको पुछारमा घुस्रिनुभन्दा आफ्नै परिचयको सिङ्गो र सगली अस्तित्वमा रमाउन चाहन्छ मान्छे, तर यो सबका लागि मानिसले आफूलाई आफैंजस्तोमात्र बनाउनुपर्छ ।

सुन्दा नमीठो लाग्ला । घमन्डी कुरा गर्‍यो भन्नुहोला । तँ को होस् ? भनेर पनि सोध्नुहोला, तर यथार्थ यही हो ।

एसएलसी दिएपछि ममा उपन्यास लेख्ने भूत सवार भयो । भर्खरै बीपी कोइरालाको हिटलर र यहुदी पढेर सिध्याएको थिएँ । त्यही पढेर प्रेरणा मिलेको थियो । उपन्यास पूरै बुझेको थिइनँ, तर मैले आफूले लेखेको उपन्यासमा बीपी कोइरालाकै शैली पछ्याएको थिएँ । करिब ४०-५० पेज लेखिसकेपछि आफैं पढेँ । मैले उपन्यास लेखेको होइन रहेछ, हिटलर र यहुदीले आफूमाथि पारेको प्रभाव लेखेको रहेछु । मेरो शैलीले बीपी कोइरालाको शैलीलाई पछ्याएको मात्र थियो । एउटा स्पष्ट नक्कल । बीपीको जत्तिको एक प्रतिशत पनि थिएन । नक्कल पनि कहीं राम्रो हुन्छ ?

कैयौं फिल्म स्टारका डुप्लिकेट टेलिभिजनमा आउँछन् र केही बेर मनोरञ्जन प्रदान गरेर जान्छन्, तर फिल्म स्टार जत्तिको महत्व तिनको हुँदैन । कोही अरूजस्तै बन्छु भन्दा त्यति हो बन्न सकिने ।

बजारमा एक चिज चल्छ, सबका सब त्यही चिजको नक्कल गरेर चल्न खोज्छन् । त्यो चल्ने त पहिलो थियो र चल्यो । नयाँ चिजप्रतिको उत्साह मानिसले सधैं देखाउँछन् । लस्करै त्यसकै नक्कल अरूले किन गर्नु ? बजारमा के चलिरहेको छ ? भन्दा पनि बजारमा के चिज खड्किरहेको छ ? त्यो पहिल्याउनुपर्छ । केही नयाँ गर्नुपर्छ । जोखिम त हरेक कुरामा हुन्छ । कसैलाई पछ्याउँदा पनि जोखिमै छ । चाहे सिनेमा होस्, चाहे गीत-संगीत होस्, चाहे व्यवसाय होस्, चाहे अरू नै कुनै क्षेत्र । पछ्याउने भन्दा नयाँ केही गरेर देखाउनेहरू नै सफल हुन्छन् । कसले के-के गर्‍यो ? यो चिजलाई ज्ञानमा राख्ने हो, तर के-के गरिनँ बाँकी छ ? भन्ने चिजलाई भने ध्यानमा राख्ने हो । किनभने अरू हिँडिसकेको बाटोमा हिँड्दा दोस्रो, तेस्रो, चौथो भइन्छ । आफूले बनाएको बाटोमा हिँड्दा पहिलो भइन्छ र सफलता पनि त्यही हो ।

मंगल होस्



मनोज गजुरेल

# हाँसोको मुहान खोज्दै जाँदा– १

(दाइ, नमस्ते । म एक नेपाली युवा । आफू, आफ्नो परिवार र देशलाई धेरै माया गर्छु, तर मायाले मात्र भात पाक्दो रहेनछ । त्यसैले अहिले म विदेशी भूमिमा रगत-पसिनासँग खुसी साटिरहेको छु । मेरो श्रम यात्राका सुख, दुःख, आँसु, हाँसो तपाईंको मनोज-रञ्जनात्मक स्तम्भ “मंगल होस्”मा श्रृंखलाबद्ध रूपमा साट्न चाहन्छु, कृपया नाईं नभन्नु ल ! )

> भित्र छिर्न त छिर्‍यो तर अब बोर्डिङ पास कता, थाहा हुँदैन । एउटालाई सोध्यो, ऊ पनि नयाँ । अर्कालाई सोध्यो, बोल्न पैसा लाग्लाझैं गर्छ । मजस्तै मजदुरको लाइन हुन्छ । उसैको पछाडि उभिन्छु, अगाडि जा भन्छ । अगाडि जान्छु, पछाडि बस् भन्छ ।

राम्रो कम्पनी’, ‘सजिलो जागिर’, ‘दुई दिन साप्ताहिक छुट्टी’, ‘वर्ष-वर्षमा घरबिदा’, ‘टन्नै ओभर टाइम’, –यस्ता थुप्रै सपना देखाएको थियो उसले । ऊ अर्थात् मेरै गाउँको म्यानपावर एजेन्ट । पासपोर्ट र २५ हजार रुपैयाँ बैना लिंदै उसले भनेको थियो– एक हप्तामा मेडिकल हुन्छ, दस दिनभित्र भिसा झर्छ, पन्ध दिनभित्रमा उडाइसक्छु । यद्यपि एक वर्षसम्म न भिसा झर्‍यो, न त पैसा फिर्ता गर्‍यो । २५ हजार रुपैयाँको ब्याज तिर्न आमाले घरको बाख्रा बेच्नुपर्‍यो ।

पासपोर्ट फिर्ता मागौं फोन उठाउँदैन । उठाइहाल्यो भने ‘काम हुँदैछ’ भन्छ । ‘कैले हुन्छ ?’ भन्दा ‘हुनासाथ खबर गर्छु’ भन्छ । कुर्‍यो कुर्‍यो, न खबर आउँछ, न फोन आउँछ । मैले फोन गर्दा झ्याप्पै काटिदिन्छ । भेट्न खोज्यो, अहिले बाहिर छु भनेर दिउँसै ढाँटिदिन्छ ।

सुनेअनुसार उसले मजस्ता १ सय जनासँग २५-२५ हजार रुपैयाँ लिएको हुन्छ । १ सय इन्टु २५ हजार इजिकल्टु २५ लाख रुपैयाँ बैंकलाई दिन्छ । यता हामीलाई झुलाउनसम्म झुलाउँछ । उता हाम्रो पैसाले बैंकमा ब्याज फलाउँछ । हामीलाई ‘तिम्रो काम हुँदैछ’ भन्छ, खासमा उता उसको काम हुँदै हुन्छ । बोल्न सक्नेलाई किस्ता-किस्तामा पैसा फिर्ता दिन्छ । नसक्नेलाई पैसा माग्दा सातो लिन्छ ।

भिसा आउनै लाग्यो, आइज भन्छ । गयो, १५ दिन पर्ख भन्छ । गाउँको मान्छे, पैसा हुन्न । साथीभाइ खोज्यो, बात मार्दै बस्यो । आफन्त खोज्यो, भात मार्दै बस्यो । दोहोर्‍याएर गयो, ‘खाएर आयौ होला, हामी त खान थाल्यौं’ भन्छन् । खाएको छैन भन्यो भने, पाउरोटी दिन्छन् ।

भाग्य बलियो छ भने वर्ष दिनपछि भिसा आउँछ । उता विदेश जाने भिसा आउँछ । यता ऋण खोज्दा दिसा आउँछ । बाबाको औंठी बेच्यो । मम्मीको तिलहरी जाकटी राख्यो । पैसा लगेर म्यान पावरलाई दियो । उड्ने दिन आउँछ । कम्पनीको टोपी भिराएर एयरपोर्ट पुर्‍याउँछ ।

भित्र छिर्न त छिर्‍यो तर अब बोर्डिङ पास कता, थाहा हुँदैन । एउटालाई सोध्यो, ऊ पनि नयाँ । अर्कालाई सोध्यो, बोल्न पैसा लाग्लाझैं गर्छ । मजस्तै मजदुरको लाइन हुन्छ । उसैको पछाडि उभिन्छु, अगाडि जा भन्छ । अगाडि जान्छु, पछाडि बस् भन्छ । बल्ल बल्ल बोर्डिङ पास मिल्छ । साथीहरूलाई पछ् याउँछु ।

सुकिला-मुकिलाको लाइन छुट्टै । श्रमिक कामदारको छुट्टै । इमिग्रेसन भन्दा रहेछन्, त्यसलाई । बुबाको उमेरका हाकिम हुँदा रहेछन् । पावरवाला चस्मा धडेका, आँखा भित्र गढेका, पद हेर्दा निकै पढेका, बेहोरा हेर्दा पढ्दै नपढेका । बोल्दा पनि पैसा लाग्लाजस्तो गर्ने । बोल्दा पनि सातो लिने खालका । नबोल्दा पनि बातो बसाउने खालका । ‘कहाँ जान लागेको ?’ सोध्दा पनि स्वास्नीलाई सोधेजस्तो । छाप लगाउँदा पनि गोदेजस्तो । यो देखा भन्छ, त्यो देखा भन्छ । यस्तो पुगेन भन्छ । त्यस्तो पुगेन भन्छ । के नपुगेको हो ? न म प्रस्ट बुझ्छु, न त ऊ स्पष्ट भन्न सक्छ ।


कसो-कसो त्यो ज्यामद्वार पार गर्छु । त्यसपछि घरभन्दा ठूलो जहाज चढ्छु । जहाज चढेपछि मलाई बल्ल मान्छे भएको अनुभूति हुन्छ । किनभने जहाजका ‘वेटर’हरूले मुसुक्क गर्दै ‘नमस्ते’, ‘हजुर’, ‘सर’ जस्ता सम्मानित शब्द बोल्छन् । अघिको ठुस्स परेको इमिग्रेसन अफिसरभन्दा हजार गुणा ठिक लाग्छन् यी एयर होस्टेजहरू ।

म एक वैदेशिक रोजगारीमा हिंडेको श्रमिक । जहाजमा के-के दशा भोग्नुपर्छ । विदेशी इमिग्रेसनमा कस्तो अनुभव हुन्छ । कम्पनी, काम, तलब, रेमिट्यान्स, बिदा, स्वदेशको झम्झना.....सबै बिषयमा क्रमशः सुनाउँदै जानेछु, ‘मंगल होस्’का आगामी अंकमा ।




यात्रा सन्दर्भ

# सन्दर्भमा हाम्रो सहर



किशोर नेपाल

केतक र केतकी विगत केही वर्षदेखि राजधानीबाहिर बसेका छन् । हुम्लामा उनीहरूको घर छ । त्यहीं बसेर केतक-केतकी हुम्ला घुम्न आउने पर्यटकहरूको आइटनरी बनाउने काम गर्छन् । अधिकांश पर्यटक मानसरोवर जान चाहन्छन् । मानसरोवर यात्राको उद्देश्य धर्म मात्र नभएर प्राकृतिक रहस्यको खोजी पनि हुन्थ्यो ।

उहिले नेपालका पहाड-मधेस कुना-कन्दरामा बस्ने मानिसहरू शरद् ऋतुको पूर्णिमापछि काठमाडौं आउँथे । जान्ने-सुन्नेहरू यसै भन्छन् । यसपटक केतक र केतकीले पनि काठमाडौं भ्रमणको कार्यक्रम बनाएका थिए । काठमाडौ भ्रमणमा जान चाहनेहरूले निकै तयारी गर्नुपर्थ्यो, किनभने काठमाडौंमा त्यतिबेला होटल त थिए, तर पर्याप्त र राम्रा होटल थिएनन् । काठमाडौंमा पाटीपौवाको संख्या धेरै भएकाले सामान्य बसोबासका लागि चिन्ता थिएन । उति बेला काठमाडौंको यात्रामा आएका केतक र केतकी निकै खुसी थिए । उनीहरू यसपटक झन् खुसी थिए । एक हिसाबले यो देवताको वैज्ञानिकीकरणको कार्यक्रम थियो, जसलाई दुवैले ठूलो सोच-विचारका साथ तय गरेका थिए ।

शरद् पूर्णिमापछि काठमाडौंमा राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मेलाहरूको आयोजना गरिँदै थियो । मेलामा हिन्दू, बौद्ध, इस्लाम र खिस्तान सबै धर्मावलम्बी देशका महामहिम राष्ट्राध्यक्ष एवं प्रदेश प्रमुखहरू सपरिवार उपस्थिति हुनेवाला थिए । केतक दम्पती यो अवसर छुटाउन चाहँदैनथ्यो । ट्रिप एडभाइजरले उनीहरूको ट्राभल आइटनरी तयार पारिसकेको थियो । भर्खर खोलिएका होटल लाँकुरीको हिमाल अन द रिजमा सुपर डिलक्स रुम बुक गरिएको थियो । यहाँका रोचक र मनोरन्जक स्थलहरू, सुन्दर धार्मिक मन्दिर, गुम्बा, मस्जिद र चर्चहरू, नेसनल पार्कहरू, ऱ्याफ्टिङ र रकिङका लागि नदीहरू, सेन्टर र मलका नाममा खुलेका आधुनिक बजारहरू– घुमघामका लागि धेरै स्थान र क्षेत्र समेटिएको थियो । इन्टरनेटको सहयोगले आधुनिक मानव जीवनका सुख र विलासका बारेमा जानकारी पाउनु सजिलो थियो । डब्लिनमा बसेर डिल्लीबजारका गोपाल दाइको चटामरी पसलमा के-के पाइन्छ, पत्ता लाउन सहज थियो । पर्यटकहरू ती सबै सुख र विलास भोग्न चाहन्थे । हरेक मानिसमा सुख र विलासको भोग गर्ने ज्यूँदो कामना थियो । काठमाडौंको रस-तरंगमा खासै अनुराग नभए पनि पर्यटकहरू आदिकल्पदेखि उत्तरकल्प, मध्यकल्प हुँदै अहिले नवकल्पमा आइपुग्दासम्म काठमाडौंको चित्र आफ्नो आँखामा उतार्न चाहन्थे ।

पहाड, मधेस, हिमाल, तराई, खोच र खण्डहरमा पर्यटकहरूको रुचि ज्यादै थियो । उनीहरू काठमाडौंमा बुनेको पस्मिनाको पछ्यौरी ओढेर-गाँजा पिउँथे । चरस खाएर काठमाडौंमा समय बिताउन चाहन्थे । धेरैको भ्रमण कार्यक्रम देखेर पर्यटन व्यवसायी नै अलमलमा परेका थिए । उनीहरूको सिन्डिकेट तोडिएको थियो । भाग्ने उपाय थिएन । मन्त्री लालबाबु पण्डित जोसका साथ देशघातीहरूलाई पक्रिन तयार बसेका थिए ।

केतक र केतकी काठमाडौं भ्रमणमा निस्किए । उनीहरू भोकाएका थिए । केतकले सडकपेटीमा कुनै गीतको धुनमा पुट्ठो हल्लाइरहेको एक युवकसँग सोध्यो– काठमाडौंमा भोक लागेका बेला के खाजा खान्छन् ? जवाफमा उसले भन्यो– मःम । यो सहरमा खान नपाइने त केही छैन, तर मःमचाहिँ मदमस्त हुन्छ । केतकले केटालाई धन्यवाद दियो । त्यसपछि उनीहरू लागे ज्याठातिर । ज्याठाको प्रकृति स्थानमै रहेछ एउटा मःम पसल । उनीहरूले त्यही गएर एकएक प्लेट मःम बजाए ।

मःमको स्वाद डकारिसकेपछि उनीहरू चारुमतीको स्तूप हेर्न चाबहिलतिर हिंडे । काठमाडौंमा मेलम्चीबाट पानी ल्याएर जनताको तिर्खा मेट्न सन् १९९० देखि नै सरकारहरूले मेलम्ची आयोजनाको तयारी र चटपट गरेका थिए । पहिले त मानिसहरूले मेलम्ची खोलाको पानी काठमाडौं ल्याउने सरकारको कुरै पत्याएनन् । अहिले पनि पत्याएका छैनन् । यसको अर्थ हो– काठमाडौंको सडकमा मेलम्चीको पानी छ्यालब्याल भएर बाग्मतीमा बाढी नआएसम्म सरकारको कुरा पत्याउने मानिस कमै छन् । केतक यस्तै के-के सोचिरहेको थियो, केतकी पाहा पछारिएजस्तो पछारिई । सडक चिप्लो थियो । उनीहरू ट्याक्सी चढेर हतार-हतार होटलतिर लागे ।



नेपालबाट राजतन्त्र मासिएको एक दशक भैसकेको थियो । राजदरबारबाट महाराज-महारानीले आफ्नो डेरा-डन्डा सारिसकेका थिए । युवराज, राजकुमार, अधिराजकुमारी सबै भूतपूर्व भएका थिए । राजा पनि भूतपूर्व हुने रहेछन् भन्ने कल्पना केतकले गरेको थिएन । केतकी भूतपूर्व राजाकी छोरी भूतपूर्व अधिराजकुमारी कल्पतरुसँग भेट्न चाहन्थी । कल्पतरु उसको पुरानी साथी थिई जोसँग ऊ बेलाबेलामा वाइन पिउँथी । अधिराजकुमारी छउन्जेल सुन्दरीहरूको सुकोमल हातबाट शरीरमा तेल मालिस गराउँथी कल्पतरु । पैसावालहरू काठमाडौंमा देह सुखभोग गर्नुअघि आफूलाई मद र मदनोन्मत्त तुल्याउँथे ।

केतकीले त्यसै दिन भेट गरी कल्पतरुसँग ।

गणतन्त्र नेपालको राजधानीमा सञ्चारका अनेकौं सुविधा थिए । टेलिफोन, मोबाइल, इन्टरनेट, वाकीटकी कुनै कुराको अभाव थिएन, तर सरकारका अधिकारीहरूलाई 'नागरिक' बन्न लागेका प्रजालाई कार्यकक्षमै बोलाएर प्रत्यक्ष संवाद गर्ने आदेश दिएका थिए धर्माधिकारीले । केतकलाई साथीहरूले फर्कंदा महँगा विदेशी मदिरा र सुगन्धित पदार्थहरू ल्याउन आदेशपूर्ण अनुरोध गरेका थिए । यो संसारको कुनै पनि भागमा भोगको, अधिकारको र विलासको इच्छा नराख्ने कोही छैन । सबैलाई त्यही चाहिएको छ ।

## प्रतिक्रिया

घटनाको यति दिन बितिसक्दा पनि अझै सुन भित्र्याउने योजनाकार पत्ता नलाग्नु रहस्यमय छ (फ्रन्टपेज : सुनको पासो) । आगामी अंकमा यसको थप घटना क्रमलाई पनि स्थान दिइयोस् ।

**शेखर कार्की**

सकेसम्म छोरी मान्छेले गर्भपतन नगर्नुहोला (यौन जिज्ञासा र समाधान : के गर्भपतनले बाँझोपन गराउँछ ?) । गर्भ बस्नुभन्दा अघि पर्याप्त होस पुऱ्याउनुपर्छ । डाक्टरको सल्लाहअनुसार अस्थायी साधन प्रयोग गर्नुपर्छ । मैले देखेका केसअनुसार गर्भपतनपछि गर्भ रहन गाह्रो हुन्छ । कतिपयको त आजन्म बाँझोपन भएको पनि देखें । त्यसैले सकेसम्म गर्भपतन नगरौं । एकातिर भ्रूणहत्याको पाप, अर्कातिर स्वास्थ्यलाई हानि ।

**नयना ठकुरी**

सिन्डिकेट खारेज गरेर के गर्नु, त्यही रुटमा अर्को खाली गाडीले आउँदा-आउँदै यात्रु हालेको देख्न नसकेर अगाडिको गाडी चालकले उक्त गाडी चालकलाई पिटौंलाझैं, मारौंलाझैं गर्दा रहेछन् (साइबर फिडब्याक) । वास्तवमा भन्ने हो भने एउटा गाडी चालकले अर्को गाडी चालकप्रति गर्ने दुर्व्यवहार पनि हटाउनु जरुरी छ । नत्र ठूला कुरा फलाकेर मात्र के अर्थ ?

**बोधनाथ पौडेल**

नेपालमा कृषिको प्रशस्त सम्भावना छ (समय सन्दर्भ : बेरोजगार भविष्य र हाम्रा सन्तति) । आधुनिक तरिकाले खेती गर्ने हो भने त्यसै भोकै बस्नु पर्दैन । न त नेपालीहरूले बिदेसिनु नै पर्छ । नेपालमा यस्ता थुप्रै क्षेत्र छन्, जहाँ कामदारहरूको अझै कमी छ ।

**दानबहादुर रजौरे**

जीवन डरमा बाँचेको छ सुबिनजी (युवा मन : डर) । हो, हामी नचाहिने कुरामा हिम्मत देखाउँछौं । चाहिने कुरामा डराउँछौं । यो बानी भने सुधार्न सकिएन ।

**गोविन्द पौडेल**

सरल र सहज भाषाशैलीमा गम्भीर विषयवस्तुको उठान गर्ने लेखकप्रति साधुवाद (मुक्त आकाश : थुइक्क हाम्रो बुद्धि !) । एकदम राम्रो लेखका लागि धेरै-धेरै धन्यवाद ।

**प्रनिष गिरी, उत्तम बजगाई**

**जीवन कार्की**

अन्य खेलको तुलनामा जुडोमा उल्लेख्य प्रगति नभएको पाइयो (खेलकुद : नेपालले धेरै सिक्न बाँकी) । जुडोप्रति ठूलो क्रेज पनि देखिँदैन । नेपाल र बाहिर हुने प्रतिस्पर्धाहरूमा हाम्रा खेलाडीहरूले जित हात पारून् ।

**दीपक ढुंगाना**

एउटा फोटोले फेरिएको जिन्दगी (हिरो छान्दै तरकारीवाली कुसुम) । मानिसलाई समयले नसोचेको ठाउँमा पुऱ्याउँछ ।

**डिल्ली लिम्बू**

म नम्रता श्रेष्ठको ठूलो प्रशंसक हुँ (नम्रताको चरित्र) । उनी सुन्दर र प्रतिभाशाली छिन् ।

**राकेशमान मिश्र**

फेसबुक फन्डा रमाइलो लाग्यो ।

**निरज भुजेल**

सानो देश पनि कसरी समृद्ध बन्न सक्छ भन्ने उदाहरण हो, सिंगापुर (तथ्य-सत्य महँगा सहरहरू) । खासगरी तेस्रो विश्वले सिंगापुरबाट धेरै कुरा सिक्न सक्छ ।

**सुवास खरेल**

सुरक्षा मामिलामा चीन एकदमै संवेदनशील छ (पत्याउनुहुन्छ ?) । राष्ट्रिय सुरक्षा शैक्षिक संग्रहालयले पनि त्यही नीति अपनाएको होला ।

**विष्णु आचार्य**

बेलायती रेस्टुराँको कस्तो अनौठो समाचार (चिकेनकरीसँग विवाह प्रस्ताव) ? चिकेनकरीसँग पनि विवाह प्रस्ताव राख्न मिल्दो रहेछ ?

**पदम तमु**

यो कार्यक्रम राम्रो लाग्यो (पोखरामा पुस्तक साटासाट) । अन्य गाउँ-सहरतिर पनि यस्तै प्रकारका कार्यक्रम सञ्चालन गर्नु उपयुक्त हुन्छ ।

**सुरेश सुब्बा**

साजिद जीलाई बधाई छ (मिस इन्टरनेसनलमा साजिद) । म्यानमारमा नेपालको उपस्थिति बलियो होस् । तपाईंलाई सफलता मिलोस् ।

**विनोद अमात्य**

अभिनेता बन्न चाहने नेताहरूका बारेमा पढ्दा रमाइलो लाग्यो (प्रसंग : अभिनेता बन्न चाहने नेताहरू) । साप्ताहिकमा यस्तै रोचक लेख पढ्न पाइयोस् ।

**सुशीला काफ्ले**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook facebook.com/kantipursaptahik



तस्बिर : महेश प्रधान

● जसीता गुरुङ, अभिनेत्री

# प्रेममा परेकै छैन, कसरी धोका खानु ?

२१ वर्षअघि बाँझपाटन, पोखरामा जन्मिएकी जसीता गुरुङ यतिबेला नेपाली चलचित्रमा स्थापित हुने क्रममा छिन् । चैत अन्तमा प्रदर्शित चलचित्र "लिलिबिली" मार्फत रजतपटमा पदार्पण गर्ने यी अभिनेत्री एउटै चलचित्रमार्फत दर्शकको मन जित्न सफल भएकी छिन् । चलचित्र प्रदर्शन भएको दुई साताको अवधिमा झन्डै एक दर्जन नयाँ चलचित्रबाट अभिनयको प्रस्ताव पाउने यी भाग्यमानी अभिनेत्री पछिल्लो एक दशकदेखि बुवा-आमासँग बेलायतमा छिन् । लिलिबिलीको छायांकन तथा प्रदर्शनका लागि झन्डै तीन महिनाअघि काठमाडौं आएर अघिल्लो मंगलबार बेलायत फर्किएकी जसीताले साप्ताहिकका कृष्ण भट्टराईसँग लामै कुराकानी गरेकी थिइन् :

**यसपटकको नेपाल बसाइ कस्तो रह्यो ?**

अघिल्लो पटक नेपाल आउँदा म चलचित्रमा अनुबन्ध भएकी एउटी नयाँ अनुहारमा सीमित थिएँ । त्यसअघि नेपाल आउँदा म नेपाली अभिभावककी एउटी छोरीका रूपमा चिनिन्थें । यसपटक भने नेपाली चलचित्रकी अभिनेत्रीका रूपमा नेपाल आएँ । त्यो हिसाबले मेरो यसपटकको नेपाल बसाइ अत्यन्त फलदायी रह्यो ।

**लिलिबिली प्रदर्शन हुनुभन्दा अघि र पछिकी जसीतामा के अन्तर छ ?**

चलचित्र लिलिबिली प्रदर्शन हुनुभन्दा अघि म नेपाली चलचित्रकै लागि नयाँ अनुहार थिएँ । चलचित्र प्रदर्शन भएपछि मलाई दर्शकहरूले सम्मान दिनुभयो । नेपाली चलचित्र उद्योगको एउटा सदस्यका रूपमा चिनिन पाएँ ।

पृष्ठ ७ मा






# एसईईपछिका सौन्दर्य प्रतियोगिताको क्रेज

रोजिन शाक्य



गत चैत ८ गते आरम्भ भै चैत १७ गते सम्पन्न यस पटकको एसईई परीक्षामा ४ लाख ८५ हजार ५ सय ८६ जना परीक्षार्थी सहभागी थिए, जसमा नियमिततर्फ ४ लाख ६१ हजार ५ सय १५ तथा एक्जेम्टेडतर्फ २४ हजार ७१ जना परीक्षार्थी सहभागी भएको बताइन्छ ।

यद्यपि हामीले गर्न लागेको कुरा चैत १७ पछि र एसईई परीक्षाको नतिजा प्रकाशन हुनुपूर्वको करिब तीन महिनाको समयावधिको हो । खाली दिमाग शैतानको घर भनेझैं सम्भवतः कोही पनि यत्तिकै समय खेर फाल्न चाहँदैनन् न त अविभावकहरूले नै त्यसो गर्न दिन्छन् । यो समयको सदुपयोग गर्ने अनेकन् उपायमध्ये ब्रिज कोर्स, ल्याङ्ग्वेज कोर्स, कम्प्युटर कोर्स, नृत्य, अभिनय, संगीत तथा गायन कक्षा, फिटनेस क्लास, जुम्बा वा साल्सा क्लास, व्यक्तित्व विकासका कक्षा, कम्युनिकेसन स्किल्सका कक्षा, सिलाइबुनाइसम्बन्धी सीपको तालिम, मोडलिङको तालिम, स्थलगत भ्रमण, लामो भ्याकेसन आदिले प्राथमिकता पाउने गरेको छ । यही सन्दर्भमा थालनी भयो एसएलसीका परीक्षार्थी, त्यसमा पनि छात्राहरूमा केन्द्रित बौद्धिकता, प्रतिभा र सुन्दरता मापनको प्रतियोगिता । अहिले छात्र-छात्रा दुवैमा केन्द्रित यस्ता प्रतियोगिताको लहर नै चलेको पाइन्छ ।

**प्रतियोगिताको थालनीदेखि आजसम्म**

हुन त नेपालमा सौन्दर्य प्रतियोगिताको मामिलामा सबैभन्दा जेठो प्रतियोगिता मिस नेपाल नै हो, त्यसभन्दा अघि लिटिल लेडी ट्यालेन्ट शो नामबाट स्कुल अध्ययनरत बालिकाहरूमा केन्द्रित प्रतियोगिताले सौन्दर्य प्रतियोगिताको जग बसालेको देखिन्छ । सन् १९८८ मा प्रारम्भ भएको लिटिल लेडी ट्यालेन्ट शो आजको मितिसम्ममा विभिन्न शीर्षक, आधार र मापदण्डमा दर्जनौं प्रतियोगिता सञ्चालन भैसकेका छन् । एसएलसी परीक्षार्थीहरूमा केन्द्रित रहेर सौन्दर्य प्रतियोगिताको थालनी भएको वर्ष भने सन् २०११ हो । सिजन मिडियाले यो अवधारणामा सबैभन्दा पहिले प्रतियोगिता सञ्चालन गरेको हो । प्रतियोगिताको शीर्षक थियो 'एसएलसी प्रिन्सेस-२०११' र त्यसको नारा थियो अ गेटवे फोर हायर एजुकेसन एन्ड क्यारियर । प्रतियोगिताको तयारी र प्रशिक्षण अवधिमा ब्रिज कोर्स जसमा अंग्रेजी, गणित र विज्ञान विषयको तयारीलाई मुख्य आधार बनाइयो । स्टेज पर्फमेन्स, व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, विभिन्न शैक्षिक संस्थाहरूको स्थलगत भ्रमण, क्यारियर काउन्सिलिङ, शैक्षिक भ्रमण, विभिन्न सामाजिक कार्यक्रमहरूमा सहभागिता, सेलिब्रेटीसँगको साक्षात्कार, फिटनेस, फेसन, सौन्दर्य, पौडीका कक्षा आदिले यो प्रतियोगिताको रूपरेखालाई अरुभन्दा फरक र उपयोगी बनाएको थियो । त्यसपछिका दिनमा अर्थात् दोस्रो वर्षमा आउँदा सिजन मिडिया मात्र एक्लो संस्था रहेन एसएलसी परीक्षार्थीमा केन्द्रित सौन्दर्य प्रतियोगिता सञ्चालन गर्ने ।

दोस्रो वर्ष अर्थात् वर्ष २०१२ मा सिजन मिडियासँगै थपियो बन्दना कला केन्द्र र उसको आयोजनामा सञ्चालन भयो– मिस एसएलसी २०१२ प्रतियोगिता । वर्ष २०१३ मा पुग्दा द फेसन प्लसको आयोजनामा थपियो मिस एसएलसी नेपाल-२०१३ । वर्ष २०१४ मा यस्ता प्रतियोतिगाको संख्या ७ पुग्यो ।

गत वर्षदेखि एसएलसी परीक्षाको नाम, प्रयोजन र आधार परिवर्तन भयो एसईई अर्थात् सेकेन्डरी एजुकेसन एग्जामका रूपमा । यसैका आधारमा एसएलसी सौन्दर्य प्रतियोगिता पनि परिवर्तन भए एसईई सौन्दर्य प्रतियोगिताका रूपमा । यस्ता प्रतियोगिता थालनी भएको आठौं वर्ष पुग्दा एसईई छात्र-छात्राहरूमा केन्द्रित प्रतियोगिताको संख्या ह्वात्तै बढेको पाइन्छ । राजधानीमा मात्र दुई दर्जनभन्दा बढी प्रतियोगिताको तयारी चलिरहेको छ भने मोफसलका विभिन्न क्षेत्रमा पनि यसको क्रेज बढेको देख्न सकिन्छ । राजधानी तथा मोफसल जोडेर यो वर्ष घोषणा भएका प्रतिस्पर्धाको संख्या पचासभन्दा बढी छ ।

सिजन मिडियाले आफूले थालनी गरेको एसएलसी प्रिन्सेस प्रतियोगिताको आठौं संस्करणको घोषणासँगै तयारी अघि बढाइसकेको छ । एसईईसित जोडिएका सौन्दर्य प्रतियोगिताहरूमध्ये अहिले अधिकांशको अडिसन चलिरहेको छ भने केहीको प्रशिक्षणसमेत थालनी भैसकेको अवस्था छ । इभेन्ट्स नेपालको आयोजनामा सञ्चालन हुने मिस एसईई नेपाल र एसएलसी प्रिन्स तथा प्लान बी इन्कको आयोजनामा सञ्चालन हुने मिस्टर एन्ड मिस एसईई ग्लोबल भने राजधानीको अडिसन सम्पन्न गरेर देश दौडाहामा निस्किएका छन्, जसअन्तर्गत देशका विभिन्न सहरमा अडिसन सञ्चालन गरिएको छ । विगतका वर्षमा यस प्रकारको आयोजना सञ्चालन गर्ने संस्थाहरूसँगै यो वर्ष दुई दर्जनभन्दा बढी आयोजना थपिएका छन् । यस क्रममा उस्तै नाम मात्र नभएर एउटै शीर्षकमा फरक-फरक संस्थाले फरक-फरक प्रतिस्पर्धा सञ्चालनमा ल्याएका छन् ।

यसअन्तर्गत मिस्टर एन्ड मिस एसईई नेपाल शीर्षकमा गोस्पेल मल्टिमिडियाले पोखरा केन्द्रित गरेर आफ्नो चौथो संस्करणको प्रतियोगिता सञ्चालनमा ल्याएको छ भने राजधानी केन्द्रित भएर ग्रिन आर्ट्स मिडियाले पनि मिस्टर एन्ड मिस एसईई नेपाल शीर्षकको प्रतियोगिता फ्लोरमा ल्याएको छ । यसैगरी सेन्टर मिडिया प्वाइन्टले मिस एसईई-२०१८ शीर्षकमा आफ्नो सातौं संस्करण सञ्चालन गरिरहेको छ भने मिस एसईई २०७४ शीर्षकमा ओएसिस इन्टरटेनमेन्टले अर्को प्रतियोगिता सञ्चालनमा ल्याएको छ । यी त केही उदाहरण मात्र हुन् । यस्ता अधिकांश प्रतियोगिताको नाम उस्तै-उस्तै सुनिन्छ ।

## किन आकर्षण छ एसएलसी सौन्दर्य प्रतियोगितामा

गुणात्मक शिक्षाले विद्यार्थीको क्यारियरको संरचना तयार गर्छ भने अतिरिक्त क्रियाकलापले उक्त संरचनामा रंग भरेर त्यसको डिजाइनलाई आकर्षक बनाउने कार्य गर्छ । यस्ता प्रतियोगिताको उपयोगितालाई उल्लेखित कुरासित पनि जोडेर हेरिन्छ । यी आयोजनाको प्रचार सामग्रीमा उल्लेख भएअनुसार सहभागीले यस्ता प्रतियोगितामा खास गरी अंग्रेजी, गणित तथा विज्ञान विषयको ब्रिज कोर्सको तयारी, अंग्रेजी भाषाको आधारभूत कक्षा, व्यक्तित्व विकास, उद्घोषण, कम्युनिकेसल स्किल, नृत्य, गायन, संगीत, अभिनय, फिटनेस, चित्रकला, पौडी आदिको आधारभूत प्रशिक्षण, स्वास्थ्य परीक्षण, शैक्षिक भ्रमण, विभिन्न सामाजिक संस्था, सञ्चारगृह, वृद्धाश्रम आदिको स्थलगत भ्रमण, फोटोसेसन, फेसन र सौन्दर्यसम्बन्धी जानकारी, क्यारियर काउन्सिलिङ, स्टेज प्रस्तुतीकरणसम्बन्धी प्रशिक्षण, योग, ध्यान, जुम्बाजस्ता कुरामा सहभागिताको अवसर प्राप्त गर्छन् । त्यसबाहेक आयोजनासँग सम्बद्ध संस्थाहरूमा कम्प्युटर, फेसन डिजाइनिङ, मोडलिङ, एयर होस्टेज, ब्युटिसियन तालिममा विशेष छुटको व्यवस्थासँगै आयोजनासँग आबद्ध शैक्षिक संस्थाहरू विशेषतः दस जोड दुई र ए लेभलका कलेजहरूमा विशेष छुटदेखि आंशिक छात्रवृत्तिको व्यवस्थासमेत यस्ता कार्यक्रमको विशेषताका रूपमा प्रस्तुत भएको पाइन्छ । यीमध्ये पनि विजेता भएपछि प्राप्त हुने विभिन्न अवसर विशेषतः मिडिया प्रोमोसन, मोडलिङ आदिका साथै गिफ्ट ह्याम्पर, नगद पुरस्कार तथा आयोजनासित आबद्ध शैक्षिक संस्थाहरूमा उच्च शिक्षा अध्ययनमा पूर्ण वा आंशिक छात्रवृत्तिको व्यवस्थाले यस्ता आयोजनाप्रति सहभागीहरूलाई आकर्षित गरेको पाइन्छ । यसपटक त्यसमा थप विदेश भ्रमणको प्याकेज, स्कुटर, नगद तथा महँगा मोबाइल फोन आदि पुरस्कारको व्यवस्थाले यस्ता प्रतियोगिताको क्रेज बढाउन मलजल प्रदान गरेको छ ।

यी प्रतियोगिताहरूसित दस जोड दुई वा ए लेभल अध्यापन गराउने संस्थाहरू मुख्य प्रायोजक, प्रायोजक वा सहयोगिका रूपमा आबद्ध रहँदै आएका छन् । यी संस्थाहरूलाई हुने लाभ उनीहरूले यस्ता कार्यक्रमबाट सहभागी विधार्थीहरूमाझ प्रत्यक्ष रूपमा आफ्नो संस्था र त्यहाँ उपलब्ध हुने शिक्षा एवं सुविधाका सम्बन्धमा जानकारी प्रस्तुत गर्न पाउने अवसर प्राप्त हुन्छ, जुन अन्य विज्ञापनको तुलनामा प्रभावकारी सावित हुने गरेको छ । कारण यो डाइरेक्ट मार्केटिङ हुन्छ । विद्यार्थीवर्गले पनि यस्ता कार्यक्रमबाट कार्यक्रममा आबद्ध कलेजहरूका सम्बन्धमा जानकारी र काउन्सिलिङको सुविधा प्राप्त गर्छन् र केही छुटको लाभ पनि लिन सक्छन् । आयोजक संस्थालाई भने व्यवसायिक लाभ अर्थात सबैका लागि विन-विनको अवस्था ।

## आयोजना सम्बन्धितहरूको कुरा

साँगास्थित नेपाल प्रहरी स्कुलका प्रिन्सिपल नवीनमान श्रेष्ठको बुझाइमा यस्ता आयोजनामा कुनै पनि शैक्षिक संस्थाको प्रायोजन वा सहयोगि संस्थाका रुपमा आबद्धता आफ्नो संस्थाको ब्रान्ड प्रवर्द्धन हो । यो आयोजनाले लक्षित विद्यार्थी वर्गसम्म प्रत्यक्ष रूपमा पुग्ने अवसर पनि प्रदान गर्ने उनको अनुभव छ । यस्ता आयोजनासितको आफ्नो संस्थाको आबद्धतामा विद्यार्थीलाई पूर्ण वा आंशिक छात्रवृत्तिको व्यवस्था मिलाइने श्रेष्ठ बताउँछन् । यस्ता आयोजनाको संख्यात्मक वृद्धिले कर्मसियलाइजेन बढ्ने र अस्वस्थ प्रतिस्पर्धा वृद्धि भएर समस्या सिर्जना हुन सक्ने कुरामा भने प्रिन्सिपल श्रेष्ठले चिन्ता व्यक्त गरे ।

एसएलसी प्रिन्सेज आयोजनाको आठ वर्ष पुगेको अवस्थामा आफ्नो आयोजनालाई अरूभन्दा पृथक् र स्तरीय बनाउन चुनौती थपिएको सिजन मिडियाका प्रदीपराज वन्त बताउँछन् । सौन्दर्य प्रतियोगिता आयोजनामा नयाँ आयाम थप्ने र एसएलसी परीक्षापछि परीक्षार्थीको खाली समयको सदुपयोग गर्न आयोजित गरिएको एसएलसी प्रिन्सेस आजको स्थितिमा एउटा ब्रान्ड भैसकेको प्रदीपको दावी छ ।

एसईई परीक्षार्थी केन्द्रित आयोजना बढ्नुलाई जहाँ पुराना आयोजकहरू आफ्नो देखासिकी भन्छन् त्यहीं नयाँ आयोजकहरू आफ्नो आयोजनाको कसैसित प्रतिस्पर्धा नरहेको बताउँछन् । यद्यपि व्यवसायिक प्रतिस्पर्धालाई भने सबैले स्वीकार गर्छन् । यही वर्षदेखि थ्रीडी नेपालको व्यवस्थापनमा आफ्नो संस्था डिएम इन्टरटेनमेन्टको ब्यानरमा एसईई मोडल हन्टको थालनी गर्ने डेनी मगर आफ्नो कार्यक्रम अरुको भन्दा पृथक् हुने दाबी गर्छन् । अन्य आयोजनाभन्दा प्रस्तुति, प्रशिक्षण र प्रतिफलका दृष्टिले प्रभावकारी बनाउन उनले आफ्नो आयोजनामा इन्डियाज् नेक्स्ट टप मोडल सीजन थ्रीकी उपविजेता सविता कार्कीलाई आबद्ध गराएका छन् भने कोरियोग्राफरमा म्यानहन्ट इन्टरनेसनल नेपालका विजेता सनिश शाक्यलाई नियुक्त गरेका छन् ।

एसएलसी केन्द्रित प्रतियोगितात्मक कार्यक्रमको आयोजनाको पाँच वर्ष पुगेको अवस्थामा यस्ता आयोजना अकल्पनीय रूपले बढेको अवस्था छ । आयोजनाको प्रतिस्पर्धाले सहभागीहरूलाई गुणात्मक फाइदा पुऱ्याओस् भन्नेतर्फ सबैले सचेत हुनुपर्छ । व्यवसायिक विसंगतिले यसको स्तरीयता र यसबाट प्राप्त हुने प्रतिफलमा ह्रास आउनु हुँदैन । प्रतियोगितामा सहभागी भएपछि आफ्नो सक्षमता र आत्मविश्वासको पहिचान हुन्छ, आफ्ना कमी-कमजोरी तथा सबल पक्षहरूका बारेमा पनि जानकारी पाइन्छ भने अवसरका आयामहरूसित साक्षात्कार पनि भइन्छ । अतः यसमा इच्छा छ र केही नयाँ गर्ने सोच छ भने आफ्नो परीक्षणका लागि प्रयास गर्न सकिन्छ, तर हरेक पहेंलो धातु सुन हुँदैन भनेझैं सही र गलतको पहिचान गर्नु आवश्यक छ । कुनै पनि रूपले ठगिनु आफ्नै मुर्खता हुने भएकाले बुद्धिमानीपूर्वक अघि बढ्नु उपयुक्त हुन्छ ।

# प्रेममा परेकै छैन...

पृष्ठ ५ बाट

**पर्दामा आफैंलाई देख्दा कस्तो अनुभव गर्नुभयो ?**
मैले पहिलो पटक यो चलचित्र जापानमा हेरेकी थिएँ । अभिनेता प्रदीप खड्का तथा निर्माता गोविन्द शाहीसँग बसेर पहिलो पटक चलचित्र हेर्दा म निकै नर्भस थिएँ । चलचित्र हेर्दै जाँदा म अरू नै कसैको चलचित्र हेर्दैछु जस्तो लाग्यो । पर्दामा देखिएकी कलाकार म आफैं हो भन्ने विश्वास पनि भएन । पहिलो पटक रजतपटमा आफूलाई देख्दा आफैंप्रति विश्वास नभएको हुनसक्छ । यद्यपि दोस्रो पटक काठमाडौंमा चलचित्रका निर्देशक, कलाकार, सञ्चारकर्मी तथा दर्शकहरूसँग बसेर हेर्दा भने मेरो आँखामा खुसीका आँसु छचल्किएका थिए ।

**आफ्नो अभिनयप्रति के-कस्ता प्रतिक्रिया पाउनुभयो ?**
अधिकांश दर्शकले मेरो अभिनय शैली, मेरो सुन्दरता तथा मैले निर्वाह गरेको चरित्र मन पराएको पाएँ । कतिपयले मलाई वास्तविक जीवनमा भन्दा ठीक विपरीत चरित्र निर्वाह गरेको पनि भन्नुभयो । अभिनेता प्रदीप खड्कासँगको केमेस्ट्री मिलेको चर्चा पनि चल्यो ।

**खड्कासँग त अफेयरकै चर्चा छ त ?**
त्यस्तो चर्चा चल्नु सामान्य हो । प्रत्येक चलचित्रको प्रदर्शनअघि उक्त चलचित्रका अभिनेता र अभिनेत्रीको नाम जोडिनु नौलो कुरा होइन । हेर्दै जानुहोला, मैले दोस्रो-तेस्रो चलचित्रमा काम गर्दा ती चलचित्रका अभिनेतासँग पनि मेरो नाम जोडिन्छ । त्यसैले म यो कुरालाई अति नै सामान्य रूपमा लिन्छु । यद्यपि प्रदीप र म असल साथी भएका छौं भन्ने कुरामा दुईमत छैन ।

**लिलिबिलीलाई तपाई आफ्नो करियरको कुन प्वाइन्ट मान्नुहुन्छ ?**
यो बिगिनिङ प्वाइन्ट नै हो । पहिलो प्रयास नै सफल भएकाले यसले मेरो करियरलाई उचाइमा पुऱ्याउनेछ भन्ने आशा छ ।

**अब अर्को चलचित्र कहिले त ?**
सम्भवत: म २०७५ सालमै नयाँ चलचित्रमार्फत दर्शकमाझ आइसक्नेछु ।

**कस्ता चलचित्रबाट प्रस्ताव पाइरहनुभएको छ ?**
मैले एक दर्जनभन्दा बढी चलचित्रबाट प्रस्ताव पाइसकेकी छु । केही स्क्रिप्ट बेलायत लिएर जादैछु । तीमध्ये एक अथवा दुई चलचित्रमा अभिनय गर्ने सम्भावना प्रबल छ ।

**तपाईंले निर्वाह गर्न चाहेको**

**चलचित्रमा सक्रिय भएपछि बेलायत छाडेर नेपाल नै बस्नुपर्ने भयो भने ?**
मेरा लागि त्यो सबैभन्दा भाग्यशाली दिन हुनेछ । आफ्नो देशमा बसेर आफूलाई मन परेको काम गर्न पाउँदा कुन नेपाली खुसी नहोला ?

**प्रसंग बदलौं, तपाईंको नाम 'जसीता'को अर्थ के हो ?**
यसको वास्तविक अर्थ त मलाई पनि थाहा छैन, यद्यपि बुवा जस-राम गुरुङ तथा आमा सीता गुरुङकी छोरी भएकाले बुवाले नै जसीता नाम राखिदिनुभएको हो ।

**बेलायत गएको कति भयो ?**
म २००८ मा पहिलो पटक आमा र दाजुसँग बेलायत गएकी थिएँ । बुवा बेलायती सेनामा कार्यरत हुनुभएकाले हामी पोखराबाट उतै बसाइ सरेका थियौं । त्यतिबेला म कक्षा ७ अध्ययरत ११ वर्षकी बालिका थिएँ ।

**११ वर्षको उमेरमा बेलायत पुगेपछि त्यहाँको समाजसँग घुलमिल हुन कत्तिको गाह्रो भयो ?**
पहिलो कुरा त भाषाले अलि गाह्रो पाऱ्यो । नेपालमा हुँदा नेपाली मात्र बोल्ने बानी, दुई-चार महिना त उताका मानिसहरूले बोलेको बुझ्नै समस्या भयो । विद्यालयमा पनि गाह्रै थियो । सबै कुरा सामान्य हुन झन्डै दुई वर्ष लाग्यो ।

**अहिले पढाइ कहाँ पुऱ्याउनुभयो ?**
म अहिले मेकअप एन्ड हेयर डिजाइनमा ग्राजुएसन गरिरहेकी छु । सेकेन्ड इयरसम्मको अध्ययन पूरा गरिसकें । अब एक वर्षपछि मेरो ग्राजुएसन पूरा हुन्छ ।



**मेकअप डिजाइनमै स्नातक गर्ने योजना कसरी बन्यो ?**
हेयर एन्ड मेकअपका पनि अनेकन शैली हुन्छन् । हेयर एन्ड मेकअपमा उच्च शिक्षा हासिल गरियो भने भविष्यमा यही विषयमा करियर बनाउन सकिन्छ भन्ने सोच थियो ।

**चलचित्रमा कसरी आउनु भयो ?**
युके डान्स अफ कार्यक्रममा भागलिने क्रममा उक्त कार्यक्रमका प्रस्तोता सञ्चारकर्मी नरेश भट्टराईलाई मैले 'माइतीघर' गीतमा प्रस्तुत गरेको नेपाली नृत्य मन परेछ, तिमी त नेपाली चलचित्रमा आउनुपर्ने भनेर प्रतिक्रिया जनाउनुभयो । उपाधि नै जितेपछि कोरियोग्राफर (निर्णायक) रेनसा बान्तवा राईले नेपाली चलचित्रमा तिम्रो भविष्य छ भन्नुभयो । त्यही दिन राति प्रतियोगिताको सक्सेस पार्टीमा कसैले मसँग खिचेको तस्बिर फेसबुकमा राख्नुभएछ, जसलाई निर्देशक मिलन चाम्सले देख्नुभएको रहेछ । सञ्चारकर्मी भट्टराई तथा प्रतियोगिताका आयोजक सपन कुमार राईले पनि निर्देशक चाम्ससँग मेरो प्रतिभाका बारेमा कुरा गर्नुभएको रहेछ । सबैले मेरो प्रशंसा गरेको सुनेपछि निर्देशक चाम्सले मलाई चलचित्र 'ब्लाइन्ड रक्स' को लन्डनमै भएको प्रिमियर शोमा बोलाउनुभयो । त्यही कार्यक्रममा उहाँसँग भेट भयो, दुई दिनपछि चलचित्र 'लिलिबिली' का लागि अडिसन लिनुभयो । यद्यपि अडिसनको परिणाम भने सुनाउनु भएन ।

**छायांकनको अनुभव कस्तो थियो ?**
म इङ्ल्यान्डमा बसोबास गर्ने भए पनि नजिकैको स्कटल्यान्ड पुगेकी थिइन् । क्रिसमसका बेला त्यहाँ लन्डनमा भन्दा बढी चिसो हुन्छ भन्ने सुनेकी थिएँ, साँच्चिकै हो रहेछ । डिसेम्बरको चिसोमा एकसरो लुगामा अभिनय गर्नु चुनौतीपूर्ण रह्यो । जति नै चिसो भए पनि एक महिनाको अवधिमा चलचित्रको अधिकांश छायांकन सम्पन्न गरियो ।

**छायांकनका क्रममा भएका कुनै रमाइला घटना सम्झनुहुन्छ ?**
त्यति बेलाको चिसोबाहेक दिमागमा अरू केही पनि आउँदैन । नढाँटी भन्नुपर्दा मैले त्यस्तो चिसो त्यसअघि कहिल्यै खोपेकी थिइनँ । यद्यपि गीतको छायांकनमा असाध्यै रमाइलो भएको थियो । जति नै गाह्रो भए पनि उक्त क्षण मेरो जीवनकै सबैभन्दा उत्कृष्ट सम्झना हो ।

**जीवनलाई कसरी बुझ्नुभएको छ ?**
जीवन भनेको सुख र दुःखको मिश्रण हो । जीवनमा उतार-चढाव आइरहन्छ । कहिले खुसी र कहिले दुःख भएन भने जीवन बाँच्नुको अर्थ नै के रहन्छ र ? यद्यपि सुख र दुःख जे भए पनि जीवनमा सकारात्मक भावना भैरहनुपर्छ ।

**कस्तो खानपिन रुचाउनुहुन्छ ?**
मलाई सबैभन्दा मनपर्ने खाना भनेकै दाल, भात र तरकारी हो । हामी बेलायतमा पनि प्रत्येक रात नेपाली खाना नै खान्छौं । अझ बुवाले बनाउने ढिंडो मेरो विशेष परिकार हो ।

**आफू कत्तिको राम्री लाग्छ ?**
वाउ...भन्नुपर्ने राम्री पनि छैन, छ्या भन्नुपर्ने नराम्री पनि छैन, ठीकै छु ।

**फुर्सदमा के गर्नुहुन्छ ?**
मोबाइलमा गेम खेल्छु । पुस्तक पढ्छु । जिम जान्छु ।

**कुन कुराले रिस उठ्छ ?**
कसैले कुनै कुरा ढाँट्दा अनि पिठ्यूँ पछाडि कुरा काटेको थाहा पाउँदा रिस उठ्छ ।

**आफूमा भएको कमजोरी ?**
म मानिसहरूलाई सहजै विश्वास गर्छु । अर्को कुरा म मानिसलाई सजिलै चिन्न सक्दिनँ । यी कमजोरीका कारण मैले धेरै पटक धोका खाएकी छु ।

**प्रेममा पनि धोका खाएको हो ?**
प्रेममा त अहिलेसम्म परेकै छैन, कसरी धोका खानु ?


**तपाईंलाई मन पर्ने पहिरन ?**
आफूलाई सुहाउने ।

**'लिलिबिली' मा दर्शकले तपाईंको कुन पक्ष मन पराए जस्तो लाग्छ ?**
मेरो चञ्चले युवतीको चरित्रले धेरैजसो दर्शकलाई लोभ्याएको रहेछ । कतिपयले मेरो सौन्दर्यको पनि प्रशंसा गर्नुभएको छ ।

**अबको दस वर्षमा तपाईंलाई कहाँ पाइएला ?**
दर्शकहरूको माया पाइरहें भने म अभिनयमै रमाइरहेकी हुनेछु । चलचित्रमा रहिनँ भने समाजसेवीका रूपमा सक्रिय हुनेछु ।



# भविष्यको नयाँ प्रविधि ब्लकचेन




हिजोआज प्रविधिको क्षेत्रमा नयाँ शब्द थपिएको छ- ब्लकचेन । ब्लकचेनको सहयोगमा सुरक्षित एवं तत्काल आर्थिक लेनदेन गर्न सकिन्छ, तर यसको कार्य यतिमै सीमित छैन । यसको प्रयोग कानुनी कागजात, विभिन्न तथ्यांक तथा निजी दस्तावेजलाई सुरक्षित राख्ने कार्यमा समेत गर्न सकिन्छ । त्यसैगरी सूचना प्रविधि तथा तथ्यांक प्रशोधन, बैंकिङ एवं बिमा, डिजिटल प्रमाणीकरण, साइबर सेक्युरिटी, क्लाउड स्टोरेज, ई-गभर्नेन्स, ई-भोटिङ आदिमा समेत यसको प्रयोग गर्न सकिन्छ । यसका लागि विभिन्न देशमा आवश्यक कार्य प्रारम्भ भैसकेको छ ।

**के हो ब्लकचेन ?**

लाखौं कम्प्युटरलाई आपसमा जोडेर इन्टरनेटको आविष्कार भएजस्तै डाटा ब्लकको लामो श्रृंखलालाई जोडेर ब्लकचेन बनाइन्छ । इन्टरनेट, पर्सनल की तथा प्रोटोकल नियन्त्रण गरी तीन अलग-अलग प्रविधिको संयोजन नै ब्लकचेन हो ।

ब्लकचेन एक प्रकारको डिजिटल प्लेटफर्म हो, जसमा डिजिटल रकम मात्र नभै कुनै पनि वस्तुलाई डिजिटल बनाएर रेकर्ड राखिन्छ । यसमार्फत धनको लेनदेन वा अन्य जानकारी संग्रह गरिन्छ, तर यसका लागि कुनै बैंक वा वित्तीय संस्था अथवा अन्य कुनै बिचौलियाको आवश्यकता हुँदैन । ब्लकचेन नेटवर्कमा भएका संसारका सबै मानिसलाई उक्त कारोबारका बारेमा जानकारी हुन्छ । संसारमा भएका लाखौं कम्प्युटर नेटवर्कमा उक्त कारोबारको जानकारी सुरक्षित रूपमा संग्रहित भएर बस्छ । एक-अर्कामा धनको हस्तान्तरण पनि सहज तरिकाले हुन्छ र ह्याकिङ वा कुनै अन्य डर पनि हुँदैन । यसका लागि कुनै शुल्कसमेत लाग्दैन ।

**ओपन लेजर**

ब्लकचेनको केन्द्रमा 'ओपन लेजर' को अवधारणा लागू गरिएको छ । संसारका सबै बैंकको आफ्नो लेजर अर्थात् खाताबही हुन्छ । उक्त लेजरमा सबै कारोबारको विवरण राखिन्छ र सबै काम बैंकका कर्मचारीहरूले गरिरहेका हुन्छन् । यो एक प्रकारको बन्द प्रणाली हो जसको कारोबारको जानकारी अरूलाई हुँदैन, तर ओपन लेजर त्यसको ठीक विपरीत अवधारणा हो । कुनै व्यक्ति वा संस्थाले ओपन लेजरको सहयोगले अर्को व्यक्ति वा संस्थालाई कुनै धनराशि पठाए एक स्थानमा अपडेट गरिन्छ र उक्त अपडेट अर्को व्यक्तिको खातामा पनि जान्छ ।

ब्लकचेनमा ओपन लेजर हुन्छ । यसमा कुनै व्यक्तिको कारोबार केन्द्रीकृत रूपमा गरिँदैन । संसारभर रहेका अनगिन्ति कम्प्युटरमा यसको प्रतिलिपि सुरक्षित रूपमा राखिएको हुन्छ । ब्लकचेनको माध्यमबाट गरिएका सबै लेनदेन अनगिन्ति नेटवर्कमा इन्ट्री हुन्छ । ब्लकचेन नेटवर्कमा जोडिएका कम्प्युटरलाई 'नोड' भनिन्छ ।

नेटवर्कमा प्रत्येक दस मिनेटको अन्तरमा सबै नोडमा भएका लेजर अपडेट भैरहेको हुन्छ । यसको अर्थ कुनै नयाँ कारोबार भयो भने पनि दस मिनेट भित्रै उक्त जानकारी सबै कम्प्युटरमा अपडेट हुन्छ र सम्बन्धित व्यक्ति समक्ष आवश्यक रकम पुग्छ । त्यहाँ बैंकको कुनै भूमिका हुँदैन । यद्यपि उक्त कारोबारको जानकारी संसारका सबै व्यक्तिलाई हुन्छ ।

**सुरक्षित कारोबार र जानकारी**

ब्लकचेनमा गरिने इन्ट्री ब्लकका रूपमा हुन्छ । प्रत्येक लेनदेनसँग सम्बन्धित ब्लकलाई सिरिजका रूपमा आपसमा जोडिन्छ । यसका कारण प्रत्येक सूचनालाई बीचमा विच्छेद गर्न सकिँदैन । यदि कुनै ब्लक बीचमा छुट्यो भने सिरिज टुट्छ र कतै गल्ती भयो भनी तुरुन्तै पत्ता लाग्छ । यसकारण पनि ब्लकचेन सुरक्षित भएको हो । कुनै ह्याकरले उक्त लेजरको सिरिजलाई टुटाएर ह्याक गर्न सक्दैन ।

यो एक ओपन र वितरित लेजर हो । यदि कुनै एक, दुई, दस वा सय कम्प्युटर ह्याक गरे पनि संसारभर रहेका लाखौं नोडमा यसको डाटा सुरक्षित हुन्छ । यदि कसैले समग्र ब्लकचेन नेटवर्क नै ह्याक गर्न चाहयो भने वा विश्वव्यापी ब्लकचेन नेटवर्क नै ध्वस्त पार्न चाहयो भने विश्वभर रहेका आधाभन्दा बढी नोड ध्वस्त पार्नु पर्ने हुन्छ, जुन लगभग असम्भव छ । यसकारण पनि लेनदेन प्रणालीको भविष्य ब्लकचेनमा निहित रहने भविष्यवाणी गरिएको हो ।

## लिंग प्रत्यारोपणमा पहिलो सफलता



अमेरिकाको जोन हप्किन्स युनिभर्सिटीका शल्य चिकित्सकहरूले संसारमै पहिलो पटक लिंग तथा अण्डकोष प्रत्यारोपण गरेर नयाँ उपलब्धि हासिल गरेका छन् । उक्त प्रत्यारोपणबाट अफगानिस्तानमा घाइते भएका एक अमेरिकी सैनिकले नयाँ जीवन प्राप्त गरेका छन् ।

उक्त प्रत्यारोपणका क्रममा पहिलो पटक लिंग, एब्डोमिनल वाल र अण्डकोषलाई एक मृत व्यक्तिबाट घाइते सैनिकमा सारिएको थियो । यसमा बिरामी सैनिकको छाला, मांसपेशी, स्नायु, हड्डीका साथै रक्तनलीसमेत परिवर्तन गरिएको छ । रोगीलाई इन्फेक्सनबाट जोगाउन आवश्यक तन्तुसमेत मृत व्यक्तिबाटै निकालिएको थियो ।


उक्त शल्यक्रियामा ९ जना प्लाष्टिक सर्जन तथा २ जना युरोलोजिकल सर्जन संलग्न थिए । उनीहरूले १४ घण्टासम्म लगातार शल्यक्रिया गरेका थिए । शल्यक्रियापश्चात् सामान्य महसुस गरेको बताउने घाइते सैनिकलाई केही दिनमै डिस्चार्ज गरिने बताइएको छ । यद्यपि उनका सबै अंगले पूर्ण रूपमा काम गर्न भने ६ महिना लाग्नेछ ।

## स्पोर्ट्स कारमा परिवर्तन हुने रोबोट

जापानका इन्जिनियरहरूले ६० सेकेन्डभित्र स्पोर्ट्स कारमा परिवर्तन हुने रोबोट निर्माण गरेका छन् । यो एक प्रकारको रियल लाइफ ट्रान्सफर्मर हो । दुईजना बस्न मिल्ने यो कारलाई जे-डेइट राइड नाम दिइएको छ । नीलो र सेतो रङको यो रोबोट एक घण्टामा सय मिटरमात्र चल्न सक्छ, तर कारका रुपमा भने यो ३० किलोमिटर प्रतिघण्टाको गतिमा दौडन्छ । कारलाई रिमोट र ड्राइभिङ सिटमार्फत नियन्त्रण गर्न सकिन्छ ।

ब्रेव रोबोटिक्स कम्पनीका मुख्य कार्यकारी अधिकारी केनजी शिडाले बाल्यकालका फिल्मी हिरो ट्रान्सफरमरबाट प्रभावित भएर आफूले त्यस्तै रोबोट बनाएको बताएका छन् । यो रोबोट ३ दशमलव ७ मिटर अग्लो छ ।

यो रोबोट मनोरञ्जन उद्योगको हिस्सा बन्नेछ । यो प्रोजेक्टमा सन् २०१३ देखि नै काम भैरहेको थियो । सुरुमा ३ दशमलव ५ फिटको रोबो कार बनाइयो । यो प्रोजेक्टको डेटलाइन सन् २०२० थियो, तर समयअघि नै यसको निर्माण सम्पन्न भएको छ ।





## कनेक्टेड होम र एप्लायन्सेज



हिजोआज इन्टरनेट अफ थिंग्सले अनेकन कार्य गर्न थालेको छ । यसले एक अर्कालाई वायरलेस वा फिजिकल रूपमा कनेक्ट गर्ने सुविधा दिन्छ । यो प्रविधिले घरमा भएका डिभाइस वा एप्लायन्सहरूलाई जोड्छ । यो एप्लायन्समार्फत् घरमा भएका सेक्युरिटी क्यामेरा, लाइट, एप्लायन्सेज, स्मार्ट लक आदिलाई फोनको सहयोगले इन्टरनेटमार्फत टाढैबाट नियन्त्रण गर्न सकिन्छ ।

## पर्सनल एयरब्याग

हेलाइट कम्पनीले पर्सनल एयरब्याग 'हिप एयर' तयार पारेको छ । यसले कारको पछिल्लो भागमा बस्नेहरूलाई चोट लाग्नबाट जोगाउँछ । खासगरी बुढ्यौली लागेकाहरूका लागि त यो निकै लाभदायक छ । बेल्टजस्तै गरी प्रयोग गर्न सकिने यो एयरब्यागको सेन्सर शून्य दशमलव २ सेकेन्डमै सक्रिय हुन्छ ।



केवल एक प्रश्न

# गर्मी चर्किएका बेला के गर्न मन लाग्छ ?



म गर्मी चर्किएको समयमा धेरै बाहिर निस्कन्नँ । एसी चलाई कोठाभित्रै टेलिभिजन हेरेर बस्न मन लाग्छ ।

**पुष्प खड्का, अभिनेता**

आइसक्रिम खान र स्वीमिङ गर्न मन लाग्छ ।

**सञ्चिता लुइँटेल, अभिनेत्री**

शीतलता प्रदान गर्ने रूख जस्तै : वर, पीपल, समी, निम आदिको छहारीमा बसेर लेखपढ गर्न मन लाग्छ । अहिले म धेरैजसो काठमाडौँमा बस्छु । यहाँखासै चौताराअनि रूख छैनन् । काठमाडौँमा चितवनको जस्तो गर्मी हुँदैन, त्यसैले कोठामै बसेर पढ्न निकै मज्जा लाग्छ ।

**अमर न्यौपाने, साहित्यकार**





गर्मी चर्कंदा छहारीमा बस्न मन लाग्छ । सम्भव भयो भने पौडी खेल्न पनि गैरहेको हुन्छ, धेरै गर्मी चर्किएको समयमा पहाडतिर हावा खान निस्कन्छु ।

**नवयुग श्रेष्ठ, फुटबलर**

धेरै गर्मी भयो भने सम्भव भएसम्म तीन पटकसम्म चिसो पानीले नुहाउन मन लाग्छ ।

**जितु नेपाल, अभिनेता**

गर्मी चर्किएका बेला मलाई बाहिर निस्कन मन लाग्दैन, बरु कोठामा बसेर पढ्न रमाइलो लाग्छ ।

**सरिता गिरी, नाट्यकर्मी**

म गर्मी-जाडो दुवै पचाएको मान्छे हुँ, तर अत्यधिक गर्मी भयो भने शीतल छहारी खोज्छु ।

**शम्भुजित बाँस्कोटा, संगीतकार**

विशेष गरी चिसो ठाउँमा जान र चिसो चिज खान मन लाग्छ । अत्यधिक गर्मी भयो भने लङ ड्राइभ जाँदा पनि रमाइलो हुन्छ ।

**प्राश्ना शाक्य, गायिका**

मलाई अमिलो असाध्यै मन पर्छ, त्यसैले गर्मी चर्किएपछि विशेष गरी निबुवा साँधेर खान मन लाग्छ अनि शीतल छहारीमा बसेर विभिन्न कल्पना गर्दा आनन्द आउँछ ।

**इन्दु भण्डारी, मोडल**

गर्मीमा डाँडातिर गएर बस्न मन लाग्छ, जसमध्ये नगरकोट म गैरहने ठाउँ हो ।

**स्वरूपराज आचार्य, गायक**

मलाई त चिसो खान र स्वीमिङ जान मनलाग्छ ।

**रश्मि तन्डुकार, फेसन डिजाइनर**

गर्मी चर्किएका बेला सबैले खोज्ने भनेको चिसो ठाउँ नै हो । म धेरै गर्मी भयो भने छहारीमा गएर बस्छु । त्यस्तै, भ्याएसम्म स्वीमिङ पनि जान्छु । यदि धेरै गर्मी छ भने प्राय:जसो घरमै बस्न मन लाग्छ ।

**वर्षा शिवाकोटी, अभिनेत्री**

धेरै गर्मी भयो भने शान्त ठाउँमा गएर बस्न मन लाग्छ ।

**विनोद न्यौपाने, अभिनेता**

मलाई पानीमा रुज्न मन लाग्छ । त्यसका साथै आइसक्रिम खान, स्वीमिङ गर्न र हरियाली भएको ठाउँमा जान पनि निकै रमाइलो लाग्छ ।

**रिमा विश्वकर्मा, अभिनेत्री**

जति गर्मी चर्किए पनि म त डान्स गर्न रुचाउँछु । यसमै आनन्द आउँछ ।

**सरोज अधिकारी, मोडल**

मलाई बाहिर निस्कन फिटिक्कै मन लाग्दैन । त्यसले सकेसम्म एसी अथवा पंखाको मुनि बस्न मनलाग्छ ।

**वर्षा राउत, अभिनेत्री**

म चिसो ठाउँ खोज्दै हिँड्छु । अत्यधिक मात्रामा गर्मी भयो भनेचाहिँ प्राकृतिक छहरामा नुहाउन मन लाग्छ, तर तत्कालै त्यो सम्भव हुँदैन ।

**टंक बुढाथोकी, गायक तथा संगीतकार**

घरमा भएँ भने वानपिसमा बस्न मन लाग्छ । बाहिर छु भने छिनछिनमा कोल्ड ड्रिंक्स खान रुचाउँछु ।

**रामजी खाँड, लोक गायक**

टन्न पानी खान मन लाग्छ । अर्को कुरा मलाई स्वीमिङ गर्न आउँदैन, तैपनि पानीमा बसिरहन मन लाग्छ ।

**आशिफ शाह, अभिनेता**


मलाई जाडोभन्दा गर्मी मन पर्छ । शरीरमा गर्मीको मात्रा कम गर्न अत्यधिक मात्रामा पानी पिउन मन लाग्छ । त्यस्तै समय मिलेसम्म बेलाबेला स्वीमिङ पनि गैरहेको हुन्छु ।

**स्वस्तिमा खड्का, अभिनेत्री**

शीतल ठाउँ खोज्छु, चिसो पानीले नुहाउँछु ।

**जयकिसन बस्नेत, अभिनेता**





एसीमा बस्न मन लाग्छ, भनौं भने आफ्नो भाग्यमा त्यो छैन । त्यसैले चिसा खानेकुरा खान र शीतलमा बस्न मन लाग्छ । पौडी खेल्न पनि हुन्थ्यो तर आउँदैन ।

**प्रदीप भट्टराई, निर्देशक**

प्रस्तुति : महेश तिमल्सिना

Study in CANADA
» Affordable Tuition Fee » Credit Transfer
» Scholarship Available Up to 50%
Spouse together can apply
PROGRAM : English/Diploma/Under Graduate/Graduate
World Wide Edu. Inf. Center
Opp. Tri Chandra College, Ghantaghar Mode, Kamaladi, KTM.
Tel: 4-243556, 4-223168, E-mail:worldedu@ntc.net.np

प्राईभेट/रेगुलर-SEE (SLC)
कक्षा 8 वा 9 पास, कक्षा 9 वा Test/SEE (SLC) फेल,
पढाई छोडेका, जागिर गर्दै गरेका र गृहिणीहरुका लागि
एकै बर्षमा SEE (SLC) पास गर्ने सुवर्ण अवसर
सम्भना एकेडेमी
अद्वैतमार्ग, पुरानो बसपार्क बाट शंकरदेव क्याम्पस जाने बाटो
01-4246397, 9841297927, 9808918641

रोजगारीमूलक प्राविधिक तालिमहरुमा
प्रवेश परीक्षा तयारी कक्षा (Bridge Course) मा
निःशुल्क अध्ययनको अवसर
विगत वर्षहरुमा उत्कृष्ट नतिजा दिलाउन सफल यस संस्थाले यस वर्ष पनि SEE परीक्षा दिई बसेका तथा SLC वा सो भन्दा माथिको शैक्षिक योग्यता भएका ईच्छुक व्यक्तिहरुलाई निम्न विषयहरुमा निःशुल्क प्रवेश परीक्षा तयारी कक्षाहरु सञ्चालन गर्न लागेको हुँदा तु.सम्पर्क राखी मौकाको फाइदा उठाउनुहोस् ।
तयारी कक्षा सञ्चालन हुने विषयहरु:
१. स्टाफ नर्स
२. डिप्लोमा इन फार्मेसी
३. नेत्र सहायक
४. हेल्थ असिस्टेन्ट
५. रेडियोग्राफी
६. ओभरसियर
७. आई.एस.सी.एजी.कृषि/पशु विज्ञान
८. कृषि जे.टि.ए
९. मेडिकल ल्याब असिस्टेन्ट
१०. भेटेरीनरी जे.टि.ए.
११. सि.एम.ए/ अ .हे .व
१२. सिभिल सब ओभरसियर
१३. अ.न.मी.
१४.अमिन
सम्पर्क: कान्तिपुर कम्युनिटी हेल्थ सर्भिस प्रा.लि., काठमाडौं
फोन नं.: ०१-४३६०६०५, ०१-४३८०८६४
कलेज खुल्ने समय बिहान ६:०० देखि बेलुका ६:०० सम्म ।
(शनिवार र सार्वजनिक विदाको दिन पनि कलेज खुल्ला हुनेछ) ।

संगीत

# कार्टुन्ज क्रुकी आश्मा

महेश तिमल्सिना

आश्मा विश्वकर्मा चर्चित डान्स ग्रुप कार्टुन क्रुकी डान्सर हुन्। काठमाडौंको असनमा जन्मिएकी आश्मा सानैदेखि डान्स गर्न रुचाउँथिन्। त्यसो त उनी विद्यालयमा अध्ययन गर्दादेखि नै बिगर डान्स गर्थिन्। मध्यमवर्गीय परिवारमा जन्मिएकी आश्माका बाबुआमालाई भने आश्माले रोजेको बाटो पटक्कै चित्त बुझेको थिएन। यो क्षेत्रमा करियर बन्दैन भनेर आफूलाई ममी-बुबाले धेरै रोक्न खोज्नुभएको आश्मा बताउँछिन्। उनी भन्छिन्, 'मोडलिङमा करियर राम्रो हुँदैन भनेर मलाई यो क्षेत्रमा लाग्न स्वीकृति प्राप्त भएन।' त्यति हुँदाहुँदै पनि आश्माले आफ्नो सुर छाडिनन्। उनको ढिपीकै कारण बुबाआमा रिसाए, जसले गर्दा उनले दिनहुँजसो घुर्की र गाली सहनुपर्थ्यो। आश्माका बुबाआमाको चाहनाचाहिँ धेरै पढेर सरकारी जागिर खाओस् भन्ने थियो, तर आफ्नो इच्छा भने मोडलिङमा भएकाले उनले यसैलाई निरन्तरता दिइरहिन्। यद्यपि अहिले भने आफूले बाबुआमाको साथ-सहयोग पाउन थालेको आश्मा बताउँछिन्।



### विद्यालय तहदेखिकै रुचि

जहाँ इच्छा त्यहाँ उपाय भनेझैं आश्मालाई परिवारका सदस्यहरूले जति रोक्न खोजे पनि उनी आफ्नो इच्छालाई शक्तिमा बदल्दै अघि बढिन्। आश्मा विद्यालय तहदेखि नै आफ्नो प्रतिभा लुकाउन चाहन्नथिन्। उनी आफ्ना डान्स भिडियोहरू सामाजिक सञ्जालमा सेयरसमेत गर्थिन्, जहाँबाट उनले राम्रो प्रतिक्रिया प्राप्त गर्न थालिन्। त्यस्ता प्रतिक्रियाले आफूलाई अघि बढ्ने हौसला प्रदान गरेको आश्मा बताउँछिन्। यही क्रममा उनले नक्सालस्थित टंगाल माविबाट ०७० मा एसएलसी दिइन्। अध्ययनमा समेत अब्बल आश्माले प्रथम श्रेणीमा एसएलसी उत्तीर्ण गरिन्। एसएलसी उत्तीर्ण भएपछि उनी कलेज अध्ययनका लागि एनआइसी कलेजमा भर्ना भइन्।

### यसरी जुर्‍यो कार्टुन क्रु टिमसँगको भेट

कलेजमा अध्ययनरत आश्मा आफ्नो क्षमता मजबुत बनाउन ठमेलस्थित एक डान्स सेन्टरमा भर्ना भइन्। त्यति बेला कार्टुन क्रुको टिम पनि त्यहीँ तालिम लिँदै थियो। त्यहीं उनको भेट कार्टुन क्रु टिमसँग भयो। बिस्तारै कार्टुन क्रुकी टिमसँग उनको हिमचिम बढ्न थाल्यो। यही क्रममा टिमका क्याप्टेन सरोज अधिकारीले आश्मालाई कार्टुन क्रुमा ल्याउन चाहे। आश्मा भन्छिन्, 'ट्रेनिङ गरिरहेकै बेला कार्टुन क्रुका क्याप्टेन सरोज अधिकारीले तिमी धेरै मेहनती छौ, तिमीले राम्रो गर्न सक्छौ, त्यसैले कार्टुन क्रुमा सँगै काम गरौं भन्नु भयो अनि म सन् २०१२ देखि कार्टुन क्रुको सदस्य भएँ।'

### पानी पर्‍योले चर्चामा ल्यायो

सन् २००९ मा स्थापना भएको कार्टुन क्रुले सन् २०१२ देखि कभर भिडियो बनाउन थाल्यो। यही क्रममा क्रु टिमले सन् २०१५ मा जालमा भिडियो सार्वजनिक गर्‍यो, जुन भिडियोलाई युट्युबमा थोरै समयमै १० लाखभन्दा धेरै भ्युज प्राप्त भयो। त्यसलगत्तै टिमले 'पानी पर्‍यो असिना झर्‍यो' गीतको कभर भिडियो सार्वजनिक गर्‍यो। त्यसपछि भने आश्माको चर्चा सर्वत्र हुन थाल्यो। यो सफलता आश्माका लागि अपत्यारिलो थियो। आश्मा भन्छिन्, 'डान्स गरेरै छोटो समयमै यति राम्रो सफलता पाउँछु भन्ने लागेको थिएन।' अहिले उनी कार्टुन क्रुलाई आफ्नो दोस्रो फेमिलीका रूपमा लिन्छिन्।

### परिवारले नबुझ्दा समस्या

सुरुवाती दिनमा जस्तोसुकै काममा पनि संघर्ष गर्नैपर्छ। आश्माले पनि सुरुसुरुमा निकै संघर्ष गरिन्। यो क्षेत्रबाट जीवन अघि बढ्छ भन्नेमा परिवार ढुक्क नहुँदा आफूलाई निकै समस्या भएको आश्मा बताउँछिन्। परिवारले दबाब दिएपछि आश्मा एक हप्ता डान्स नगरी बसिन्। परिवारले आफ्नो इच्छा नबुझ्दा उनलाई पीडा हुन्थ्यो अनि कोठामा बसेर रुन्थिन्। यद्यपि उनले आमाबुबालाई धेरै सम्झाइन्। त्यसपछि मात्र आफू सहज अवस्थामा आएको आश्मा बताउँछिन्। अहिले भने आश्माको सफलताबाट उनका आमाबुबा प्रफुल्लित छन्। उनी अहिले एउटा भिडियोमा डान्स गरेबापत ५० हजारभन्दा बढी कमाउन थालिसकेकी छिन्।

### 'डामे तु कसिता'को चर्चा

८ अप्रिलमा स्पेनिस गीत 'डामे तु कसिता'मा आश्माको कभर डान्स द कार्टुन्ज क्रुको युट्युब च्यानलमार्फत सार्वजनिक भयो। सार्वजनिक भएको तीन हप्तामै उक्त भिडियोले एक करोडभन्दा माथि भ्युज पाएको छ। यसका साथै, आश्माको चर्चा देशविदेशमा हुन थालेको छ। उनको यो डान्सले निकै सकारात्मक प्रतिक्रिया पाइरहेको छ। पानामाका गायक एल चोम्बोले गाएको उक्त गीतमा सन् २०१५ मा एलियनले डान्स गरेको भिडियो युट्युबमा आएको थियो। अहिले आश्माले दुरुस्तै एलियनजस्तै डान्स गरेकी छिन्, जसले गर्दा पनि उनको चर्चा विश्वव्यापी भएको छ।

म्यूजिक डायरी

## आयो गोर्खे सलाम

बुद्ध जयन्तीको अवसर पारेर गायक तुल साम्सोहाङ राईले राष्ट्रिय भावनाको 'गोर्खे सलाम...' शीर्षकको म्युजिक भिडियो सार्वजनिक गरेका छन्। अमेरिकामा बसोबास गरिरहेका गायक राईको उक्त गीतमा टंक बुढाथोकीको शब्द तथा संगीत सुन्न सकिन्छ। निर्मल लामाद्वारा निर्देशित उक्त भिडियोलाई भिमफेदी गाइजका कलाकारहरूले आकर्षक बनाएका छन्। भिडियोमा द स्टार यूथ डान्स ग्रुप, दम्की रक्स तथा चिउरी बगैंचा गाइजका कलाकारहरूले समेत साथ दिएका छन्।

## उल्सनको हुरी

नेपाल आईडलको पहिलो संस्करणबाट उदाएका गायक उल्सन श्रेष्ठले आफ्नो पहिलो गीतको म्युजिक भिडियो सार्वजनिक गरेका छन्। हुरि आयो शीर्षकको उक्त गीतमा गायक श्रेष्ठकै शब्द तथा संगीत सुन्न सकिन्छ। नितिन चन्दद्वारा निर्देशित उक्त भिडियोमा आँचल शर्मा, इन्जमाम अलि खानका साथ गायक श्रेष्ठ आफैंले अभिनय गरेका छन्।

## नेपाल प्यारो लाग्छ

राष्ट्रिय भावना बोकेको 'नेपाल प्यारो लाग्छ' को अडियो तथा भिडियो काठमाडौंमा आयोजित एक समारोहबीच सार्वजनिक भएको छ। सुमन बैरागीको शब्दमा दिपसागर थापाको संगीतको उक्त गीतमा रञ्जिता थापा तथा दीपसागर थापाको स्वर सुन्न सकिन्छ।

## टर्कीमा सांस्कृतिक कार्यक्रम

सांस्कृतिक आदान-प्रदान गर्दै आएको एभरेस्ट नेपाल कल्चरल ग्रुपले टर्कीको चनाक्काले सहरमा आयोजित अन्तर्राष्ट्रिय बालबालिका लोकसांस्कृतिक मेलामा नेपाली सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको छ। मेलामा नेपालसहित विश्वका २० राष्ट्रका ३५ समूहले भाग लिएका थिए। त्यस क्रममा नेपाली समूहले लोक संस्कृति झल्कने झ्याउरे, तामाङ, मारुनी, धिमाल, सोरठी आदि नृत्य प्रस्तुत गरेको थियो।

## अञ्जुको नयाँ

गायिका अञ्जु पन्तको स्वरमा धर्तीमा आएँ एक्लै...शीर्षकको गीतको भिडियो सार्वजनिक भएको छ। वसन्त लम्सालको शब्द तथा संगीतमा तयार भएको उक्त गीतको भिडियोमा सनम कठायत तथा बिनु शाक्यले अभिनय गरेका छन्। विकास घले गुरुङ यो भिडियोका निर्देशक हुन्।



प्रोजेक्ट वानको कन्सर्ट : नेपालका चर्चित ब्यान्डका सदस्यहरु आबद्ध सांगीतिक समूह प्रोजेक्ट वानले 'फेरि उठ्नेछ नेपाल-४' शीर्षकमा देशका मुख्य सहरहरूमा कन्सर्ट दिन थालेको छ। ब्यान्ड वागन बाइ पोजिटिभ भाइब्सले फेरी उठ्नेछ नेपाल-४ अन्तर्गत देशका विभिन्न सहरमा सुरु गरेको कन्सर्ट बनेपाबाट प्रारम्भ भएको छ। बनेपाको कन्सर्टमा रविन तामाङ, अभया सुब्बा, स्वप्निल शर्मा, निरन शाही आदि प्रस्तुत भएका थिए।

## मूलखर्क डाँडामा रोज मोक्तान

सुनकोसी गाउँपालिका-५, मुलखर्कको डाँडामा वैशाख पूर्णिमाको अवसरमा आयोजित सांगीतिक कार्यक्रम गायक रोज मोक्तानले ओखलढुंगाकै स्व.गायक पाण्डव सुनुवारलाई समर्पण गर्दै 'बाबरी फूलको बोट' गाउँदा दर्शकहरू नाच्न थालिसकेका थिए। रोजले लगत्तै एक दर्जन गीत गाए भने तामाङ सेलो गाउन थालेपछि युवायुवती मात्र नभएर वृद्धवृद्धाहरूसमेत असिन पसिन हुन्जेल नाचे। रोजसँगै गायिकाहरू सीता माझी, सिर्जना बर्देवा आदिले कार्यक्रममा भरपुर मनोरञ्जन प्रदान गरे। स्थानीय कलाकारहरूको नृत्यले पनि कार्यक्रममा रौनक थपेको थियो।

## खोलिटारमा सांगीतिक धूम

मोरङको पूर्वी उत्तरी मिक्लाजुङ खोलिटार आइतबार साँझ संगीतमय भयो। श्री सिंहदेवी आधारभूत विद्यालयको अग्लो प्राङ्गण, चिटिक्क परेको स्टेज अनि कलाकारहरूको बेजोड प्रस्तुतिले उपस्थित सबैलाई आनन्द प्रदान गर्‍यो। मिक्लाजुङ युवा परिवारले स्थानीय सोल्टी पुल निर्माणका लागि आयोजना गरेको उक्त कार्यक्रममा कलाकार विल्सन विक्रम राई, गायिका सृष्टि हिङमाङ तथा मिलन देवानले विशेष प्रस्तुति दिएका थिए। रातको १० बजेसम्म चलेको कार्यक्रममा स्थानीय कलाकारहरूको नृत्य पनि समेटिएको थियो।

फिल्मी डायरी



## हैरानको गीत

चलचित्र हैरानको 'तिम्रो हिरो' गीत सार्वजनिक भएको छ। जेठ ४ गते प्रदर्शनमा आउने चलचित्र हैरानको यो गितमा गजित विष्ट, निश्मा घिमिरे, बुद्धि तामाङ, सागर लम्साल तथा पुष्कर रेग्मीले नृत्य गरेका छन्। उक्त गीतमा संगीत र स्वर राजन इशानले दिएका छन् भने कोरियोग्राफी गम्भीर विष्टले गरेका छन्।

## रामकहानीको गीत

भदौ २२ गते प्रदर्शनमा आउने चलचित्र 'रामकहानी' को पहिलो गीत 'तिम्रो लागि म छु' सार्वजनिक भएको छ। सुगम पोखरेल र अञ्जु पन्तको स्वरको उक्त गीतमा पूजा शर्मा तथा आकाश श्रेष्ठको रोमान्स देखाईएको छ भने उक्त गीतमा केदार घिमिरे, जितु नेपाल तथा विल्सन विक्रम राईले पनि अभिनय गरेका छन्।

## भैरेको पोस्टर

अभिनेता दयाहाङ राई तथा अभिनेत्री सुरक्षा पन्त अभिनीत चलचित्र 'भैरे' को अफिसियल पोष्टर सार्वजनिक भएको छ। चलचित्रको दुईवटा पोस्टरमा सबै प्रमुख कलाकार अटेका छन्। सूर्य बोहराको लेखन तथा निर्देशनको यो चलचित्र प्रेमप्रसाद पौडेल तथा देवीमाया अधिकारीले निर्माण गरेका हुन्। चलचित्रको ट्रेलर केही दिनमै सार्वजनिक हुने बताइएको छ। यो चलचित्र जेठ १८ गतेदेखि देशव्यापी प्रदर्शनमा आउँदैछ।

## कहीँ कतैको गीत

चलचित्र 'कहीँ कतै' को गीत सार्वजनिक भएको छ। निर्माण टिमले काठमाडौंमा एक कार्यक्रमको आयोजना गरी 'भ्वाईय भ्रान...' गीत सार्वजनिक गरेको हो। सचिन सिंहको संगीतको उक्त गीतमा सचिन तथा सृजना सिलवालको स्वर सुन्न सकिन्छ।

## असोजमा ड्रिम गर्ल

अभिनेता आकाश श्रेष्ठ तथा नव-अभिनेत्री आश्मा गिरी अभिनीत चलचित्र 'ड्रिम गर्ल' को प्रदर्शन मिति फेरबदल भएको छ। यसअघि असार २९ गतेलाई तोकिएको चलचित्रको प्रदर्शन मिति असोज १९ गतेलाई तय गरिएको निर्देशक ऋषिराज आचार्यले जानकारी दिएका छन्। नयाँ प्रदर्शन मिति घोषणासँगै चलचित्रको फस्टलुक पनि सार्वजनिक भएको छ।

## प्रदीपको जोडी

निरक पौडेलले निर्देशन गर्न लागेको चलचित्र 'रोजी' का लागि मुख्य अभिनेत्री फाइनल गरिएको छ। 'चपली हाइट-२' की नायिका परमिता आरएल राना उक्त चलचित्रका लागि अनुबन्धित भएकी छिन्। 'चपली हाइट-२' मा युवा स्टार प्रदीप खड्का प्रमुख भूमिकामा छन्। यसअघि उनको अपोजिटमा 'लालपुर्जा' की अभिनेत्री मिरुना मगर रहने चर्चा थियो। 'एनएफडिसी एवार्ड' वितरण समारोहमा 'रोजी' को पोस्टरसमेत प्रदर्शनमा राखिएको थियो, जसमा प्रदिप र परमितालाई देखाइएको छ।

## नाईं नभन्नु ल-५

चलचित्र 'नाईं नभन्नु ल' को पाँचौं श्रृखलाको छायांकन सम्पन्न भएको छ। निर्देशक विकास आचार्यका अनुसार अभिनेत्रीद्वय प्रियंका कार्की र केकी अधिकारीले कम्मर मर्काउने लोकलयमा आधारित एउटा गीत मात्र खिच्न बाँकी छ। यो चलचित्र भदौ ८ गते प्रदर्शनमा आउँदैछ।

## रामसाईंली

चलचित्र 'राम साईंली' हाल छायांकनमा छ। यो चलचित्र पूर्वको इलाम, भेडेटार, नाम्जे, धरान, इटहरी आदि स्थानमा खिचिनेछ। चलचित्र रामसाइँलीमा दावा फिन्जो तामाङ तथा मोनिका दाहालको मुख्य भूमिका रहनेछ भने अन्य कलाकारमा माधव केसी, बुद्धी तामाङ, श्याम माया तामाङ, आइपी भट्टराई, कल्पना पाण्डे, कुमार ढुंगाना आदि रहने बताइएको छ।

## गोपी बन्दै खगेन्द्र

स्वदेशमा उद्यम गर्छु भन्ने एक युवाको कथामा आधारित चलचित्र गोपी निर्माण हुने भएको छ। चलचित्रका निर्देशक दीपेन्द्र लामाका अनुसार यो चलचित्रमा निजी व्यवसाय गर्ने क्रममा आइपर्ने पारिवारिक, सामाजिक एवं नीतिगत अड्चनका बाबजुद सफलता हात पार्ने एक युवाको कथा हुनेछ। चलचित्रमा खगेन्द्र लामिछाने, सुरक्षा पन्त, अंकित खड्का, प्रकाश घिमिरे आदि कलाकारले अभिनय गर्नेछन्। चलचित्र गोपी भदौ १ देखि फ्लोरमा जानेछ।

## वैशाख २८ मा हिरोज


पूर्णिमा लामाले निर्माण गरेको चलचित्र हिरोज वैशाख २८ गतेदेखि प्रदर्शनमा आउनेछ। एनबी महर्जनद्वारा निर्देशित यो चलचित्रमा करिश्मा मानन्धर, जयकिसन बस्नेत, मुकेश ढकाल, पूर्णिमा लामा, संजोग राणा, दिलकृष्ण श्रेष्ठ आदि कलाकारले अभिनय गरेका छन्।

## राइफलको सिरानी

चलचित्र काले दाइको शीर्ष गीत 'राइफलको सिरानी' सार्वजनिक भएको छ। उक्त गीतमा ध्रुव विस्को तथा सहिमा श्रेष्ठले स्वर दिएका छन् भने त्यसमा सुमन बैरागीको शब्द एवं दीपक शर्माको संगीत सुन्न सकिन्छ। रामजी लामिछानेले कोरियोग्राफी गरेको राइफलको सिरानी गीतमा इन्द्र राम्जाली, बिन शाक्य तथा रामचन्द्र अधिकारीले कम्मर मर्काएका छन्।



बलिउड



# सलमान सुटुक्क काश्मिर

सुपरस्टार सलमान खान आफ्नो चलचित्र रेस-३ को छायांकनको अन्तिम तयारीमा छन् । सलमानले उक्त प्रोजेक्टको काम सकेलगत्तै अन्य केही काम सुरु गर्न चाहेका छन् । हालै मात्र सलमान खान सुटुक्क जम्मु काश्मिर पुगेका थिए, जहाँ उनले मुख्यमन्त्री मेहबुबा मुफ्तीलाई भेटेको तस्बिर सामाजिक सन्जालहरूमा भाइरल भएको छ । खबर अनुसार रेस-३ मा समावेश केही गीत र दृश्य खिच्न बाँकी छ, जुन जम्मु काश्मिर दुई दिन लगाएर खिचिनेछ । सलमान आफ्ना अंगरक्षक शेरा र चलचित्रका प्रोड्युसर रमेश तौरानीका साथ मुख्यमन्त्रीलाई भेट्न पुगेका थिए । मुख्यमन्त्रीले सलमानलाई चलचित्रको सफलताका लागि शुभकामना समेत दिएकी थिइन् । रेस-३ मा ज्याकलिन फर्नाडिज, अनिल कपुर, बाबी देओल आदिले समेत अभिनय गरेका छन् । चलचित्र रेस-३ यो वर्षको इदमा प्रदर्शनमा आउँदैछ ।



# समाको तस्बिरले तहल्का

टेलिभिजन अभिनेत्री समा सिकंदर सोसल मिडियामा निकै सक्रिय छिन् । फेसबुक र इन्स्टाग्राममा उनको सक्रियता विगतको तुलनामा बढ्दो छ । यसबीच समाले आफ्नो एउटा नयाँतस्बिर इन्स्टाग्राममा पोस्ट गरेकी छिन्, जुन तस्बिरले इन्टरनेटमा चर्चा बटुलेको छ । समाको उक्त तस्बिर निकै कामुक छ, जसलाई प्रशंसकहरूले निकै मन पराएका पनि छन् । समा किन आजभोलि झन्-झन् हट बन्दै गएकी हुन् ? कतै यो चर्चामा आउने बहाना मात्र त होइन ?

# विवाह गर्न चाहन्छन् धवन

बलिउड अभिनेता वरुण धवन आफ्नो जीवनप्रति निकै गम्भीर छन् । हालै धवनका सम्बन्धमा एउटा खबर बाहिरिएको छ । यी लोकप्रिय अभिनेता केही समयदेखि नताशा दलालसँगको प्रेम सम्बन्धमा छन् र उनैसँग विवाह गर्न चाहन्छन् । स्रोतका अनुसार उनले यही वर्षको अन्तिमसम्ममा विवाह गर्ने सम्भावना छ । वरुणको परिवार विवाहको गुपचुप तयारीमा समेत जुटिसकेको बताइन्छ । विवाहपछि वरुण र नताशा परिवारसँग छुट्टिएर बस्ने समेत समाचारमा उल्लेख छ । वरुणले केही समयअघि मात्र आफ्ना लागि एउटा घर किनेका छन् । यो पनि हुन सक्छ, वरुणले चाँडै बलिउडमा फैलिएको यो हल्लाका बारेमा टिप्पणी गरून् ।



# भव्य हुँदै सोनमको विवाह

सोनम कपुर र आनन्द आहूजा अहिले समाचारमा छाइरहेका छन् । यो जोडीको आगामी मे ७ र ८ मा मुम्बईमा विवाह हुँदैछ । यो जोडीले विवाहपछि दिल्लीमा रिसेप्सन पार्टी दिनेछ, जहाँ आनन्द आहुजाको घर छ । सोनम र आनन्दको जोडी केही समयदेखि डेटिङमा रमाइरहेको छ । विवाह नजिकिएसँगै दुवै परिवारले भव्य रूपमा त्यसको तयारी गरिरहेको समाचारमा उल्लेख छ । उनीहरूका सम्बन्धमा भारतीय मिडियामा दिनहुँ विभिन्न खालका खबर छापिइरहेका छन् । विवाहअघि भव्य सांगीतिक कार्यक्रमको आयोजना गर्ने तयारीसमेत छ उनीहरूको, जसका लागी फराह खानले कोरियोग्राफी गर्नेछिन् जहाँ करण जौहर, अर्जुन कपुर, करिना कपुर आदि कलाकारले प्रस्तुति दिनेछन् । रिसेप्सन पार्टीमा बलिउडका चर्चित कलाकारबाहेक आफन्त तथा केही नजिकका साथीभाइ सहभागी हुने बताइएको छ ।

KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG

कान्तिपुर को
स्वर्णपुर 2

बम्पर उपहार | १ किलो सुन
हरेक महिना | १० तोला सुन
हरेक साता | १ किलो चाँदी




अनि स्क्र्याच गरी जित्नुहोस् लाखौंका उपहारहरू




ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ।

"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका।"

थप जानकारीका लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850

उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण)
उपत्यका बाहिर: 9856044140 (शंकर), 9856025885 (राजेश, पोखरा)
9845882313 (कपिल, भरतपुर), 9851072403 (लक्ष्मण, नेपालगंज), 9852029233 (सन्तोष, विराटनगर)

SMS SUB to 38080

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक साता १ किलो चाँदी लगायत लाखौँका उपहारहरू जित्ने मौका। एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन।

आजै कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस्।

## विकेन्ड डान्स

# डान्स फर डोल्पा

डान्स गर्न रुचाउनुहुन्छ ? भोलि शनिबार डान्स म्याराथुन इभेन्टको आयोजना हुँदैछ । यो कार्यक्रमले मनोरन्जन मात्र होइन, उपल्लो डोल्पाका बालबालिकाहरुका लागि शैक्षिक एवं पठनपाठनका अन्य सामग्रीमा समेत सहयोग पुर्‍याउनेछ । यो कार्यक्रममा सरिक हुँदा नाचगानसहित समाजसेवाको काममा पनि योगदान पुग्नेछ ।

**आयोजक :** रोट्र्याक्ट क्लब अफ पिपल्स क्याम्पस तथा रोट्र्याक्ट क्लब अफ न्युरोड सिटी काठमाडौं

**समय :** साँझ ७ : ३० देखि राति १० : ३० बजेसम्म

**प्रवेश शुल्क :** प्रतिव्यक्ति ३ सय रुपैयाँ तथा ५ जनाको समूहमा आउँदा प्रतिव्यक्ति २ सय ५० रुपैयाँ ।



## विकेन्ड पार्टी



# समर पुल पार्टी-२०७५

गर्मी बढिरहेको छ । यस्तो बेला पौडिन वा चिसो पानीमा हाम फाल्न कसलाई मन नहोला ? यदि तपाईं हेटौंडा आसपास हुनुहुन्छ भने समर पुल पार्टी-२०७५ मा सहभागी हुन सक्नुहुन्छ । पार्टीमा डिजे असिम तथा डिजे पिकेको संगीत तथा र्‍यापर सरकारका गीतहरु सुन्न सकिनेछ । पुल पार्टीमा खानेकुरा र ड्रिंक्सको समेत व्यवस्था छ ।

**आयोजक :** हेटौंडा फन भिल्ला, क्याम्पा डाँडा

**समय :** १२ बजेदेखि ५ बजेसम्म

**प्रवेश शुल्क :** ३ सय रुपैयाँ

## विकेन्ड स्पोर्ट्स

# शनिबार फिमेल राइड डे




भोलि शनिबार बान्हौं इन्टरनेसनल फिमेल राइड डे मनाइँदैछ । उक्त अवसरमा काठमाडौंको बालुवाटारस्थित मोटो हिमालयबाट प्रारम्भ भएर महिला स्कुटर राइडरहरूको र्‍याली खोकना पुग्नेछ । खोकनामा विभिन्न प्रकारका खेल तथा अन्तर्क्रियाको आयोजना गरिनेछ । त्यसैगरी त्यहाँ राइडर्स युनिफाइडले बाइक स्टन्टसमेत गर्नेछ । प्रत्येक वर्ष मे महिनाको पहिलो शनिबार इन्टरनेसनल फिमेल राइड डे मनाइन्छ । संसारको जुनसुकै स्थानमा भए पनि महिलाहरू पनि मोटरसाइकल वा कुनै पनि सवारी साधन चढ्न र त्यसमा रमाउन चाहन्छन् र यस्तो चाहना पूरा गर्नुपर्छ भन्नेसन्देश यो दिवसले दिन्छ ।

# पोखरामा योग खेलकुद

पोखरामा आज शुक्रबार दोस्रो दक्षिण एसियाली योग खेलकुद प्रतियोगिता प्रारम्भ हुँदैछ । नेपाल योग खेलकुद संघद्वारा आयोजित यो प्रतियोगिता वैशाख २३ गते आइतबारसम्म चल्नेछ । प्रतियोगितामा ७ मुलुकका करिब २ सय ७० देखि ३ सय महिला तथा पुरुष खेलाडीको सहभागिता रहनेछ भने पर्यवेक्षकका रूपमा जर्मनी, आयरल्यान्ड, स्लोभानिया, दक्षिण अफ्रिका र थाइल्यान्डबाट समेत १२ जना अन्तर्राष्ट्रिय पर्यवेक्षक नेपाल आउनेछन् ।

## विकेन्ड इभेन्ट

# पुरानो कीर्तिपुरको झ-झल्को



तपाईंलाई हाम्रो इतिहास जान्न मन छ वा ऐतिहासिक तस्बिरहरु हेर्न मन छ भने भोलि तस्बिर प्रदर्शनीमा सहभागी हुन सक्नुहुन्छ । विभिन्न समयमा फरक-फरक व्यक्तिले खिचेका कीर्तिपुरका सयवटा ऐतिहासिक तस्बिर उक्त प्रदर्शनीमा राखिनेछन् । प्रदर्शनीमा पृथ्वीनारायण शाहले तेस्रो पटक कीर्तिपुर हमला गरेर युद्ध जितेपछिका स्केचहरूसमेत हेर्न सकिन्छ । त्यतिबेला नेपाल घुम्न आएका विदेशी पर्यटकहरूले गरेका स्केच तथा विभिन्न कालखण्डमा खिचिएका तस्बिरहरु पनि प्रदर्शनीमा राखिनेछन् । यी तस्बिर विभिन्न स्रोत, पुस्तक, पुस्तकालय तथा फोटोग्राफरहरूबाट संकलन गरिएका हुन् ।

**आयोजक :** इन्द्रायणी परिवार क्लब

**स्थान :** उमामहेश्वर मन्दिर, (क्वाचो) कीर्तिपुर हाइट **समय :** बिहान १० देखि साँझ ६ बजेसम्म ।

## विकेन्ड ड्रिंक्स




**क्रोनोबर्ग**

नेपाली बजारमा आएको यो नयाँ फ्रेन्च बियर १६६४ नामले पनि चिनिन्छ ।

**मूल्य :** ४ सय ५० रुपैयाँ प्रतिबोतल

**सिंघा**




सिंघा थाई बियर हो । सन् २००६ मा थाइल्यान्डको बजारमा आएको यो बियर यतिबेला नेपाली बजारमा प्रवेश गरेको छ ।

**मूल्य :** ४ सय २५ रुपैयाँ प्रतिबोतल

**कोरोना**

संसारमा सबैभन्दा बढी बिक्री हुने बियरमध्ये एक कोरोना मेक्सिकन बियर हो । अमेरिकाबाहेक संसारका सबै देशमा निर्यात हुने यो बियर यतिबेला नेपाली बजारमा पनि उपलब्ध हुन थालेको छ ।

**मूल्य :** ४ सय ७५ रुपैयाँ प्रतिबोतल

**बडवाइजर**

अमेरिकाको चर्चित बडवाइजर बियर नेपालका सिमित ठाउँमा मात्र पाइन्छ ।

**मूल्य :** ४ सय ५० रुपैयाँ प्रतिबोतल

**स्टेला अर्टोइस**

यो बेल्जियम ब्रान्डको बियर हो ।

**मूल्य :** ४ सय ५० रुपैयाँ प्रतिबोतल




## विकेन्ड ककटेल

# बियरको ककटेल

**सामग्री :** जिन र फ्रेस लेमन जुस (६० एमएल), बियर (३३० एमएल), ओरेन्ज जुस, ओरेन्ज स्लाइस तथा सेरेचा सस ।

**विधि :** उल्लेखित सामग्रीहरू जम्मा पारिसकेपछि बियरको ककटेल बनाउँन खासै गाह्रो छैन ।

माइतीघरमण्डलास्थित थिस्अल ट्र्यांगलका रमेश बस्नेतले दिएको रेसिपीअनुसार जम्मा ५ मिनेटमै यो ककटेल तयार हुन्छ । सुरुमा एउटा बियर ग्लास लिनुहोस् । त्यसमा कागतीका केही थोपा हाल्नुहोस् । जिन र बडवाइजर मात्राअनुसार खन्याउनुहोस् । त्यसमाथि सुन्तलाको जुस तथा सेरेचा सस हाल्नुहोस् । यति कुरालाई एकछिन घोलेपछि बियर ककटेल तयार हुन्छ ।



## विकेन्ड म्युजिक

# कर्मा कफीमा युरोपियन म्युजिक

युरोपियन लोक संगीत सुन्न कत्तिको रूचाउनुहुन्छ ? त्यसो हो भने आज तीन जना नेपाली संगीतकारले नर्वेजियन, आइरिस, जर्मन र फ्रेन्च गीत-संगीतको धुनमा तपाईंलाई झुमाउनेछन् । नर्वेजियन कम्पोजर इगिल स्टोरबेक्केन आकर्षणको केन्द्र बन्नेछन् । यो कार्यक्रममा ४५ मिनेटको अवधिमा पर्याप्त रमाइलो गर्न सकिनेछ ।

**स्थान :** कर्मा कफी नेपाल, झम्सिखेल, ज्ञानमण्डल

**समय :** ५:३० देखि ७:३० बजेसम्म


### सांगीतिक साँझ

भोलि शेर्पा कलाकार बृहत सांगीतिक साँझ आयोजना हुँदैछ ।

**स्थान :** रामनगर पार्टी भेन्यु, बौद्ध

**समय :** २ बजे

चलचित्र



# डमरुको डन्डिबियो


**निर्देशक :** छेतन गुरुङ
**कलाकार :** खगेन्द्र लामिछाने, मेनुका प्रधान तथा अनुप बराल
**संगीत :** कालीप्रसाद बासकोटा

आज शुक्रबारदेखि चलचित्र डमरुको डन्डिबियो प्रदर्शनमा आउँदैछ । यो चलचित्रको मुख्य भूमिकामा पशुपति प्रसादका अभिनेता खगेन्द्र लामिछाने भएकाले पनि बहुप्रतिक्षित भएको छ । लोपोन्मुख राष्ट्रिय खेलको विषयमा बनेको यो चलचित्रमा बुद्धि तामाङ, लक्ष्मी बर्देवा, अंकित खड्का, नमिता घिसिङ आदि कलाकारले समेत महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । चलचित्रमा खगेन्द्रले डन्डिबियो खेलको जगेर्नाका लागि गरेको संघर्षको कथा देखाएको छ । समृद्धि इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको चलचित्र डमरुको डन्डिबियोमा विनोद गुरुङ तथा सुमी श्रेष्ठ घलेको लगानी छ । चलचित्रको कथा खगेन्द्रले नै लेखेका हुन् । यो चलचित्रलाई प्रितम पाण्डेले सम्पादन गरेका हुन भने हरि हुमागाईं यसका छायाँकार हुन् ।

# भोर


**निर्देशक :** यादवकुमार भट्टराई
**कलाकार :** रामनारायण ठाकुर, राजेश सक्सेना तथा डोली सरकार

तराईमा व्याप्त दाइजो प्रथालाई मुख्य विषय बनाइएको चलचित्र भोर आजदेखि प्रदर्शन हुँदैछ । यादवकुमार भट्टराईले चर्चित चलचित्र झोला कै ब्रान्डमा चलचित्र भोरको निर्देशन गरेका हुन् । त्यसैले पनि यो चलचित्रप्रति दर्शकको राम्रै चासो छ । चलचित्रको कथा कृष्ण धारावासीले लेखेका हुन । सम्पूर्ण छायांकन जनकपुरमा गरिएको चलचित्र भोरमा मुख्यत: मिथिलाञ्चलको प्रमुख समस्या दाइजो प्रथाका विभिन्न पाटो केलाइएको छ । मिडिया फर कल्चरको ब्यानरमा निर्मित यो चलचित्रमा प्रमेश झा, अनितारानी चौधरी, विष्णुकान्त झा, राजेश सक्सेना, बिएन पटेल, पूजा कर्ण आदि कलाकारले अभिनय गरेका छन् । चलचित्रका सबैजसो कलाकार स्थानीय छन, जहाँ रंगमञ्चका धुरन्धरदेखि नयाँ अनुहारसम्म अटाएका छन् । यो चलचित्रलाई दीपक बज्राचार्यले खिचेका हुन् ।




रंगमञ्च

# बितेका कुरा




पोखरा थिएटरको प्रस्तुतिमा नाटक बितेका कुरा मञ्चन हुने भएको छ । रुपनारायण सिंहले लेखेको यो नाटकलाई परिवर्तन कार्कीले निर्देशन गर्दैछन् । यो नाटकबाट पुराना रंगकर्मी प्रकट पंगेनी शिव रंगमञ्चमा फर्कंदैछन् । यसैगरी दिलप्रसाद गुरुङ, रमेश तिमिल्सिना, प्रसुना भण्डारी, बबिता मल्ल ठकुरी, शरद भण्डारी, सूर्य सुवेदी, धुर्व पौडेल, रोशन ज्ञवाली, सौरभ तिमिल्सिना, सम्झना सिर्पाली, सिमरन आदिले समेत यो नाटकमा अभिनय गर्नेछन् । झन्डै डेढ घण्टा लामो यो नाटक जेठ ३ गतेदेखि १९ गतेसम्म पोखरा थिएटरको गर्न्धव नाटकघरमा मञ्चन हुनेछ ।

# कुरूप हाँस





मण्डला नाटकघरमा वैशाख २८ देखि नाटक कुरुप हाँसमञ्चन हुने भएको छ । यो नाटकको कन्सेप्ट डेनमार्कका लेखक हान्स क्रिश्चिष्न एन्ड्रेसनको ‘अग्ली डक्लिङ’ नाटकबाट लिइएको हो जसलाई नाजिर हुसेनले निर्देशन गरेका छन् । जेठ २० गतेसम्म मञ्चन हुने नाटक कुरुप हाँसमा नाजिर हुसेन, विजया कार्की, किरण श्रेष्ठ, मिलन कार्की, बिनिता गुरुङ, विक्रम श्रेष्ठ आदि कलाकारले अभिनय गर्ने छन् । १ घण्टा ५ मिनेट लामो यो नाटक हरेक दिन ५:३० मा मञ्चन हुनेछ भने शनिबार नाटकको अतिरिक्त शो हुने बताइएको छ ।

# एनएफडीसी एवार्डमा अनमोल र बेनिशा उत्कृष्ट

छैटौं एनएफडिसी राष्ट्रिय चलचित्र पुरस्कार-२०७४ मा चलचित्र ‘शत्रु गते’ सर्वोत्कृष्ट चलचित्र घोषित भएको छ । ‘उत्कृष्ट चलचित्र’ एवार्ड पाएको यही चलचित्रका लागि मित्र डी. गुरुङले सर्वोत्कृष्ट सम्पादक, दीपकराज गिरी र प्रदीप भट्टराईले सर्वोत्कृष्ट लेखन, कथा र संवाद एवं अमित श्रेष्ठले ध्वनि पुन मुद्रणको ट्रफी जिते । निर्देशकको विधामा चलचित्र ‘लिलीबिली’ बाट मिलन चाम्सले एवार्ड हात पारे । निर्देशकसहित लिलीबिलीले चारवटा विधामा पुरस्कार जित्यो । बेस्ट ब्याकग्राउन्ड स्कोर विधामा ‘लिलीबिली’ का लागि एलिस कार्कीले एवार्ड थापे भने यही चलचित्रबाट छायाँकार सुदीप बराल सर्वोत्कृष्ट घोषित भए । लिलीबिली यतिबेला चौथो सातामा प्रदर्शन भैरहेको छ । अनमोल केसी उत्कृष्ट अभिनेता र बेनिशा हमाललाई उत्कृष्ट अभिनेत्री चुनियो । मह जुरी एवार्ड भने चलचित्र ‘भुइँमान्छे’ लाई प्रदान गरियो । उत्कृष्ट गायनमा ‘ऐश्वर्य’ चलचित्रको ‘तिमी रोएको पल...’ बाट अञ्जु पन्त र सुगम पोखरेल उत्कृष्ट भए । चलचित्र ‘२ रुपैयाँ’ को कुटुमा कुटु गीतबाट राजनराज शिवाकोटी उत्कृष्ट संगीतकार घोषित भए । सर्वोत्कृष्ट गीतकार, राष्ट्रिय चलचित्र पुरस्कार’ चलचित्र ए मेरो हजुर-२ को गीत कसम हो कसमबाट डा. कृष्णहरि बरालले चुमे ।



‘कुटुमा कुटु...’ गीतका कोरियोग्राफर कविराज गहतराज उत्कृष्ट नृत्य निर्देशक चुनिए । २०७४ मा राम्रो व्यवसाय गरेको ‘छक्का पञ्जा-२’ लाई सर्वोत्कृष्ट व्यवसायिक चलचित्रको ट्रफी प्रदान गरियो । ‘कृ’ का द्वन्द्व निर्देशक चन्द्र पन्तले उत्कृष्ट द्वन्द्व निर्देशकको एवार्ड जिते । हाँस्य कलाकारमा ‘छक्का पञ्जा-२’ बाट केदार घिमिरे ‘माग्नेबूढा’ उत्कृष्ट भए । नवअभिनेता तथा नवअभिनेत्रीतर्फ आशिरमान देसराज जोशी र जसिता गुरुङ पुरस्कृत भए । सह-अभिनेत्रीमा चलचित्र ‘ऐश्वर्य’ बाट केकी अधिकारी तथा प्रशान्त ताम्राकार सर्वोत्कृष्ट सहअभिनेता चुनिए ।

सर्वोत्कृष्ट ध्वनि पुन: मुद्रण (मिक्सिङ) राष्ट्रिय चलचित्र पुरस्कार’ चलचित्र शत्रु गतेबाट अमित श्रेष्ठले जिते भने यो वर्षको ‘मह जुरी राष्ट्रिय चलचित्र पुरस्कार चलचित्र भुई मान्छेबाट अभिनेता रमेश बुढाथोकीले हात पारे । कान्तिपुरकर्मी फूलमान वललाई ‘बेस्ट फिल्म जर्नालिस्ट एवार्ड’ प्रदान गरियो । एवार्डको जुरीमा अभिनेत्री चैत्यदेवी, संगीतकार शुभबहादुर सुनाम, साउन्ड इन्जिनियर प्रदीप कुमार उपाध्याय आदि सहभागी थिए ।

सूचना र मनोरञ्जनको संगालो
साप्ताहिक





**१९ वर्षीया स्वेच्छा केसी** आफूलाई बहुप्रतिभाशाली युवती भन्न रूचाउँछिन् । एकातिर उनी विज्ञान विषयमा स्नातक गरिरहेकी छिन् भने अर्कातिर व्यवसायिक मोडलका रूपमा स्थापित भैसकेकी छिन् । अमृत साइन्स कलेजमा माइक्रो बायोलोजीमा स्नातक दोस्रो वर्षमा अध्ययनरत स्वेच्छाले पछिल्लो एक वर्षको अवधिमा मोडल लाइक अ स्टार तथा मिस सगरमाथा गरी दुई प्रतियोगितामा मुख्य उपाधि नै जितिसकेकी छिन् भने झन्डै एक दर्जन फेसन शोमा क्याटवाक गरिसकेकी छिन् । '५ फिट ५ इन्च अग्ली स्वेच्छा भन्छिन्- 'मोडलिङ मेरो प्यासन हो ।' यसबीच स्वेच्छाले मिस नेपालमा पनि प्रतिस्पर्धा गर्ने योजनाका साथ अभिनय प्रशिक्षण लिएर चलचित्रमा पदार्पण गर्ने सोच समेत बनाएकी छिन् ।

'विज्ञान विषयकी छात्र-छात्रा, रूचिचाहिं ग्ल्यामरमा रहेछ, कसरी ? भन्ने जिज्ञासामा स्वेच्छा भन्छिन्-' विज्ञान पढ्ने छात्राहरु बहुप्रतिभाशाली हुन्छन् भन्ने कुरा प्रमाणित गर्दैछु ।' गायन तथा नृत्यमा समेत रूचि राख्ने स्वेच्छाको बेली डान्सबाट लट्ठ हुनेहरु थुप्रै छन् । स्विमसुटमा पहिलो पटक फोटोसेसन गर्दा केही असजह महसुस गरे पनि यो अनुभव आफ्ना लागि सुखद रहेको स्वेच्छाले बताइन् ।

*कृष्ण भट्टराई*



तस्बिर : महेश प्रधान
लोकेसन : जास्मिन फिटनेस सेन्टर, त्रिपुरेश्वर
मेकअप : अम्बु रुचाल, मिरर ब्युटि स्टुडियो
पहिरन : पिजेज कलेक्सन, सिभिल मल

Log on to :
facebook
www.facebook.com\kantipursaptahik

# स्वेच्छा केसी









# १४ महिनाको दाह्री

चलचित्रको आफ्नो भूमिकाका लागि कलाकारले कतिसम्म गर्न सक्छन् ? नयाँ अभिनेता कबिर खड्कासमक्ष यो जिज्ञासा राख्ने हो भने रमाइलो जवाफ पाइनेछ । प्रदर्शनको तयारीमा रहेको चलचित्र 'लम्फू' का अभिनेता खड्काले चलचित्रको एउटा महत्वपूर्ण दृश्यका लागि एक वर्षभन्दा लामो समय दाह्री पालेको रहस्य सार्वजनिक गरेका छन् । चलचित्रका अधिकांश अभिनेताले आफ्नो भूमिकाका लागि नक्कली दाह्री-जुँगा प्रयोग गर्ने चलन चलिरहेका बेला कबिरले भने चलचित्रको क्लाइमेक्सका लागि झन्डै १४ महिना दाह्री पाले । 'आफ्नो चरित्रलाई वास्तविकतासँग नजिक पुऱ्याउन म एक वर्षभन्दा लामो समय दाह्री पालेर बसें, कबिर भन्छन्- 'जेलको कैदीको भूमिकाका लागि निर्देशक गोपाल चन्द्र लामिछानेले दाह्री पाल्न आग्रह गर्नुभयो । निर्देशकको आग्रहबमोजिम मैले दिनको छायांकनका लागि आफ्नो दाह्रीलाई निरन्तरता दिइरहें ।' उक्त अवधिमा कबिरले दाह्रीकै कारण के चलचित्र तथा विज्ञापनको प्रस्ताव अस्वीकार गरेको समेत बताएका छन् ।



# चिसियो सम्बन्ध

नयाँ वर्षको पूर्व सन्ध्या पारेर प्रदर्शनमा आएको चलचित्र 'लिलिबिली' व्यवसायिक रूपमा सफल त भयो, तर चलचित्रको सफलतासँगै यसका कलाकार तथा प्राविधिकहरूबीच मनमुटाव सिर्जना भएको बताइन्छ । चलचित्र प्रदर्शनमा आएको केही दिनमै चलचित्रका निर्देशक मिलन चाम्ससँग उक्त चलचित्रका अभिनेता प्रदीप खड्का, अभिनेत्री जसीता गुरुङ तथा निर्माता गोविन्द शाही टाढिएको अनुभव गरियो । प्रदीप, जसीता तथा शाहीसँग निर्देशक चाम्सको सामान्य कुराकानीसमेत नभएको देखियो । एनएफडिसी एवार्ड वितरण समारोहमा जम्काभेट हुँदा प्रदीप र मिलनले हात समेत मिलाएनन् । निर्देशक चाम्सले त चलचित्रकी अभिनेत्री जसीतासँग आफूले गरेको फोन नउठाएको गुनासोसमेत गर्न भ्याए । यी सबै घटनाक्रमका बीच वास्तविकता जान्ने प्रयास गरियो । यद्यपि दुवै पक्षले आफूहरूबीच सामान्य सम्बन्ध रहेको दावी गर्न छाडेका छैनन् । वास्तवमा निर्देशक चाम्सको आगामी चलचित्रका लागि प्रदीपले समय उपलब्ध गराउन नसक्ने भएपछि उनीहरूबीच सामान्य मनमुटाव भएको बताउनेहरू पनि छन् । प्रदीप भने उक्त कुरा अस्विकार गर्छन् । यता प्रदीप र शाहीले नयाँ चलचित्रमा सहकार्य गर्ने तथा त्यसमा चाम्स नरहने भएपछि उनीहरूको सम्बन्ध थप बिग्रिएको हो भन्नेहरू पनि छन् ।



# गायिकाको ग्ल्यामर

चलचित्रका अभिनेत्री तथा फेसन शोका मोडल मात्र होइन, स्टेजमा उत्कृष्ट सांगीतिक प्रस्तुती दिने गायिकाहरूले पनि आफूलाई ग्ल्यामरस शैलीमा प्रस्तुत गर्न थालेका छन् । गायिका इन्दिरा जोशी हुन् अथवा आस्था राउत, स्टेजमा उनीहरूको प्रस्तुति लोभलाग्दो त हुन्छ नै, हाउभाउ पनि उत्तिकै आकर्षक हुन्छ । उनीहरूलाई नै पछ्याउँदै नेपाली सांगीतिक क्षेत्रमा एउट नयाँ अनुहारको उदय भएको छ- सिर्जना गुरुङका रूपमा । केही महिनाअघि 'मेरो एल्बम' शीर्षक राखेर डेब्यू एल्बम सार्वजनिक गर्ने यी गायिकाले उक्त एल्बमको 'खुशी छ यो मन' गीतको म्युजिक भिडियोबाट राम्रै प्रशंसा पाएकी थिइन् । कन्सर्टमा समेत बाक्लै उपस्थिति जनाउन थालेकी सिर्जना आफ्ना तस्विरलाई फेसबुकमा राखेर सयौं लाइक र कमेन्ट पाइरहेकी छिन् भने उनले भविष्यमा मोडलिङ हुँदै चलचित्रमा आउन सक्ने सम्भावनालाई समेत नकारेकी छैनन् । यसैबीच सिर्जनाले आफ्नो नयाँ गीत किन दुःख मान्छौको म्युजिक भिडियो यसै साता सार्वजनिक गर्दैछिन् ।

कुराकानी

# क्लासिक बेसका हार्ड गीतहरू गाउन लगाउँछन्

आफ्नो पुर्ख्यौली जिल्ला ताप्लेजुङमा सार्वजनिक शौचालय निर्माणार्थ आयोजना गरिएको कञ्जनजंघा साँझका लागि हङकङ पुगेका गायक प्रमोद खरेलसँग साप्ताहिकको पाँच प्रश्न ।

**सांगीतिक प्रस्तुतिका लागि तपाईंको कतिऔं हङकङ भ्रमण हो ?**

मेरो यो दोस्रो भ्रमण हो । संसारका धेरै देशमध्ये नेपालीहरूको बाक्लो बसोबास रहेको हङकङमा मलाई माया गर्नेहरू धेरै हुनुहुन्छ, तर अन्य देशको तुलनामा यहाँ आउने अवसर भने कमै पाएको छु ।

**हङकङको सम्झनलायक केही कुरा ?**

हङकङ सुन्दर, शालिन सानो नेपालझैं लाग्छ । हङकङेलीहरूले नेपाली संगीत तथा कलाकारहरूप्रति देखाउनुभएको सद्भावले अझ राम्रो काम गर्ने जोस बढेर आउँछ । व्यस्त समयका बाबजुद नेपाली कला-संस्कृतिप्रति उहाँहरूको श्रद्धा गजबकै छ ।

**यसपटकको भ्रमण तपाईंका लागि किन विशेष ?**

हो, यसपटकको सांगीतिक प्रस्तुति मेरा लागि विशेष छ, कारण म दर्शक, श्रोताहरूका लागि गीत गाउँदैछु तर एउटा सामाजिक कामका लागि ।

**चलचित्रका गीतमा कम सुनिनुभएको हो ?**

होइन, गाइरहेको छु । मलाई चलचित्रका स्याड भर्सन अलि क्लासिक बेसका हार्ड गीतहरू गाउन लगाइन्छ । चलचित्र प्रमोशनका हिसावमा मैले गाएका गीत दोस्रो, तेस्रो स्थानमा परेकाले होला कम सुनिएको ।

**तपाई आफैंलाई अत्यन्त मन परेको गीत**

आफ्ना सबै सिर्जना प्रिय त लाग्छन् नै, तर चलचित्र लम्फूको गीत 'तिमीलाई भुलेर ज्यूनुपरे' अत्यन्तै कर्णप्रिय बनेको छ ।

प्रस्तुति : अनोज रोक्का, हङकङ





# केकीको स्विकारोक्ति

अभिनेत्री केकी अधिकारीका लागि पछिल्लो साता सहज रहेन । आफैंले निर्माण गरेको चलचित्र 'कोहलपुर एक्सप्रेस' एउटा हिन्दी चलचित्रबाट नक्कल गरिएको समीक्षा प्रकाशित भएपछि केकी तनाबमा समेत आइन् । कमल हसन तथा मनिषा कोइराला अभिनित मुम्बई एक्सप्रेसको कथा र कोहलपुर एक्सप्रेसको कथा, पटकथा तथा संवाद उस्तै भएपछि छापा तथा अनलाइनमा केकीमात्र होइन निर्देशक विशाल भण्डारीको समेत आलोचना भैरहेको छ । प्रियंका कार्कीदेखि कुशाग्र भट्टराईसम्मका कलाकारको अभिनय उत्कृष्ट रहे पनि कथा नक्कल गरिएकाले चलचित्रले चर्को आलोचना खेप्नुपरेको हो । आलोचना बढ्दै गएपछि चलचित्र प्रदर्शन भएको तेस्रो दिन निर्मात्री अधिकारीले मुख खोलिन् । उनको भनाइ छ- ' हिन्दी चलचित्रको नक्कल भन्नु गलत हो, प्रभावित भएको कुराचाहिं साँचो हो ।' केकी चलचित्रको क्रेडिट लाइनमै ' इन्स्पायर्ड बाइ मुम्बई एक्सप्रेस' लेखिएको बताउँछिन् । निर्देशक भण्डारीले भने आफ्नो निर्देशनको पहिलो चलचित्र भएकाले मेकिङमा केही कमजोरी भएको स्वीकार गर्दै नक्कल भनिएको कुरामा असहमति जनाए ।



# धेरैपछि निरुता

कुनै बेलाकी नम्बर वान अभिनेत्री निरुता सिंह झन्डै एक दशकदेखि चलचित्रमा छैनन् । काठमाडौंको स्थायी बसोवासलाई पूर्ण विराम लगाउँदै मुम्बई बसाइँ सरेकी निरुता यो अवधिमा बेला-बेलामा काठमाडौं आऊ-जाऊ गरिरहन्छिन् । सिक्किमसहित विदेशमा आयोजना हुने चलचित्रका एवार्ड समारोहहरूमा समेत उनको उपस्थिति हुन्छ । यसपटक पनि उनी एउटा एवार्ड वितरण समारोहमा सहभागिता जनाउन काठमाडौं आइन् । यद्यपि यसपटकको उनको भ्रमण उनकै अभिनय करियरका लागि फाइदाजनक रहयो । नेपाल आएका बेला उनले निर्देशक विकास आचार्यको चलचित्र ' नाइँ नभन्नु ल-५' मा अभिनय गरेकी छिन् । निर्देशक आचार्यकै आग्रहमा निरुताले उक्त चलचित्रका लागि एक दिनको समय छुट्याइन् । चलचित्रका लागि दिलीप रायमाझी तथा अनुभव रेग्मीसंग निरुताको संवादसहितको दृश्य खिचिसकिएको छ । निरुतालाई अनुभवको आमाको भूमिकामा प्रस्तुत गरिएको बताइएको छ, यद्यपि यस विषयमा निरुता तथा निर्देशक आचार्यले मुख खोलेका छैनन् ।

व्यक्ति एक टिप्पणी अनेक



● खगेन्द्र लामिछाने, अभिनेता

# कलमको जगमा उभिएको एउटा कलाकार

चलचित्र 'बधशाला' मार्फत रजतपटमा पदार्पण गर्ने अभिनेता खगेन्द्र लामिछाने कुशल लेखक पनि हुन् । लेखकका रुपमा विभिन्न तीनवटा कृति सार्वजनिक गरिसकेका लामिछानेले यो अवधिमा टलकजंग भर्सेस टुल्के, पशुपतिप्रसाद, धनपतिजस्ता चलचित्रमा अभिनय गरिसकेका छन् । सरल स्वभावका यी अभिनेता फिक्सनभन्दा वास्तविक कथामा आधारित चलचित्रमा अभिनय गर्न रुचाउँछन् । प्रदर्शनको तयारीमा रहेको चलचित्र डमरुको डन्डीबियोमा नेपालको पुरानो खेल डन्डीबियो खेलाडीको भूमिकामा प्रस्तुत भएका खगेन्द्र आगामी दसैंमा प्रदर्शनमा आउने अशोक शर्माको चलचित्र जय भोलेमा पनि पृथक् भूमिकामा प्रस्तुत भएका छन् । प्रतिभाशाली कलाकार लामिछानेका बारेमा उनका सहकर्मीहरूको टिप्पणी ।

खगेन्द्र लामिछानेको अभिनय राम्रो छ, तर उहाँको अभिनय कलाभन्दा कलम कला उत्तम लाग्छ । कलमको जगमा उभिएको कलाकारिता दिगो हुन्छ ।

**दीपकराज गिरी, अभिनेता/निर्देशक**

खगेन्द्र लामिछाने मौलिकता भएका कलाकार हुन् । थिएटरमा सिकेको अभिनय कला अहिले चलचित्रमार्फत प्रस्तुत गरिरहेका छन् । धेरै नेपाली अभिनेताको हाउभाउ, बडी ल्याङवेज र डाइलग डेलिभरीमा समस्या छ । अधिकांश कलाकार अन्य कलाकारबाट प्रभावित छन्, तर खगेन्द्रले अन्य नेपाली कलाकारलाई मौलिक अभिनय सिकाइरहेका छन् । उनी साहित्य सर्जक हुनु र आफ्नै चलचित्रको लेखक, पटकथाकार पनि भएकाले सबैमा उनको आफ्नोपन छ ।

**भूपेन्द्र खड्का, गीतकार/रेडियोकर्मी**

खगेन्द्र लामिछाने असाध्यै राम्रो नेचुरल एक्टर हुनुहुन्छ । लामिछाने रियालिस्टिक चलचित्र बनाउने मेकरहरूको पहिलो रोजाइ हो । छानेर चलचित्र गर्ने र क्यारेक्टर रिसर्च एकदमै गर्ने भएकाले होला, उहाँले निर्वाह गरेको चरित्रमा एकरत्ति बनावटीपन झल्कँदैन ।

**प्रदीप भट्टराई, निर्देशक**

खगेन्द्र लामिछानेको सबैभन्दा प्रभावकारी पक्ष भनेकै अभिनय गर्ने शैली हो । उहाँले जति पनि चलचित्रमा काम गर्नुभएको छ, अब्बल अभिनय गर्नुभएको छ । उहाँलाई हरेक चलचित्रमा भिन्न-भिन्न भूमिकामा देख्न पाइन्छ । उहाँले अभिनय गरेका चलचित्रमध्ये मलाई पशुपतिप्रसादको भूमिका मन परेको छ भने डमरुको डन्डीबियोमा उहाँ अझ पृथक देखिनु भएको छ ।

**दिनेश सिटौला, सञ्चारकर्मी**

खगेन्द्र एक गम्भीर र सेन्सिवल एक्टर हुन् । उनले सिनेमा र रंगमञ्चमा अभिनेताको रूपमा जुन अवतार खेलेका छन्, ती एक हिसाबले अब्बल देखिएका छन् । त्यसो त हरेक भूमिकामा सबै अभिनेता छिर्न सक्दैनन् । हरेकको आ-आफ्नै सीमा हुन्छ । यद्यपि साँचो कलाकारले ती सीमालाई चिरेर आफ्नो शिल्पको दायरालाई फराकिलो बनाउँछ । निःसन्देह खगेन्द्र आफ्नो शिल्पको बाटोलाई फराकिलो बनाउन खोज्ने अभिनेताहरु भित्र पर्छन् ।

**अनुप बराल, रंगकर्मी/निर्देशक**

प्रस्तुति : कृष्ण भट्टराई



# बेस्ट ड्रेस सेलिब्रेटी

सिर्जना दुवाल श्रेष्ठ

नेपाली सेलीब्रेटीहरु पनि आफू स्मार्ट, आकर्षक र अरुभन्दा फरक देखाउने मामिलामा कोहीभन्दा कम छैनन् । विगतको तुलनामा अहिले आफ्नो रूचि, काम, शरीरिक बनावट तथा स्किनको कलरअनुसार डिजाइनर वेयरमा हिँड्न रूचाउनेहरु पनि निकै बढेका छन् भने धेरैजसोले आफ्नै छुट्टै स्टाइलसमेत बनाउँदै गएका छन् । यस्तो पहिरन फेसनमा छ भनेर त्यसको पछि दौडनुभन्दा आफैंले आफ्नो स्टाइल विकसित गर्ने नेपाली युवाहरु प्रशस्तै छन् । २०७४ सालमा फेसनको फलो गर्ने, फेसन ट्रेन्ड बनाएका र फेसन स्टाइलमा आफूलाई स्थापित गरेका सर्वाधिक स्टाइलिस्ट नेपाली सेलिब्रेटी को होलान् त ? हामीले ५ जना फेसन डिजाइनरसँगको रायअनुसार एउटा सूची तयार पार्ने प्रयास गरेका छौं । फेसन डिजाइनर आस्तिक शेरचन, तेन्जिङ भुटिया, मञ्जु ढकाल, मुक्ता श्रेष्ठ तथा सुष्मा सिंहको नजरमा फेसन सेन्समा अब्बल ५ जना पुरुष तथा ५ जना महिला सेलीब्रेटी :





पेरिसमा फेसन डिजाइनिङ पढेर नेपाली फेसन बजारमा सक्रिय डिजाइनर हुन्– आस्तिक शेरचन । पुल्चोक-३ बुटिकमार्फत आफ्नो कला प्रस्तुत गरिरहेका छन् शेरचनले ।

**आस्तिक शेरचन**





एक दशक देखि नेपाली फेसन डिजाइनिङमा व्यस्त तेन्जिङ इन्डियन रियालिटी शो लेट्स डिजाइन सिजन-२ का फाइनलिस्ट हुन् । उनले डिजाइन गरेको पहिरनले २०१३ की मिस अर्थ रोजिशा शाहीलाई वेस्ट ड्रेस एवार्डसमेत दिलाएको थियो । तेन्जिङ हङकङ तथा अस्ट्रेलियाका फेसन शोहरूमा समेत प्रस्तुत भैसकेका छन् ।

**तेन्जिङ स्टेटन भुटिया**

## पुरुष :

१ **अनिल केशरी शाह** (बैंकर) : कर्पोरेट लुक्समा राम्रो देखिन्छ ।
२ **प्रबल गुरुङ**(फेशन डिजाइनर) : एकदमै क्याजुअल, स्मार्ट लुक्स ।
३ **अनमोल केसी** (अभिनेता) : फेसन ट्रेन्डी ।
४ **लेक्स लिम्बु** (ब्लगर) : पहिरनमा नेपाली टच ।
५ **सुहृद ज्योति** (बिजनेसम्यान) : जिउलाइ सुहाउने पहिरन लगाउने र जस्तोसुकै परिहन पनि क्यारी गर्न सक्ने ।

## महिला :

१. **सृष्टि श्रेष्ठ** (पूर्व मिस नेपाल तथा अभिनेत्री) : उनको स्टाइल पछ्याउन लायक छ ।
२.**मालिभका सुब्बा** (पूर्व मिस नेपाल) : माल्भिकाको पहिरन स्टाइलिस्ट तथा ग्ल्यामरस हुन्छ ।
३. **आस्था पोखरेल** (मोडल) : जस्तोसुकै पहिरनमा पनि नेचुरल देखिन्छिन् ।
४. **मनीषा कोइराला** (अभिनेत्री) : जस्तोसुकै पहिरनमा पनि राम्रो देखिन्छ ।
५. **अञ्जली लामा** (ट्रान्स जेन्डर मोडल) : फेसन फरवार्ड छिन् ।



## महिला

१ **साम्राज्ञी राज्यलक्ष्मी शाह** (अभिनेत्री) : पहिरनलाई सुन्दर तथा सिर्जनात्मक तरिकाले क्यारी गर्छिन् ।
२ **रीमा विश्वकर्मा** (अभिनेत्री) : उनको पहिरन शैलीमा भर्सटाइलिटी छ । वेस्टर्न र इस्टर्न दुवै किसिमका पहिरन उतिकै आकर्षक तरिकाले लगाउँछिन् ।
३ **आना शर्मा** (अभिनेत्री) : वेस्टर्न लुक्समा स्मार्ट देखिन्छिन् ।
४ **सुजिना श्रेष्ठ** (रक गायिका) : कन्फिडेन्टका साथ क्याजुअल वेयर फलो गर्छिन् । जुन उनलाई असाध्यै सुहाउँछ ।
५ **ऋचा शर्मा** (अभिनेत्री) : इथनिक वेयरमा निकै आकर्षक देखिन्छिन् ।

## पुरुष

१ **अनमोल केसी** (अभिनेता) : (पहिरनमा क्रियटिभिटी) उनी आफूलाई फरक-फरक पहिरनमा प्रस्तुत गर्छन् । उनको स्टाइल तथा कलर च्वाइस निकै राम्रो छ ।
२ **स्वप्न सुमन** (गायक) : उनको स्टाइल भर्सटाइल छ । जस्तोसुकै पहिरन लगाउँदा पनि आकर्षक देखिन्छ । लामो केशसँग वेस्टर्न र इस्टर्न दुवै लुक्समा कुल देखिन्छन् ।
३ **आशिरमान देशराज** (अभिनेता) : फर्मल वेयरमा उनको लुक्स निकै ड्यासिङ देखिन्छ । उनले अचम्म तरिकाले फर्मल ड्रेसहरू सजिलैसँग क्यारी गरिरहेका हुन्छन् ।
४ **आयुष्मान देशराज** (अभिनेता) : स्किनी पाइन्ट तथा क्याजुअल प्रिन्टलाई उनले जस्तो क्यारी अरू कसैले गर्न सक्दैनन् । उनीसँग कसैको पनि तुलना गर्न सकिँदैन ।
५ **प्रदीप खड्का** (अभिनेता) : हँसिलो तथा क्युट अनुहारमा उनले लगाउने सेमी क्याजुअल पहिरन निकै आकर्षक देखिन्छ ।

## जसले आफूलाई सुधार्ने ठाउँ छ :

**रेखा थापा** : लोकप्रिय अभिनेत्री रेखा थापाको अभिनय कलाका प्रशंसक पनि उत्तिकै छन्, तर उनले छान्ने पहिरन उनको व्यक्तित्व तथा उनको शारिरीक बनावट अनुकूल हुँदैन । उनले आफ्नो ड्रेस सेन्स र स्टाइल सुधार्ने हो भने अझ आकर्षक देखिन सक्छिन् । रेखालाई ट्रेडिसनल तथा इथनिक वेयर बढी सुहाउँछ । रेखा सारीमा एकदमै राम्री देखिन्छिन् ।

**आकाश श्रेष्ठ** : अहिलेको पुस्ताद्वारा रुचाइएका अभिनेता आकाश श्रेष्ठको बडी, हाइट सबै राम्रो छ तर उनी जस्तो पनि पहिरन लगाइरहेका हुन्छन् । स्टाइलिस्ट वेयरका साथ आफूलाई मेन्टेन गर्ने हो भने उनको उचाइ अझ माथि पुग्नेछ ।



## महिला :

१ **अस्मि श्रेष्ठ** (पूर्व मिस नेपाल) : उनी योङ एन्ड भाइब्रेन्ट छिन् । अस्मि जे लगाए पनि सुहाउने किसिमले म्याच गरी लगाउन जान्दछिन् ।

२ **शुभेच्छा खड्का** (भीजे, मोडल) : फेसन स्टाइलिस्ट छिन् । कुन अवसरमा कस्तो पहिरन लगाउनुपर्छ भन्ने ज्ञान छ । क्याजुअल, स्पोर्टी, इथनिक जस्तोसुकै पहिरन पनि राम्रोसँग मिलाएर लगाइरहेकी हुन्छिन् ।

३ **आस्था पोखरेल** (मोडल) : अफ ब्रान्डको क्याजुअल वेयर लगाए पनि एटिच्युटका साथ लगाउँछिन् । जस्तो लगाए पनि सुहाउँछ ।

४ **मालिभका सुब्बा** (पूर्व मिस नेपाल) : फर्मल तथा कर्पोरेट लुक्समा आफूलाई स्मार्ट र फरक देखाउन सक्छिन् ।

५ **विदुषी राणा** (व्यवसायी) : क्लासिक तथा इलिगेन्ट तरिकाले पहिरन लगाउँछिन् ।

## पुरुष

१ **प्रशान्त ताम्राकार** (मोडल, कोरियोग्राफर तथा अभिनेता) : समयअनुसार आफूलाई अपडेट गरी ड्रेस सेन्स र स्टाइलका साथ प्रस्तुत हुन्छन् ।

२ **अनुपविक्रम शाही** (अभिनेता तथा मोडल) : फेसन ट्रेन्डमा के छ र त्यसमध्ये आफूलाई के सुहाउँछ त्यसलाई फलो गर्छन् । उनको क्याजुअल र फर्मल दुवै स्टाइल राम्रो छ ।

३ **अनिलकेशरी शाह** (बैंकर) : कर्पोरेट लुक्समा आफूलाई सधैं फिट एन्ड स्मार्ट देखाउन सक्छन् ।

४ **रेहान श्रेष्ठ** (ब्लगर) : नयाँ-नयाँ पहिरनसँग प्रयोग गरी रहने तर आफूलाई सुहाउने गरी । फर्मल र क्याजुअल दुवैमा उत्तिकै सुहाउँछ ।

५ **रवीन्द्र मिश्र** (सञ्चारकर्मी तथा राजनीतिज्ञ) : फेसन फलो गर्नेभन्दा काम अनुसारको फर्मल पहिरनमा हिँड्न जान्ने ।

२३ वर्षदेखि फेसन डिजाइनरका रूपमा सक्रिय मुक्ता श्रेष्ठ नेपाली फेब्रिकलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन प्रयत्नरत छिन् ।

**मुक्ता श्रेष्ठ**









डेढ दशकदेखि नेपाली फेसन डिजाइनिङमा सक्रिय सुष्मा सिंह केही वर्षदेखि मिस नेपालकी अफिसियल फेसन डिजाइनर समेत हुन् । उनी बंगलादेश तथा भारतका फेसन शोहरूमा समेत सहभागी भैसकेकी छिन् ।

**सुष्मा सिंह**

## महिला :

१ **विदुषी राणा** (बिजेसन वुमन) : फेसन ट्रेन्डसँगै आफ्नो फिगर र उमेरका साथमा फेसन कन्सस ।

२ **मालिभका सुब्बा** (पूर्वमिस नेपाल तथा सञ्चारकर्मी) : स्मार्ट एन्ड प्रोफेसनल । फर्मल लुक्समा उनलाई बढी रुचाइन्छ ।

३ **निकिता चाण्डक** (मिस नेपाल) : कन्फिडेन्टका साथ आफ्नो पहिरनलाई क्यारी गर्न सक्छिन् ।

४ **विद्या भण्डारी** (राष्ट्रपति) : नेपाली फेब्रिक ढाकाको सारी असाध्य सुहाउँछ ।

५ **ऋचा शर्मा** : समय र ठाउँअनुसार आफूलाई क्यारी गरेर ड्रेस लगाउन जान्दछिन् ।

## पुरुष :

१ **भोला थापा** (बिजनेसम्यान) : उनको फर्मल ड्रेस सेन्सले गर्दा नै पर्सनाल्टी राम्रो देखिन्छ ।

२. **अनिलकेशरी शाह** (बैंकर) : फर्मलमा एन्टिच्युटका साथ पहिरन लगाउन सक्छन् ।

३. **प्रशान्त ताम्राकार** ( मोडल) : क्याजुअल र फर्मल दुवैमा उत्तिकै राम्रो देखिन्छ ।

४ **गोपाल कक्षपती** (अध्यक्ष हिडेन ट्रेजर) : कुल फर्मल पहिरनमा स्मार्ट लुक्स ।

५ **आशिरमान देशराज** : क्याजुअल र फर्मल वेयर दुवैमा पर्फेक्ट देखिन्छ ।





फेसन डिजाइनिङमा डेढ दशकदेखि सक्रिय मन्जुले इथोपियामा पनि फेसन कोर्स गरेकी हुन् । उनले नेपाली सेलीब्रेटीहरूका लागि पनि ड्रेस डिजाइन गर्दै आएकी छिन् ।

**मन्जु ढकाल बन्जरा**



## महिला :

१ **आँचल शर्मा** (अभिनेत्री) : वेस्टर्न तथा नेपाली दुवै स्टाइल उत्तिकै सुहाउँछ ।

२ **साम्राज्ञी राज्यलक्ष्मी शाह** (अभिनेत्री) : प्रायः कोरियन लुक्स तथा क्याजुअलमा देखिने साम्राज्ञी त्यस्तै पहिरनमा इलिगेन्ट देखिन्छिन् ।

३ **श्वेता खड्का** (अभिनेत्री) : उनको लुक्स नै सोभर छ । उनले लगाउने फेरिटेल, गाउनहरू एकदमै सुहाउँदो हुन्छ ।

४ **आना शर्मा** (अभिनेत्री) : वेस्टर्न लुक्समा स्मार्ट ।

५ **करिश्मा मानन्धर** (अभिनेत्री) : सारीलगायत ट्रेडिसनल लुक्समा आकर्षक देखिन्छिन् ।

## पुरुष :

१ **राजेश हमाल** (अभिनेता) : क्याजुअल र फर्मल दुवैमा सुहाउँछ । त्यसमा पनि स्ट्रीट फेसन लुक्स अझ राम्रो छ ।

२ **पल शाह** (अभिनेता) : चकलेटी नायक पलको रफ एन्ड टफ लुक्स राम्रो छ ।

३ **अनमोल केसी** (अभिनेता) : कोरियन फेसन स्टाइल फलो गर्छन्, जुन उनलाई एकदमै सुहाउँछ ।

४ **प्रदीप खड्का** (अभिनेता) : हलिउड स्टारको लुक्स आउने भएकाले उनले फलो गर्ने हिपहस्टर लुक्स नै बेस्ट छ ।

५ **प्रशान्त ताम्राकार** (मोडल) : फर्मल तथा क्याजुअल दुवैमा उत्तिकै ड्यासिङ लुक्स आउँछ ।




## फुङ्नाम र यान्जीलाई सफलता

फेस्टिभल मोडल एन्ड ट्यालेन्ट वर्ल्ड-२०१८ मा नेपालका तर्फबाट सहभागी यान्जी केसी तथा फुङ्नाम लिम्बूले सफलता प्राप्त गरेका छन् । वैशाख १४ गते टर्कीको अन्तालियामा सम्पन्न प्रतियोगिताको ग्रान्ड फिनालेमा फुङ्नाम लिम्बू ७ देखि १० वर्षको उमेर समूहमा शीर्ष उपाधि जित्न सफल भएकी छिन् भने याङ्जी केसी ४ देखि ६ वर्षको उमेर समूहमा सेकेन्ड रनर्सअप घोषित भएकी छिन् । यसबाहेक फुङ्नाम बेस्ट क्याटवाक र बेस्ट ट्यालेन्टको समेत हकदार भइन् भने याङ्जीले बेस्ट स्माइल र टुरिज्म एवार्ड हात पारिन् ।

## किड्स क्यापिटल

९ वर्षीया प्रकृति भट्टराई तथा १३ वर्षीया प्राप्ती थापाले किड्स क्यापिटल-२०१८ को उपाधि जितेका छन् । काठमाडौंमा सम्पन्न उक्त प्रतियोगितामा प्रनिशा भट्टराई तथा प्राजु तामाङले फस्ट रनर्स अप तथा डेनियल प्रधान र मायेशा शर्माले सेकेन्ड रनर्सअपको उपाधि हात पारे । टच इन्टरटेन्मेन्ट तथा स्पर्श फिल्म्सले आयोजना गरेको उक्त प्रतियोगितामा काठमाडौंका विभिन्न विद्यालयमा अध्ययनरत ४५ जना बालबालिका सहभागी थिए ।



## संक्षेपमा



### मिस्टर नेसनल युनिभर्समा

मिस्टर नेसनल युनिभर्स-२०१८ मा नेपालका तर्फमा फणीन्द्र प्रसाईंको सहभागिता हुने भएको छ । मोडलिङ, फोटोग्राफी, बाइक तथा खानाका सौखीन फणीन्द्र मिस्टर एन्ड मिस ग्ल्यामरस आइकनको दोस्रो संस्करणका उपाधि विजेता हुन् । जेठ ३० गतेदेखि थाइल्यान्डमा सञ्चालन हुने उक्त प्रतियोगितामा विश्वका दुई दर्जनभन्दा बढी मुलुकको सहभागिता रहनेछ ।

### छानिए मोडलहरू

नमुना कलेज अफ फेसन टेक्नोलोजीको ग्राजुएसन फेसन हुने भएको छ । उक्त प्रतिस्पर्धाका लागि ३ सयभन्दा बढीको अडिसनबाट युवा-युवती गरी ४० जना मोडल चयन भएका छन् । जेठ ५ गते आयोजना हुने यो फेसन शो 'सिरा डि स्टिलिस्टा' शीर्षकमा प्रस्तुत हुनेछ, जसमा ६३ जना डिजाइनरले आ-आफ्नो सिर्जना प्रदर्शन गर्ने बताइएको छ ।

### व्यासनगर साइनिङ स्टार

बालबालिकाको प्रतिभा प्रस्फुटन गर्ने उद्देश्यले व्यासनगर जेसिजको आयोजनामा व्यासनगर साइनिङ स्टार सञ्चालन हुने भएको छ । छैटौं संस्करणको यो प्रतियोगितामा १० देखि १५ वर्ष उमेर समूहका बालबालिका सहभागी हुन पाउनेछन् । साइनिङ स्टारको ग्रान्ड फिनाले जेठ १९ गते हुनेछ ।

### नेक्स्ट सुपर टप्स मोडल

मोडल सङ्स नेपालद्वारा नेक्स्ट सुपर टप्स मोडल नेपाल प्रतियोगिताको दोस्रो सिजन सञ्चालनमा आउने भएको छ । आउँदो जेठ १९ गते काठमाडौंको बानेश्वरस्थित रेड डाइमन्ड क्याफेमा नेक्स्ट सुपर टप्स मोडल नेपाल-२०१८ को अडिसन हुन लागेको मोडल सङ्स नेपालका प्रबन्ध निर्देशक डेभिल सिंह राजपूत बताउँछन् ।यो प्रतियोगिताका लागि सहभागीहरूलाई एक महिनासम्म विशेष प्रशिक्षण प्रदान गरिने बताइएको छ ।

### स्कुल ग्लोरीका प्रतिस्पर्धी

दोस्रो संस्करणको स्कुल ग्लोरी नेपाल- २०१८ मा सहभागी १८ जना प्रतियोगीले आ-आफ्नो प्रतिभा प्रस्तुत गरेका छन् । त्यस क्रममा उनीहरूले नृत्य, गायन, चित्रकारिता तथा वक्तृत्वकलासहितका प्रतिभा प्रस्तुत गरेका थिए । आज शुक्रबार सञ्चालन हुने ग्रान्ड फिनालेमा ट्यालेन्ट शोका उत्कृष्ट प्रतिस्पर्धीलाई पुरस्कृत गरिनेछ ।

## हङकङमा मिस नेपालको आग्रह



मिस नेपाल वर्ल्ड-२०१८ श्रृङ्खला खतिवडाले हङकङमा आयो जित एक कार्यक्रममा चीनमा हुन गैरहेको मिस वर्ल्डमा हङकङका नेपालीहरूलाई उपस्थित हुन पनि आग्रह गरिन् । नेपालको राष्ट्रिय झन्डा फहराउँदै हुने तपाईंहरूको उपस्थितिले मलाई थप हौसला र साहस दिनेछ, म मिस वर्ल्डमा नेपालको नाम राख्न, पर्याप्त प्रयास गर्नेछु ।



## किङ एन्ड क्विन नेपाल

पोखरामा आयोजित किङ एन्ड क्विन नेपाल-२०१८ को उपाधि कास्की हेम्जाका महेश कार्की तथा डाँडाकोनाककी सिमरन गुरुङले जितेका छन् । अन्तिम प्रतिस्पर्धामा उत्रिएका १३ जना प्रतियोगीमा सृष्टि राई र विनय पुन फस्ट नरर्सअप घोषित भए भने कृति साई र धर्मसिंह आले सेकेन्ड रनर्सअप घोषित भए । लेकसाइडस्थित ओजन रेस्टरेन्टमा सञ्चालित उक्त प्रतिस्पर्धामा नियुक्ति केसी भ्युअर च्वाइस तथा ममता मगर मस्ट डिसिप्लिन छानिएका थए । अडिसनमार्फत छानिएका प्रतियोगीलाई एक महिनाको तालिम पश्चात् फिनालेमा उतारिएको थियो ।

## इभालाई उपाधि



जुनियर स्कुल प्रिन्सेस-२०१८ को उपाधि बानेश्वरकी इभा गिरीले जितेकी छिन् । सिजन मिडियाले आयोजना गरेको सातौं संस्करणको उक्त प्रतियोगिताको अन्य दुई समूहमा परिना श्रेष्ठ र इसा थापामगरले उपाधिमाथि कब्जा जमाए । उक्त प्रतियोगितामा पुनिकाश्री बस्नेत, शुभेच्छा श्रेष्ठ तथा रिया गौतमले फस्ट रनर्सअप तथा समृद्धि सिग्देल, समिया थापा र सिमरन तुलाधरले सेकेन्ड रनर्सअपको उपाधि जितेका थिए ।

## आरजे हन्टको उपाधि हिमाललाई



आरजे हन्ट-२०१८ को उपाधि हिमाल दीप शंकरले आफ्नो पोल्टामा पारेका छन् । मोरङको पथरी शनिश्चरेमा स्थापित रेडियो सिम्रिकले आयोजना गरेको उक्त प्रतियोगिताको फिनाले सम्पन्न भएको छ । अन्य विधातर्फ उत्कृष्ट कार्यक्रम प्रस्तोता कविता राई, उत्कृष्ट मञ्च उद्घोषण मीना तामाङ, उत्कृष्ट कार्यक्रम उत्पादक अनिता गौतम तथा उत्कृष्ट समाचार वाचिका एलिना दियाली घोषित भए ।

## डिजाइनर प्रतियोगिता सम्पन्न

आईएफसी फेसन कलेजले पोखरामा आयोजना गरेको क्राइलोन डिजाइनर कन्टेस्टको उपाधि पूर्णिमा गुरुङले जितेकी छिन् । प्रतियोगितामा पोखराकै अनिता थापा बानियाँ फस्ट रनर्सअप, आशा थापा सेकेन्ड रनर्सअप, दीपिका गुरुङ थर्ड रनर्सअप तथा बुटवलकी सरस्वती पुन फोर्थ रनर्सअप घोषित भए । प्रतियोगीहरूको डिजाइनमा सजिँदै पोखरा तथा भैरहवाका १२ जना मोडलले र्‍याम्पमा क्याटवाक गरेका थिए ।



## परिकार बनाउँदै सुन्दरीहरू




मिस नेवा: ११३८ का प्रतिस्पर्धी युवतीहरूले मंगलबार ललितपुरको एउटा पार्टी प्यालेसमा आफैंले बनाएका नेवारी परिकार आगन्तुकहरूलाई चखाए । नेप्लीज फेसन होमले आयोजना गरिरहेको १३ औं संस्करणको मिस नेवा: का प्रतिस्पर्धीहरूले विभिन्न नेवारी परिकारहरू बनाएका थिए । त्यसक्रममा उनीहरूले चाकु र तिल मिसाइएको योमरीदेखि ममचासम्म बनाउन भ्याए । आयोजक संस्थाले नयाँ पुस्ताका युवतीहरूलाई नेवार समुदायमा प्रचलित मौलिक खानेकुराहरू बनाउन सिकाउनुका साथै सुकुल भोज नै आयोजना गरेको थियो । त्यसक्रममा सुन्दरीहरूले साग, आलु, अचार, छोयला, बारा, ड्याकु-ला, भुटेको भटमास तथा अचारसँगै विभिन्न प्रकारका गेडागुडी पकाउन सिकेका थिए ।




**नर्सिङ आइडल :** अमेजन इन्टरटेमेन्टले आयोजना गरेको नर्सिङ आइडल-२०१८ काठमाडौंमा सम्पन्न भएको छ । यो प्रतियोगितामा सुनिशा विष्ट विजयी भएकी छिन् प्रतियोगितामा सुजिता खत्री फस्ट रनर्सअप तथा जेनिशा थापा सेकेन्ड रनर्सअप घोषित भए ।

पहिलो विश्व










# उत्कृष्ट ठहरिएका खानेकुरा

बेलायतको एक संस्थाले आयोजना गरेको विश्वव्यापी खानेकुराको फोटो प्रतियोगितामा बंगलादेशका फोटोग्राफरले खिचेका तस्बिर सर्वोकृष्ट भएका छन्, जसमा विश्वका ६० राष्ट्रका ८ हजार तस्बिरले विभिन्न २५ वटा क्याटोगोरीमा सहभागिता जनाएका थिए । प्रतियोगितामा सहभागी बंगलादेशका फोटोग्राफर नुर अहमद गेलाले हिन्दुहरूको चाडमा खानेकुराको पूजा गरिएको दृश्यलाई फरक एंगलबाट कैद गरेका थिए । खानेकुराका विभिन्न शीर्षकमा आयोजित यो प्रतियोगितामा सर्वोकृष्ट भएबापत नुरले ७ लाख रुपैयाँ पुरस्कार प्राप्त गरेका छन् ।




# अभिनेत्रीको साहस

जन्मदै एक हात नभएकी मेलिसा जोन्सको पछिल्लो फोटोसुटले अहिले निकै प्रशंसा पाइरहेको छ । कोरोनेसन स्ट्रिटकी पूर्व अभिनेत्री २७ वर्षीया मेलिसाले एक हात नभएका कारण विभिन्न लाञ्छनासमेत सहनुपरेको थियो । तिनै लाञ्छना र खिज्याइहरू खेप्दै आएका कारण आफूमा केही गर्नैपर्छ भन्ने आत्मबल आएको मेलिसा बताउँछिन् ।

'आफू अपाङ्ग छु भनेर हीन भावना पाल्ने हो भने सबैले हेप्ने हुनाले आफूले आफूलाई अपाङ्ग मान्नु नै हुँदैन,' -मेलिसा भन्छिन् । आफ्नो नभएको हात छोप्दै आएकी मेलिसाले सन् २०१५ मा प्रदर्शनमा आएको चलचित्र म्याड म्याक्स फ्युरीमा चार्लिज थेरोनले एक हात भएकी युवतीको भूमिका निर्वाह गरेपछि उनले पनि आफ्नो हात छोप्न छोडिन् । अपाङ्गता भएका व्यक्तिहरूको हौसला बढाउन उनले हालै एउटा फोटोसुटसमेत गरिन् । उनलाई लागिरहेको छ- आफूजस्ता अपाङ्गता भएका व्यक्तिहरू फ्रन्टलाइनमा आउँदा अपमानित भएर बसेका धेरैलाई हौसला मिल्नेछ ।

# अब युट्युबको पालो




अमेरिकी राष्ट्रपति निर्वाचनमा रूसको गुप्तचर निकायले फेसबुकमार्फत ट्रम्पको पक्षमा जनमत तयार गरेको विवाद सेलाउन नपाउँदै अहिले भिडियो सामाजिक सञ्जाल युट्युब समेत विवादमा तानिएको छ । साइबर विशेषज्ञहरू रसिया टुडेको निर्देशनमा निर्माण भएका भिडियोहरू अहिले लाखौं व्यक्तिले युट्युब तथा फेसबुकमार्फत हेरिरहेका छन् । प्रस्ट अंग्रेजी बोल्ने प्रस्तोतालाई उद्घोषण गराएर तयार पारिएको उक्त भिडियो रूसबाट निर्माण भएको भनेर कसैले अनुमानसमेत गर्दैनन् । उक्त भिडियो रिपोर्टमा पछिल्लो पटक सिरियामा भएको आक्रमणमा बेलायत र अमेरिकाले गरेको विध्वंस देखाइएको छ । यो भिडियोको विषयमा युट्युबले अझसम्म कुनै प्रतिक्रिया दिएको छैन ।

# मिस बम-बममा तेस्रोलिंगी

ब्राजिलमा वार्षिक रूपमा आयोजना हुने मिस बमबममा यस पटकदेखि तेस्रोलिङ्गीहरूलाई पनि प्रवेश दिइएको छ । प्रतियोगितामा विविधता ल्याउने आयोजकहरूको घोषणापछि यो वर्षको मिस बमबममा दुई जना तेस्रो लिङ्गी २७ वर्षीया पाउला ओलिभिएरा तथा २८ वर्षीया जियोभाना स्पिनेलीले प्रवेश पाएका छन् । २७ जना प्रतिस्पर्धी रहेको यसपटकको प्रतियोगिताको छनौटमा परेका युवतीहरूको स्विमसुट फोटोसुट गरेर आगामी विश्वकपका लागि समर्पण गरिएको थियो । अप्रिलदेखि अनलाइन भोटिङ हुने यो प्रतियोगिताको फाइनल नोभेम्बर महिनामा हुनेछ । आयोजकहरूले प्रतियोगिताका अन्य नियम पनि खुकुलो बनाउँदै लगेपछि यो वर्ष ४२ इन्चभन्दा सानो पुठ्ठा भएका युवतीहरूले प्रतियोगितामा सहभागिता जनाएका छैनन् । यो प्रतियोगिताका लागि ठूलो पुठ्ठा चाहिने हुनाले धेरैजसो सहभागीले सिलिकन सर्जरी गरेर आफ्नो पुठ्ठालाई ठूलो बनाउने गरेका थिए ।





# जाँच राम्रो होस् भन्ने कामना

हिन्दू संस्कृतिमा कुनै पनि राम्रो काम गर्नुअघि शुद्ध पानीले नुहाउने चलन छ । यस्तै किसिमको चलन सेन्ट एन्ड्र्यु युनिभर्सिटीका विद्यार्थीहरूमा पनि छ । मे महिनाको पहिलो दिन उत्तरी समुद्रको चिसो पानीमा बिहान साढे पाँच बजे निर्वस्त्र भएर डुबुल्की मार्दै नुहाए परीक्षामा राम्रो गर्न सकिने उनीहरूको मान्यता छ । अन्डर ग्राजुएट विद्यार्थीहरूले त्यसरी डुबुल्की मार्दा परीक्षा नभएका अरू साथीहरूले उनीहरूको वस्त्र संकलन गरिदिने आदि काम गरिदिनुपर्छ । स्नानपछि साँझ उनीहरू एकै ठाउँमा भेला भएर नाचगान गर्छन् ।

अपराध

# उपहार पऱ्यो भन्दै ठगी गर्ने बढे

राजाराम पौडेल



सामाजिक सञ्जाल प्रयोग गर्नेहरूको संख्या जुन अनुपातमा बढ्दै गएको छ, सोही अनुपातमा सामाजिक सञ्जाल प्रयोग गर्ने लत लागेका प्रयोगकर्तामार्फत फाइदा लुट्नेहरू पनि बढ्दै गएका छन् । विशेष गरी इमो, भाइबर, फेसबुक म्यासेन्जर आदि सामाजिक सञ्जालप्रयोग गर्ने प्रयोगकर्तालाई उपहार पऱ्यो भन्दै ठगिएका घटना सार्वजनिक हुन थालेका छन् । यसरी ठगीमा संलग्न भएको आरोपमा कास्की प्रहरीले नौ जनालाई पक्राउसमेत गरेको छ । विभिन्न तीन घटनामा संलग्न रहेको अभियोगमा उनीहरूलाई पक्राउ गरिएको कास्कीका प्रहरी प्रमुख एसपी अशोक सिंहले जनाए । सिंहका अनुसार उनीहरूले सामाजिक सञ्जालबाट कास्कीका साथै कास्कीका केही छिमेकी जिल्लाका विभिन्न व्यक्तिलाई भाइबर, ईमो तथा फेसबुक म्यासेन्जरमार्फत चिट्ठा पऱ्यो भन्दै ठगी गरेका थिए । उनीहरूले इमो तथा भाइबरबाट २५ लाख रुपैयाँको चिट्ठा पऱ्यो, तपाईंका छोराछोरी तथा तपाईंको परिवारलाइ सुन तथा नगद पठाएको छ भन्दै १ करोड ३९ लाख रुपैयाँभन्दा बढी ठगी गरेको आरोप छ । उनीहरूलाई नगद २ लाख १ हजार रुपैयाँसहित प्रदेश प्रहरी कार्यालय तथा जिल्ला प्रहरी कार्यालयको सयुक्त टोलीले पोखरा, पाल्पा तथा धनुषा प्रहरीको सहयोगमा धनुषाबाट पक्राउ गरेको हो । उनीहरूबाट ८८ जना भन्दा बढी ठगिएको एसपी सिंहले बताए ।

**घटना नम्बर-१**

करिब डेढ वर्षअघिदेखी कास्की जिल्ला पोखरा लेखनाथ महानगरपालिका वडा नम्बर-१७ घारीपाटन बस्ने वर्ष ३३ की तारा देवी गुरुङलाई बेलायतका नागरिक क्लेमेन्ट मार्क एन्थोनी पावाले म्यासेन्जरमार्फत तिमी र तिम्रा छोरा-छोरीका लागि सामानहरूसँगै पैसा पठाइदिएको छु, सामान भारत पुगेर रोकिएको छ, तपाईंको ट्याक्स क्लियर छैन, बोर्डरमा राजस्व लाग्ने भयो, म सामान निकाल्न आउने क्रममा थुनामा परेको छु भन्दै पटक-पटक फोन आउँछ । त्यसपछि उनले पाल्पा जिल्ला निस्दी गाउँपालिका वडा नम्बर-७ ज्यामिरे बस्ने वर्ष २६ का याम रानामगरको बैक अफ काठमाडौंको खातामा पैसा पठाउँछिन् । त्यसपछि उताबाट कुनै सम्पर्क नगरिएपछि उनलाई आफू ठगिएको थाहा हुन्छ अनि उनले जिल्ला प्रहरी कार्यालय कास्कीमा पुगेर निवेदन दिन्छिन् । निवेदनको फलोअप गर्दै जाने क्रममा यामलाई पाल्पा जिल्ला निस्दी गाउँपालिका वडा नम्बर- ७ ज्यामिरेबाट चैत १ गते पक्राउ गरिएको हो । पक्राउ परेपछि रानाले उक्त कामका लागि पहिले भारतको होटलमा आफूसँगै काम गर्ने दार्जीलिङ घर बताउने अन्दाजी वर्ष ३६ का अरुण राईले खाता खोल्न लगाई मेरो पैसा आउँदै छ भनी फोन गरेको र आफूले निजले भने बमोजिम खाता खोलेको बताए । आफ्नो खातामा १२ लाख रुपैयाँ आएको र उक्त रकम निज अरुण राई भन्ने व्यक्ति घरमै आएर लगेको रानाले जानकारी दिए । त्यसबापत यामले पचास हजार रुपैयाँ प्राप्त गरेका थिए । याम राना मगरले दिएको बयानका आधारमा प्रहरीले अरुण राई भन्ने व्यक्तिको खोजतलास गरी निजको गिरफ्तारीका लागि आवश्यक समन्वय गरिरहेको छ ।

> सामाजिक सञ्जालबाट कास्कीका साथै कास्कीका केही छिमेकी जिल्लाका विभिन्न व्यक्तिलाई भाइबर, ईमो तथा फेसबुक म्यासेन्जरमार्फत चिट्ठा पऱ्यो भन्दै ठगी गरेका थिए । उनीहरुले इमो तथा भाइबरबाट २५ लाख रुपैयाँको चिट्ठा पऱ्यो, तपाईंका छोराछोरी तथा तपाईंको परिवारलाइ सुन तथा नगद पठाएको छ भन्दै १ करोड ३९ लाख रुपैयाँभन्दा बढी ठगी गरेको आरोप छ ।

**घटना नम्बर- २**

कास्की तथा अन्य विभिन्न जिल्लाका ८८ जना व्यक्तिलाई इमोबाट तपाईंलाई २५ लाखको चिट्ठा परेको छ भन्दै ठगिन्छ । उनीहरूले चिठ्ठाको रकम लिन ट्याक्स क्लियर गर्नुपर्छ, बोर्डरमा राजस्व लाग्ने भयो भन्दै विभिन्न बहानामा ठगी गर्छन् । चिठ्ठाबापत मनग्गे फाइदा हुने भो भन्दै सोझासाझा मानिसहरू ठगले भनेबमोजिमको रकम तिर्न तयार हुन्छन् । यसरी ठगी गरेको आरोपमा पोखरा लेखनाथ महानगरपालिकाका बिभिन्न स्थानबाट पाँच जनालाई पक्राउ गरिएको छ । पक्राउ पर्नेमा धादिङ जिल्ला नेत्रवती गाउँपालिका वडा नम्बर-१ वस्ने वर्ष २८ का ठाकुर गुरुङ, सोही ठाउँ बस्ने वर्ष २८ का गणेश गुरुङ तथा वर्ष १९ का मनोज तामाङ, धादिङ जिल्लाकै खनियावास गाउँपालिका वडा नम्बर-५ बस्ने वर्ष २६ का टेकबहादुर तामाङ एवं सोही ठाउँका वर्ष २४ का जेनिस तामाङ छन् ।

उनीहरूले प्रहरीसमक्ष कैलाली घर भै काठमाडौंमा बसाइँ सरी हाल साउदी अरबमा रहेका नरेश राउतसँगको सम्पर्क एवं चिनजानका आधारमा उक्त कार्य गरेको बताएका छन् । उनीहरूले राउतसँग बारम्बार म्यासेन्जरमार्फत कुरा गर्दै ठगीलाई अन्जाम दिन्थे । नरेश राउतले एउटा काम आएको छ कमाइ राम्रै हुन्छ, विदेशमा भएको कालो धनलाई नेपाल पुऱ्याई सेतो बनाउने हो, यसमा कुनै झमेल हुँदैन भनेर उनीहरूलाई त्यसका लागि तयार गरेका थिए । काम भनेको विभिन्न मनि ट्रान्सफरबाट पैसा झिक्ने र भनेको ठाउँमा भनेबमोजिम पठाउने भएको उसले बताउँछ । उनीहरूले ह्वाट्सएपमार्फत नरेश राउतले दिएको आदेशबमोजिम पैसा निकाल्ने र निजले भनेबमोजिम भनेकै व्यक्ति र ठाउँमा रकम पठाउने काम गर्थे । उनीहरूलाई मासिक ३० हजार रुपैयाँ तलब तथा प्रत्येक पटक रकम निकालेबापत २ हजार दिने सहमति थियो । कमाइ राम्रै हुने भएपछि उनीहरूले नरेश राउतले भनेबमोजिम पोखरा, काठमाडौं, चितवन, बुटवल तथा धादिङमा गै पैसा निकालेका थिए । उनीहरूले काम सुरु गरेको फागुन १० गतेदेखि पक्राउ हुनुपूर्व चैत २ गतेसम्म ८० जना विभिन्न व्यक्तिको नाममा आएको ३९ लाख ३७ हजार ३ सय रुपैयाँ निकाली २८ जनाको नाममा विभिन्न ठाउँमा पठाएको समेत बताएका छन् । उनीहरूले उक्त पैसा कहाँबाट आएको हो, कुन प्रयोजनका लागि आएको हो, त्यो कस्तो पैसा हो भन्ने विषयमा आफूलाई केही थाहा नभएको बरु बेरोजगार भएकाले केही पैसा कमाउन त्यस्तो कार्य गरेको बयान प्रहरीसमक्ष दिएका छन् ।

**घटना नम्बर-३**

घटना नम्बर-२ मा पक्राउ परेकाहरूसँगको अनुसन्धानका क्रममा उनीहरूले साउदी अरबमा रहेका नरेश राउतले भनेबमोजिम पैसा झिकी विभिन्न ठाउँमा पठाउने गरेको बताए । यसरी रकम पठाउने क्रममा प्रायःजसो रकम जनकपुर पठाइएको अनुसन्धानबाट खुलेको छ । नरेश राउतले धनुषास्थित संगिता मिश्रको नाममा पैसा पठाउने भनेपछि प्रहरीले नै पैसा पठाई धनुषा प्रहरीको सहयोगमा संगिता मिश्र र निजसँगै रहेकी कामिनी तिवारीलाई नियन्त्रणमा लिएको थियो । संगीता मिश्रले उक्त कार्य गर्न योगेन्द्र तिवारीले अऱ्हाएको बताइन् । जलेश्वर नगरपालिका वडा नम्बर-६, महोत्तरी बस्ने वर्ष २४ की संगीता मिश्र, महोत्तरीकै वर्ष ३५ की कामिनी तिवारी तथा वर्ष ४५ का योगेन्द्र तिवारीलाई चैत २ गते धनुषा प्रहरीको सहयोगमा पक्राउ गरिएको छ । कामिनी योगेन्द्रकी श्रीमती हुन् ।

यी तीनवटै घटनामा पक्राउ परेका नौ जनालाई ठगी मुद्दामा कास्की जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान भैरहेको कास्कीका प्रहरी प्रवक्ता खड्कबहादुर खत्रीले बताए । ठगी कार्यमा संलग्न अन्य केहीको खोजी भैरहेको प्रहरीले जनाएको छ । पक्राउ पर्नेहरूले एक जनासँग ७५ हजार देखि ३ लाख रुपैयाँसम्म ठगी गरेको पाइएको छ ।

## सामाजिक सञ्जालमार्फत लट्री आतंक

इलाका प्रहरी कार्यालय, बेलबारीले लट्री पऱ्यो भन्दै ठगी गर्ने गिरोहका दुई जनालाई बेलवारी बजारबाट पक्राउ गरेको छ । पक्राउ पर्नेमा बेलबारी-१ की प्रतीमा भुजेल तथा झापा बाह्रदशी गाउँपालिका वडा नम्बर-६ का भोलाराज भुजेल छन् । महेन्द्ररत्न क्याम्पस ताहाचलमा अध्ययनरत काठमाडौं, कीर्तिपुरकी एक छात्रालाई भाइबरमार्फत हिन्दी भाषामा बधाई दिइयो । किन बधाई भन्ने ती युवतीको प्रश्नमा उताबाट भनियो- आपका एनसेल कम्पनीका नम्बर है, एनसेल मलेसियन कम्पनी है । वही मलेसियन कम्पनीका लट्री डुमे आपको बहुत बडा इनाम मिला है ।

त्यसको केही दिनमै ती युवतीसँग बैंकको खाता नम्बर मागियो र उक्त खाता एक्टिभ गर्न ५० हजार रुपैयाँ आवश्यक पर्ने भएकाले रेमिटमार्फत बेलबारीकी प्रतिमा भुजेललाई उक्त रकम पठाउन भनिएपछि ती युवतीले पनि सोहीअनुरुप फागुन ६ गते पैसा पठाइन् । त्यसको केही दिनमा पुनः काठमाडौंकी ती युवतीलाई १ लाख ५० हजार रुपैयाँ फेरि पठाउन भनियो र त्यो पैसा पठाए मात्र २५ लाख रुपैयाँ प्राप्त हुने भन्दै विदेशको नम्बरबाट अर्को फोन आयो । फोन भने प्रतिमाले नभै अन्य व्यक्तिले नै गर्ने गरेको प्रहरी अनुसन्धानबाट खुलेको इलाका प्रहरी कार्यालय बेलबारीकी प्रमुख रामजी कट्वाल बताउँछन् । ती महिलालाई शंका लागेपछि उनले छिमेकीलाई भनिन् र छिमेकीले ठगिएको बताएपछि उनि प्रहरीकहाँ पुगिन् । प्रहरीकै सल्लाहअनुसार ती युवतीले प्रतिमालाई डेढ लाख रुपैयाँ नै पठाइदिँदैछु, रेमिटमा गएर लिनु भनिन् । प्रहरीसँग उनको कुराकानी हुँदै गयो । प्रतिमा पैसा निकाल्न रेमिटमा पुगेका बेला प्रतिमा र भोलाराजलाई नियन्त्रणमा लिइएको प्रमुख कट्वालले बताए ।


त्यसैगरी सोहि समूहबाट ताप्लेजुङका सन्तबहादुर लिम्बू तथा उनकी श्रीमती पनि ठगीएका छन् । सन्तबहादुरले ४० हजार रुपैयाँ बुझाएका थिए भने उनकी श्रीमतीले २० हजार रुपैयाँ बुझाएकी थिइन् । प्रतिमा र भोजराजको घरमा छापा मार्ने क्रममा १ लाख ४ हजार नगद तथा बैंक भौचरहरू फेला परेको प्रहरीले जनाएको छ । अनुसन्धानका क्रममा भारतको एउटा कम्युनिकेसनको नाममा विराटनगरको सीमावर्ती सहर जोगबनीबाट एस.बी.आई. बैंकको खातामा पटक-पटक गरेर ४ लाख नगद पठाइएको समेत पत्ता लागेको थियो । सामाजिक संजाल ह्वाट्सएप, इमो, भाइबर, फेसबुकजस्ता सामाजिक सञ्जाल एवं फोनमार्फत २५ लाख रुपैयाँको लट्री जित्नुभएको छ भनी फोन तथा एसएमएसबाट बधाई दिने र त्यसपछि उनीहरूले सोही सामाजिक सञ्जालमार्फत चिट्ठाको रकम निकाल्न कर क्लिरियन्सजस्ता कामको बहाना बनाई रेमिटमार्फत पैसा माग्ने गरिएको प्रहरी बताउँछ ।

विवेक मिश्र

# अप्रेसन आई बोस
# फन्दामा नेटवर्किङ व्यवसायीहरू

नेपालको सबैभन्दा ठूलो नेटवर्किङ ठगी युनिटी काण्डलाई लिइन्छ । युनिटी लाइफ इन्टरनेसल, हर्वो इन्टरनेसल नेटवर्किङ कम्पनीहरूले पिरामिड शैलीमा नेटवर्क बनाएर ठगी गरेपछि सरकारले नेटवर्किङ व्यवसायमाथि नै प्रतिबन्ध लगाएको थियो, तर उक्त प्रतिबन्धका बीच पनि नेपालमा विभिन्न लोभ देखाउँदै अवैध नेटवर्किङ व्यवसाय चलाउने क्रम रोकिएको छैन ।

केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी) ले हालैमात्र ८ हजारभन्दा बढी सदस्य भएको त्यस्तै एक नेटवर्किङ व्यवसायमा संलग्नहरूको समूहलाई पक्राउ गरेको छ । काठमाडौंको चुच्चेपाटीस्थित आइबोस ग्लोबल मार्केटिङ प्रा.लि.का नाममा खोलिएको नेटवर्किङमाथि सिआईबीको टोलीले अनुसन्धानपछि कारबाही थालेको हो ।



अनुसन्धानका क्रममा ब्युरोले आइबोसले ८ हजार सदस्य बनाएर ठगी गरेको विवरण प्राप्त गरेको बताइएको छ । 'गैरकानुनी तवरले नेटवर्किङ बिजनेश गरेको सुराकका आधारमा हामीले वैशाख ४ गते काठमाडौं–७ चुच्चेपाटीस्थित आइबोस ग्लोबल मार्केटिङको केन्द्रीय कार्यालयबाट ६६ जना व्यक्तिलाई नियन्त्रणमा लिएका थियौं,' सिआईबीका प्रवक्ता जीवनकुमार श्रेष्ठ भन्छन्, 'प्रारम्भिक छानबिनपश्चात् तीमध्ये ७ जना सक्रिय व्यक्तिविरुद्ध अनुसन्धानको कारबाही अघि बढाइएको छ भने अन्यलाई छाडिदिएका छौं ।'

उक्त कम्पनीले लामो समयदेखि आइबोस ग्लोबल मार्केटिङको नामबाट सर्वसाधारणलाई आइबोस सदस्य बनाउने भन्दै ठगी गर्दै आएको सिआइबीले जनाएको छ । नेटवर्क बिजनेसको नाममा गैरकानुनी तवरले सर्वसाधारणहरूबाट सदस्यताबापत ठूलो रकम लिएर ठगी गरिएको सिआईबीको दाबी छ ।

आइबोस काभ्रे पाँचखाल–१५ घर भै हाल धुम्बराहीमा बस्दै आएका ३५ वर्षीय राजकुमार दंगालले सञ्चालनमा ल्याएका हुन् । दंगाललाई प्रहरीले पक्राउ गरिसकेको छ । यस्तै, प्रहरीले आइबोसमा संलग्नता देखिएको भन्दै दोलखा लामिडाँडाका नारायण शिवाकोटी, रामेछापका भक्तबहादुर नेपाली, रामेछापकै रविन नेपालीलाई समेत पक्राउ गरेर अनुसन्धानअघि बढाएको छ भने सोलखुम्बुका प्रदीप राई, तिर्सना सुनुवार र पूर्णबहादुर श्रेष्ठमाथि पनि अनुसन्धान गरिरहेको छ ।

ब्युरोका अनुसार शिवाकोटीले ५ हजार ८ सय ८९ सदस्य बनाएका थिए । उनीपछि रविन नेपालीले १ हजार ३२ जनालाई नेटवर्किङ व्यवसायका नाममा सदस्य बनाएका थिए । भक्तबहादुरले २ सय ५०, प्रदिपले ३ सय १, तिर्सना सुनुवारले २ सय तथा पूर्णबहादुरले १ सय २१ जना सदस्य बनाएका थिए ।

यसअघि गत जेठमा प्रहरीले गैरकानुनी रुपमा नेटवर्किङ व्यवसायमा संलग्न रहेको अभियोगमा काठमाडौंबाट १ सय २ जनालाई कार्यालयमै छापा मारेर नियन्त्रणमा लिएका थियो ।

**यसरी हुन्थ्यो ठगी**

सिआईबीका प्रवक्ता श्रेष्ठका अनुसार पिरामिड शैलीमा नेटवर्क बनाएर आइबोसका सञ्चालकहरूले व्यापारका नाममा ठगी गरेका थिए । सदस्य बनेवापत सेम्पुदेखि ब्रासलेटसम्म र चियादेखि घडिसम्म दिइन्थ्यो भने त्यसबापत उनीहरूले पैसा उठाउने गरेका थिए । सदस्य बनेवापत पैसा लिएर उनीहरूलाई सेम्पु, चिया, घडी, ब्रासलेट आदि सामान दिइन्थ्यो । प्रवक्ता श्रेष्ठका अनुसार पिरामिड शैलीमा नेटवर्किङ बिजनेश गर्न नेपालमा बन्देज छ । आइबोसले विभिन्न माध्यमबाट आफ्नो व्यापारको विज्ञापन समेत गर्ने गरेको थियो । कम्पनीले अनलाइन तथा विभिन्न माध्यमबाट व्यवसायका नाममा ठूलो रकम ठगी गरेको प्रहरीको दाबी छ ।

# श्रीमतीको रिसमा दुई नाबालक मारिए

वैशाख ९ गते मध्यान्ह शान्तिनगरस्थित सुकुम्वासी वस्तिमा एउटा क्रुर र विभत्स घटना घट्यो । दुई अबोध बालकको निर्ममतापूर्वक घाँटी कसेर कोठाभित्रै हत्या गरियो । सप्तरी महौलियाका ८ वर्षीय सुशील सरदार तथा ६ वर्षीय सुजल सरदारको निर्मतापूर्वक हत्या गरिएको थियो । उनीहरू आफ्ना सौतेले बाबु दिलीप यादवसँग शान्ति नगरमा बस्दै आएका थिए ।


घटनाको ६ दिनपछि वैशाख १४ गते उक्त हत्याकाण्ड प्रकाशमा आएको हो । घरभित्र ती दुई बालकको शव घाटी कसेर हत्या गरिएको अवस्थामा फेला परेपछि उक्त घटना सार्वजनिक भएको थियो । त्यसपछि प्रहरीले उक्त घटनाका बारेमा थप अनुसन्धान अघि बढायो । अनुसन्धानका क्रममा उक्त हत्या सम्झना सुन्दासका दोस्रा पति दिलिपकुमार यादवले गरेको रहस्य पत्ता लाग्यो ।

सिरहा नगरपालिका–१३ गमहरियाका २४ वर्षीय दिलीप र सम्झना एक वर्षदेखि सँगै बस्दै आएका थिए । सम्झनाको सम्बन्ध त्यसअघि श्यामसुन्दर सरदारसँग थियो, तर आपसी मनमुटावपछि श्यामसुन्दर अर्कै श्रीमती लिएर छुट्टै बस्न थालेका थिए ।

श्यामसुन्दर छुट्टै बस्न थालेपछि सम्झना पनि श्यामसुन्दरपट्टीका दुई छोरासहित दिलीपसँग बस्दै आएकी थिइन् । पछि दिलिपले श्यामसुन्दरतर्फका बच्चाहरूमाथि अभद्र व्यवहार गर्न थाले, जसका कारण सम्झनाको मन कुँडियो । त्यसपछि सम्झना छुट्टै बस्न थालिन् । छुट्टै बस्न थालेपछि उनी कामको खोजीमा विराटनगर पुगिन् ।

विराटनगर जानुअघि सम्झनाले ती बच्चा दिलीपकहाँ छाडेकी थिइन् । सम्झना विराटनगर पुगेको १ महिनापछि दिलीपले सम्झनालाई काठमाडौं आउन दवाब दिए । उनले सम्झनालाई दवाब मात्र दिएका थिएनन काठमाडौं नआए उनका दुवै बच्चालाई मारिदिने धम्की समेत दिएका थिए । सम्झना काठमाडौं नआएपछि दिलीप यादव ती दुवै बच्चालाई मारेर फरार भएका थिए ।

घटनाको अनुसन्धान गरिरहेको अपराध महाशाखाको टोलीले दिलीपको खोजी गर्ने क्रममा उनलाई वैशाख १५ गते सिरहाको माडरचोकबाट पक्राउ गऱ्यो । उनले प्रहरी समक्ष आफूले दुवै बालकको हत्या गरेको कुरा स्वीकार गरेका छन् । यादवमाथि अहिले प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।








# कृतनलाई सर्वस्वसहित जन्मकैद

मगर चलचित्रकी अभिनेत्री यरुना पुन (नेहा) को हत्यामा दोषी ठहर गर्दै सतिस भनिने कृतन खड्गीलाई कास्की जिल्ला अदालतले सर्वस्वसहित जन्मकैदको फैसला गरेको छ । जिल्ला न्यायाधीश रमानाथ पौड्यालले कृतनलाई सर्वस्वसहित जन्मकैद तथा जबर्जस्ती करणीसहितको अपराध गरेका कारण थप पाँच वर्ष जेल सजाय हुने फैसला गरेका हुन् । अदालतले गरेको फैसलाअनुसार कृतनले अब २५ वर्ष जेल सजाय भोग्नुपर्नेछ । उनीविरुद्ध २०७२ साल फागुन १६ गते कास्की जिल्ला अदालतमा जबरजस्ती करणी तथा कर्तव्य ज्यान मुद्दा दायर भएको अदालतका स्रेस्तेदार जगन्नाथ पौडेलले जनाए । नयाँगाउँ घर भै पोखराको न्युरोडस्थित एक रेस्टुराँमा कार्यरत नेहा पुनको शव २०७२ माघ १९ गते हत्या गरिएको अवस्थामा घरनजिकै फेला परेको थियो । अदालतमा मुद्दा दायर भएपश्चात् कृतन पुर्पक्षका लागि जिल्ला कारागार कास्कीमा थिए ।

घटनाको प्रारम्भिक अनुसन्धानमा माघ १८ गते राति कृतनले नेहालाई घर पुऱ्याइदिने भन्दै मोटरसाइकलमा राखेर लगेको देखिएको थियो । त्यही कारण पक्राउ परेका खड्गीले घर नपुग्दै लेकसाइड जाउँ भन्दै यौन प्रस्ताव राखेको र नेहाले अस्वीकार गरेपछि हेलमेटले टाउकोमा हिर्काएको अनुसन्धानका क्रममा स्वीकार गरेका थिए । हेलमेटले लागेर नेहा ढलेकी थिइन् । त्यसपछि पनि यौन सम्पर्क गर्न खोज्दा रगत देखेपछि घटनास्थलबाट भागेको कृतनले आफ्नो बयानका क्रममा उल्लेख गरेका थिए ।

राजाराम पौडेल

# गर्मीमा के गर्छन् अभिनेत्रीहरू

प्रस्तुति : महेश तिमल्सिना

## नीता ढुंगाना, अभिनेत्री

### पहिरन
म विशेष गरी शरीरलाई सहज हुने पहिरन लगाउँछु । मलाई पाइन्ट, लङ वन पिस तथा सर्ट मन पर्छ । त्यस्तै, पार्टीतिर जाँदा साडी, लेहेंगा, गाउन तथा वन पिस लगाउँछु । यो गर्मीमा पाइन्ट र सर्ट प्रयोग गर्ने सोच बनाएकी छु ।

### सेतो र हरियो रङ निकै मनपर्छ
म प्रायः रंगिचंगी पहिरन नै प्रयोग गरिरहेको हुन्छु । व्यक्तित्वमा पहिरनको ठूलो भूमिका हुन्छ । कालो र खैरो रंगका कपडाले गर्मी बढाउने हुँदा त्यति प्रयोग गर्दिनँ । मलाई सेतो र हरियो रङ असाध्यै मन पर्छ ।

### खानपानमा विशेष ध्यान दिन्छु
गत वर्षको गर्मीमा खानपानमा ध्यान नदिँदा धेरै बिरामी भएँ । त्यसैले यो वर्ष खानपानमा विशेष ध्यान दिन्छु । खाना एकदमै कम खान्छु । पानी तथा जुस प्रसस्त पिउँछु । माछामासु एकदमै कम खान्छु । सागसब्जी तथा फलफूलमा जोड दिन्छु । सफ्ट ड्रिक्स कम पिउँछु बरु कागती पानी पिउँछु ।

### जुत्ता
बाहिर हिँड्दा म चप्पल नै प्रयोग गर्छु, तर कुनै लामो यात्रामा जाँदैछु भने स्पोर्ट्स सुज लगाउँछु । म हिल भएको जुत्ता लगाउदिनँ, प्रायः स्लिपर नै प्रयोग गर्छु, जसले मलाई सहज बनाउँछ ।

### एसेसरिज किन्छु मात्र
मलाई घडी, औंठीहरू किन्न असाध्यै मन लाग्छ, तर लगाएर हिँड्न मन लाग्दैन ।

### मेकअप
बाहिर हिँड्दा नर्मल मेकअप गर्छु । जाडोको तुलनामा गर्मीमा त्यति मेकअप नगर्नु पर्ने भएकाले नर्मल रूपमै प्रस्तुत हुन्छ ।



## वर्षा राउत, अभिनेत्री

### पहिरन
गर्मी होस् वा जाडो, दुवै मौसममा एकनास नै हुन्छु । मौसमअनुसारको पहिरनमा भने ध्यान दिन्छु । यो मौसममा म विशेष गरी क्याजुअलमा कुर्ता-सुरुवाल, हाफ पाइन्ट, क्वाटर पाइन्ट आदि लगाउँछु । त्यस्तै पार्टीमा भने वन पिसमा हुन्छु ।

### कालो रङ मनपर्छ
म रंगको खासै वास्ता गर्दिनँ । गर्मी मौसममा कालो रङको पहिरनले शरीरलाई पोल्छ भनिन्छ, तर मलाई भने जाडो होस् वा गर्मी दुवै मौसममा कालो रङका पहिरन नै मन पर्छन् । फेब्रिकमा भने कटन मै जोड दिन्छु ।

### जुत्ता
खुट्टामा हावा छिर्ने खालका जुत्ता लगाउन रुचाउँछु ।

### गर्मीमा खानपानमा सचेत हुन्छु
मलाई गर्मीभन्दा जाडो महिना नै मन पर्छ । गर्मी याममा खानपानमा सचेत हुन्छु । बाहिर जहाँ पायो त्यहीँ खादिनँ । प्रसस्त पानी पिउँछु । धेरैजसो रोटी खान्छु भने भात कम खान्छु । काँक्रो, तरबुजा बढी खान्छु । पहिले सफ्ट ड्रिंक्स बढी प्रयोग गर्थें, तर अहिले धेरै कम गरेकी छु ।





## ऋचा शर्मा, अभिनेत्री

### पहिरन
म पहिरनमा खासै ध्यान दिन्न । गर्मीमा हल्का पहिरन लगाउँछु । हल्कामा पनि सिफन, लेनन तथा कटनका पहिरन निकै मन पर्छन् । त्यस्तै म स्कर्ट पनि लगाउन रुचाउँछु । अहिले आफ्नो साइजभन्दा केही ठूलो साइजको पहिरन लगाउने फेसन आएको छ । मलाई पनि यस्तै पहिरन मन पर्छ । त्यसैले यसपालि गर्मीमा म यही फेसनमा फोकस हुने सोचमा छु । म पहिले-पहिले बाहुला नभएका पहिरन लगाउँथे तर गर्मी मौसममा घामले हात-पाखुरा डढ्न थालेपछि पूरै बाहुला भएको पहिरन लगाउन थालेकी छु ।

### एक छाकमात्र भात खान्छु
गर्मी मौसममा खानपानमा केही अरुचि हुन्छ, तर पनि म बिहान एक छाक भात खान्छु । बेलुकाचाहिँ सलाद, सुपजस्ता हल्का खानेकुरा खान्छु । दिउँसो लस्सी, आइसक्रिम, आँपको लेदोको बरफ बनाएर खान्छु । म जाडो होस् वा गर्मी दुवै मौसममा पानी अत्यधिक पिउँछु । विशेष गरी कागती, पुदिना, जीवनजल आदि मिसाइएको पानी पिउँछु ।

### कालो रङको पहिरन कम प्रयोग गर्छु
कपडाको रङले अनुहारमा पनि असर पार्ने भएकाले म विशेष गरी कालो रङका पहिरन कमै मात्रामा प्रयोग गर्छु । म गर्मी मौसममा विशेष गरी रंगिचंगी पहिरन प्रयोग गर्छु । मलाई सेतो, पहेंलो तथा गुलाफी रंगका पहिरन मन पर्छन् ।


### जुत्ता
गर्मी मौसममा म प्रायः खुला जुत्ता लगाउँछु भने धेरैजसो स्यान्डल प्रयोग गर्छु ।

### एसेसरिज खासै प्रयोग गर्दिनँ
गर्मी मौसममा एसेसरिज खासै प्रयोग गर्दिनँ । पसिना आउँछ भनेर घडी पनि लगाउँदिन । मैले गर्मीमा लगाउने भनेको कानमा एयररिङ मात्र हो ।

### मेकअप
म गर्मी मौसममा सन स्किन प्रयोग गर्छु । यदि कतै कार्यक्रममा जानुपर्यो भने सामान्य मेकअप गर्छु ।

## योग र जीवन

# स्वास्थ्यका लागि काँक्रो



लोकनाथ खनाल
योग प्रशिक्षक,
पतञ्जली योग समिति



- गर्मीका कारण शरीरमा पानीको कमी भए काँक्रो खाँदा पानीको आपूर्ति हुन्छ ।
- काँक्रोखाँदा कब्जियत हट्नुका साथै जन्डिसको रोगीलाई पनि फाइदा मिल्छ ।
- यसले शरीर पोल्ने समस्या कम गर्छ ।
- पत्थरीको समस्या हुनेहरूका लागि काँक्रोको जुस (रस) उपयोगी हुन्छ ।
- नियमित काँक्रोको प्रयोगले युरिक एसिड सन्तुलित रहन्छ ।
- काँक्रो मधुमेह तथा उच्च रक्तचापका रोगीका लागि पनि फाइदाजनक हुन्छ ।
- काँक्रोबाट कोलेस्ट्रोल पनि नियन्त्रित हुन्छ ।
- काँक्रो तथा कागतीको रस मिसाएर लगाउँदा छाला तथा अनुहार सफा एवं सुन्दर देखिन्छ ।
- जोर्नीको पीडा हुनेहरूले काँक्रो एवं गाजरको रस मिसाएर पिउँदा फाइदा मिल्छ ।
- काँक्रोमा भिटामिन ए, बी-१, बी-६, डी, पोटासियम, फोस्फरस, आइरन आदि पाइन्छ ।

## मसला

# स्याउको रस

स्याउको रस नियमित सेवन गर्दा अपचको समस्या समाधान हुन्छ । स्याउले पाचनका लागि आवश्यक ग्याँस उत्सर्जन गर्छ । ग्याँसको समस्या बढी नै छ भने स्याउको रसमा पानी मिसाएर खाँदा लाभ हुन्छ । यदि अमिलो डकार आउँछ भने स्याउको रसमा एक चम्चा सोडा मिसाएर खान सकिन्छ ।



## फिटनेस



- अहिले स्लिम ट्रिमको जमाना छ । सबैमा शारीरिक तथा मानसिक रूपमा फिट रहने चाहना हुन्छ ।
- हिजोआज मेसिन वा विभिन्न औषधिको प्रयोगद्वारा तौल घटाउने ट्रेन्ड छ । यद्यपि त्यसो गर्नुभन्दा फिजिकल वर्कआउट गरी पसिना निकालेर शरीरको तौल कम गर्नु स्वास्थ्यवर्द्धक मानिन्छ ।
- फिजिकल वर्कआउटले शरीर मात्र होइन, मस्तिष्कलाई समेत स्फूर्त एवं तरोताजा राख्छ ।
- बजारमा शरीर घटाउने विभिन्न उपाय तथा सेवा उपलब्ध छन्, तीमध्ये दीर्घकालीन स्वास्थ्यलाई ध्यानमा राख्दै शारीरिक व्यायाम गरिने स्थान रोज्नु नै उत्तम हुन्छ ।

## खानपान



- गर्मीमा पसिना बढी आउने भएकाले डिहाइड्रेसन हुनसक्छ, त्यसका लागि झोल कुरा प्रशस्त मात्रामा सेवन गर्नुपर्छ ।
- गर्मीमा शरीर डिहाइड्रेसन हुन नदिन तथा फुर्तीका लागि जुस, मोही, दही, लस्सी वा कागती पानी पिउन सकिन्छ ।
- यो मौसममा चिया, कफीका अतिरिक्त ग्रिन टी पिउनु उपयोगी हुन्छ ।
- गाजर, काँक्रा, तरबुजा, मेवा आँप खानु पनि स्वास्थ्यका दृष्टिले फाइदाजनक छ । यी फलफूलले शरीरमा शीतलता प्रदान गर्छन् ।
- बिहान केरा खाँदा तौल बढ्दैन, केराबाट प्रशस्त मात्रामा पोटासियम तथा आइरन प्राप्त हुन्छ ।
- दिउँसो फलफूल, सलाद तथा जुस खान सकिन्छ । राति पनि हल्का खाना खानुपर्छ । खाना खाएपछि केही समय यताउता हिँडडुल गर्नु उपयुक्त हुन्छ ।

## पेट केयर



- सूर्य उदाउनुअघि घरपालुवा पशुलाई शारीरिक अभ्यास गराउनुपर्छ ।
- स्वच्छ एवं सफा खानेपानी चौबीसै घण्टा उपलब्ध हुनुपर्छ ।
- घरपालुवा पशुलाई कडा घाममा नराखौं ।
- पार्किङ गरी राखिएको सवारी साधनमा घरपालुवालाई कदापि नछाडौं ।
- किर्ना तथा उपियाँले गर्मीमा ठूलै समस्या सिर्जना गर्न सक्छन्, त्यसका लागि उचित उपचार निरन्तर जारीराखौं ।
- गर्मी महिनामा घरपालुवाको खानाको मात्रा साविकको भन्दा कम हुनुपर्छ ।

## खुसी रहौं

- सानोतिनो कुरामा पनि खुसी हुनुपर्छ ।
- खुसी रहन जतिसुकै व्यस्त भए पनि सकारात्मक सोच राखेर काम गर्नुपर्छ ।
- दिनको सुरुवात प्रसन्नतापूर्वक गर्नुपर्छ । रिसाएर दिनको प्रारम्भ गर्दा काम बिग्रने सम्भावना प्रबल हुन्छ ।
- के गर्दा आफूलाई खुसी प्राप्त हुन्छ त्यही गर्नुपर्छ ।
- कामको बोझिलो परिस्थितिबाट केही दिन छुट्टी लिएर फ्रेस हुन कतै घुम्न सकिन्छ ।



## चिटिक्क करेसाबारी

घरमा भएको सानो बगैंचामा तरकारी, फलफूल फलाउनुको मज्जा बेग्लै हुन्छ । बगैंचाको आकर्षण बढाउन विभिन्न जातका तरकारी एवं फलफूल आदि रोप्न सकिन्छ । तरकारी वा फलफूल रोप्दा मौसम तथा बगैंचाको क्षेत्रफललाई पनि ध्यानमा राख्नुपर्छ । आफ्नो बगैंचामा यस्ता बिरुवा लगाए घरको आकर्षण बढ्नुका साथै स्वच्छ तरकारी पनि खान पाइन्छ :



**गोलभेंडा :** रोप्न तयार भएको बिरुवा नर्सरीबाट ल्याएर भुइँ वा गमलामा रोप्न सकिन्छ । डेढदेखि दुई फिटसम्मको दूरीमा बिरुवा रोप्नु उपयुक्त हुन्छ । बिरुवा हुर्कँदै गएपछि त्यसलाई सहारा दिन काठको बार लगाउनुपर्छ ।

**रामतोरिया :** जमिन अथवा ठूलो गमलामा नर्सरीबाट ल्याइएको बिरुवा रोप्नुपर्छ । लाइनबाट लाइनको दूरी तीन फिट तथा बिरुवाबीचको फरक डेढ फिट हुनुपर्छ ।



**भेंडे खुर्सानी :** भेंडे खोर्सानी रोप्ने उपयुक्त मौसम असार-साउन हो । भेंडेखुर्सानीलाई क्यारी बनाई भुइँ अथवा गमलामा रोप्न सकिन्छ जसको दूरी डेढदेखि दुई फिटसम्म हुनुपर्छ ।

**काँक्रो :** ५-६ वटा काँक्रोको बीउ रोप्ने । ठूलो भएपछि तीनवटा बिरुवा मात्र राख्ने र बाँकी हटाउने । काँक्रोको बीउ ५ देखि ६ इन्चको दूरीमा रोप्नु उपयुक्त हुन्छ ।

**भान्टा :** एउटा गमलामा एउटा मात्र बिरुवा रोप्नुपर्छ । भुइँमा रोप्दा लाइनबाट लाइन तथा बिरुवाबाट बिरुवाको दूरी डेढदेखि दुई फिटसम्म हुनुपर्छ ।

**मेवा :** घरको आँगन अथवा घरबारी ठूलो छ भने मेवाको बिरुवा जमिनमा रोप्नुपर्छ । ठूलो गमलामा पनि मेवा रोप्न सकिन्छ । एउटा गमलामा एउटा मात्र मेवाको बोट रोप्नुपर्छ ।

**सूर्यमुखी :** १० फिटसम्म अग्लो हुने यो फूल निकै आकर्षक देखिन्छ । यसको लामो तथा छोटो गरी दुई प्रजाति उपलब्ध छन् । लामोको तुलनामा छोटो प्रजातिको सूर्यमुखीमा धेरै फूल फूल्छ ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

वैशाख २३ गते
विश्व मुस्कान दिवस

वैशाख २४ गते
किराँत समाज सुधार दिवस

वैशाख २५ गते
विश्व रेडक्रस दिवस

वैशाख २६ गते
कानुन दिवस

## मेष

आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन् । साथीसङ्गीहरूसँगको भ्रमण, खानपान तथा फेसनमा राम्रै खर्च गर्नुपर्ने हुन सक्छ । योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आफैं पछि परिनेछ । विदेश यात्राको साइत जुर्ने सम्भावना छ । पूर्वतर्फको यात्रा फलदायी हुने देखिन्छ ।

## वृष

मित्रको सहयोगबाट हौसला प्राप्त हुनेछ । मन पर्ने उपहार हात लाग्ने सम्भावना छ । आफूसँग भएका क्षमता प्रदर्शन गर्ने अवसर जुट्नेछ । अभिभावकबाट प्राप्त सुझावले अधुरा कार्य पूरा गर्न सहयोग पुर्‍याउनेछ । असहज परिस्थितिबाट उम्कन सोचे भन्दा बढी खर्च होला ।

## मिथुन

आफ्नो पहिरनको प्रशंसा हुनेछ । आफ्नो क्षमताबाट जवाफदेही कार्य सम्पन्न गरी नयाँ उचाइमा पुगिनेछ । काममा ढिलाइ भए पनि सही मार्ग पहिल्याउन सकिनेछ । मेहनत गरे स्वदेशमै अवसर हात पर्ने सम्भावना छ । खानपानको फेरबदल हुँदा स्वास्थमा ध्यान दिनुहोला ।

## कर्कट

प्रलोभन देखाउनेहरूबाट टाढै रहँदै प्रतिष्ठा जोगाउने चेष्टा गनुहोला । दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ । साथीभाइसँग लामो यात्रा गर्दा खर्चको भार आफूमा पर्नेछ । छोटो समयमा विशेष उपलब्धि हासिल गर्न सकिनेछ । राति अबेरसम्मको मनोरन्जनले स्वास्थ बाधा सिर्जना गर्नेछ ।

## सिंह

योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आफैं पछि परिनेछ । नगद सापटी लिएका साथीहरूले समयमा वचन पूरा नगर्दा आर्थिक झन्झट आइलाग्न सक्छ । बल मिच्याइँ गरे काम बिग्रने सम्भावना छ । मेहनतले काम सम्पन्न गर्न सकिनेछ । विदेश जाने प्रक्रिया अघि बढाउँदा बढी खर्च भए पनि सफलता हात लाग्नेछ ।

## कन्या

गुप्त शत्रुले छवि बिगार्ने षड्यन्त्र गरे पनि अभिभावकको सुझाव अवलम्बन गर्दा उनीहरूलाई परास्त गर्न सकिनेछ । आर्थिक हैरानीले सताएको क्षणबाट उम्कन प्रेमिकाले सहयोग गर्नेछिन् । अध्ययनका निम्ति विदेश जाने अवसर प्राप्त हुन सक्छ । बुधबार र बिहीबार सतर्कतापूर्वक कार्य गर्नुहोला । स्वास्थ्यको पनि ख्याल गर्नुपर्नेछ ।

## तुला

लामो समयदेखि रोकिएका कार्यले पुनः निरन्तरता पाउने सम्भावना छ । महँगा तथा सुविधा सम्पन्न सामग्री खरिद गर्दा होस पुर्‍याउनुपर्नेछ । अध्ययन तथा रोजगारीका सिलसिलामा विदेश यात्रासमेत होला । घरायसी चटारोले सताउन सक्छ । यात्राको सिलसिलमा महत्वपूर्ण सामग्री छुट्न सक्छ ।

## वृश्चिक

तपाईंको निर्णय क्षमताले नै विभिन्न अवसरको ढोका खोल्न सक्छ । हतार र आवेशमा गरिएका कार्यले उल्टो परिणाम दिनेछ, धैर्यतामा जोड दिनुहोला । इष्टमित्रबाट प्राप्त सुझाव फलदायी रहनेछन् । अचानक प्रेम प्रस्ताव प्राप्त हुने सम्भावना छ । गुलाबी रंगको प्रभावले धेरै काममा सफलता हात पार्न सकिनेछ ।

## धनु

विभिन्न सभा सम्मेलनको सहभागिताले आकर्षक जिम्मेवारी दिलाउने सम्भावना छ, जसले आफूलाई विशेष फाइदा पुग्नेछ । प्रेमिकाको मनमा दुविधा उत्पन्न सक्छ, उनका भावना बुझ्ने प्रयत्न गर्नुहोला । व्यवसायमा नयाँ मित्रको आगमनले आर्थिक समस्या टरेर जानेछ । साताको अन्त्यमा पारिवारिक भेटघाटमा रमाइनेछ ।

## मकर

परिणाममुखी कार्य सम्पन्न गर्न अझै केही समय कुर्नुपर्ने हुन्छ । पहेंलो रंगको प्रयोगले विशेष फाइदा दिलाउनेछ । परिस्थिति विचार गरी भावना मिल्ने साथीहरूसँग लगानी गर्न ढिला नगर्नुहोला । अचानक प्रेम प्रस्ताव प्राप्त हुन सक्छ, पारिवारिक सुझाव अनुरुप निर्णय गर्नुहोला ।

## कुम्भ

पारिवारका ज्येष्ठ सदस्यको सुझावबाट समस्या पहिचान एवं त्यसको निराकरण गर्न सकिनेछ । मनलाई दरिलो बनाई गरिएको निर्णय आफ्नै हितमा हुनेछ । जतिसुकै सहयोग गरे पनि आफन्तहरूले तपाईंको आलोचना गर्न छाडेका छैनन् । विपक्षीहरू प्रतिष्ठामा ठेस पुर्‍याउन गुप्त रूपमा सलबलाउनेछन् ।

## मीन

आम्दानीका राम्रै स्रोत हात लागे पनि खर्चको क्रम रोक्न सकिनेछैन । पारिवारिक मन्तान्तरका बाबजुद तपाईंको व्यवसायिक विचार नै अनुमोदन हुनेछ । साथीहरूको सुझावबाट रोजगारीका मार्गहरू पहिल्याउन सकिनेछ । सूर्यको आराधनाले काम सम्पन्न गर्न सहज बनाउनेछ । राति यात्रा गर्दा सावधानी अपनाउनुहोला ।

**अब हाम्रो पालो**

# अचेलका केटीहरू कत्तिको केटा जिस्क्याउँछन् ?

आँखाले नै बलात्कार गर्छन् । जिस्क्याउने पनि सीमा तोक्नुपर्छ अब, नत्र केटाहरूलाई जोइला भगाउन के बेर ?

**हेन्डसम म**

मैले हिजो मात्र भोगेको छु । बाटोमा हिंड्दै थिएँ । एउटीले चुइगम पड्काई, फर्केर हेरेको आँखा पनि मारी ।

**ठूले**

खै हाम्लाई के थाहा ? यो कुरा रूप हुनेहरूसँग सोध्नुहोस् अनि जसले जिस्क्याउँछन् उनीहरूले पनि भन्न सक्छन् ।

**लाटो**

जिस्क्याउँछन् ।

**टाइटन सुमन**

आँट हुनुपर्‍यो नि ।

**बिमल**

जिस्क्याउँछन्, दुई-तीन जना केटी मात्र भए फुसुर-फुसुर गरेर ।

**पंकज**

जिस्क्याउने मात्र होइन, उग्रै बबाल मच्चाउँछन् हजुर ।

**मनोज लम्साल**

धेरै सभ्य हुन्छन्, केहीले अलि-अलि जिस्क्याउँछन् ।

**पीयूष कान्छो**

जिस्क्याउँछन् । कलेज तथा सपिङ मलतिर चुइगम



पड्काउँदै हेन्डसम केटाहरूलाई जिस्क्याइन्छ । त्यसैले आजकाल म अति आवश्यक काम नपरी घरबाहिर निस्कन्नँ ।

**तिखे**

मलाई त उधुमै जिस्क्याउँछन्, तर भन्नु भएन ।

**समय**

एक्ला-एक्लै चैं विरलै जिस्क्याउँछन् । केटीहरूको ग्याङ भयो भने चैं उग्र जिस्क्याउँछन् । अझ भनौं केटाहरूको तुलनामा बढी नै जिस्क्याउँछन् ।

**निर्मल भण्डारी**

कति जिस्क्याउँछन् चाहिं थाहा भएन । तैपनि हामी केटाहरू के चाहन्छौं भने केटा जिस्क्याउने मामिलामा महिलाहरूको समान सहभागिता होस् ।

**सरकार**

पुरानो जमाना फेरिइसक्यो, आजकाल त केटाले भन्दा केटीले चैं केटा जिस्क्याएर हैरान बनाउँछन् ।

**बिनोद**

एकपटक म पानीपुरी खान गएको थिएँ । केटीहरूले मलाई अक्क न बक्क पारे । मिस्टर ह्यान्डसम, लभ गर्ने हो ? एउटीले सोधी । अरू सबै हाँसे । मेरो अनुहार लाजले रातो भयो ।

**दान्ही भाइ**

हिजोआजका केटीहरू फ्लर्ट गर्न सिपालु छन् ।

**विक्रम कवि जी**

साँझ-बिहान टोल-छिमेकमा त हिंड्नै हुँदैन । छतबाट सुन्ने गरी जिस्क्याएर र कागजको टुक्राले हानेर उल्कै गर्छन् । छततिर हेर्दा अनुहार देखिन्छ भनेर लुक्न खोज्छन् ।

**ब्याड ब्वाय**

सबै हामीजस्ता सोझा हुँदैनन् है ।

**ज्योति**

मैले अहिलेसम्म त्यस्ती केटी फेला परेको छैन ।

**कैलाश भट्टराई**

बुढो भइएछ हजुर ! जिस्क्याउन छाडे ।

**गौंडाखर्के**

अरु केहीदेखि डर लाग्दैन, तर केटीहरूदेखि डर लाग्छ । बाँकी मिलाएर बुझ्नुहोस्, जिस्काउँछन् कि जिस्काउँदैनन् ?

**बाबा रामेश**

यो त एकछिन टाइमलाइन चहार्‍यो भने छर्लङ्ग भैहाल्छ नि हजुर !

**सुजन पौडेल**

हदभन्दा बढी ।

**प्रभात मल्ल**

कुरै नगरौं हजुर !

**दान्ही भाइ**


## नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना

CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको व्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।



* * * * * * * * * * * * * * * * * * * * *

नोट: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, ठमेल: २०८११०९, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९





## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

के महिलाले पनि हस्तमैथुन गर्छन् ? यो कसरी गर्न सकिन्छ र यसका फाइदा के छन् ?

८०८१



### महिला हस्तमैथुन

आफैंले आफ्नो यौनाङ्ग चलाउने, घर्षण गर्ने वा दबाउने जस्ता क्रियाकलाप गरेर यौन आनन्द प्राप्त गर्ने यौन क्रियाकलाप नै हस्तमैथुन हो। सामान्यतः पुरुषले मात्र गर्ने मानिए पनि महिलाले पनि हस्तमैथुन गर्छन्। किन्सेले गरेको अध्ययनमा सोधिएका मध्ये ९२ प्रतिशत पुरुषले हस्तमैथुन गरेको कुरा बताएका थिए भने ६२ प्रतिशत महिलाले, तर त्यसपछि गरिएका अध्ययनमा ८२ प्रतिशतसम्म महिलाले हस्तमैथुन गरेको अनुभव भएको बताएका छन्।

### महिलाले कसरी गर्छन् ?

महिलामा प्रत्यक्ष रूपमा योनिलाई नै यौनअङ्ग मानिन्छ। महिलाहरूमा योनिबाहेक अन्य विभिन्न अङ्ग पनि यौनका दृष्टिकोणले संवेदनशील हुन्छन्। जस्तै– भगक्षेत्र, ठूलो तथा सानो भगोष्ठ, भगांकुर तथा स्तन। त्यसबाहेक मुख तथा अधर, नितम्ब, गुदद्वार, मलाशय, चर्म (छाला) लाई हामीले यौन अङ्गका रूपमा नलिए पनि हामीले पाउने धेरैजसो यौनसुख यिनै अङ्गमार्फत प्राप्त गरिरहेका हुन्छौं।

पुरुषको भन्दा महिलाहरूको हस्तमैथुन गर्ने तरिकामा विविधता हुन्छ। महिलाहरूले विभिन्न यौनअङ्गलाई प्रयोगमा ल्याई हस्तमैथुन गर्ने अध्ययनहरूले देखाएका छन्। हस्तमैथुन गर्दा यौन परिकल्पना एउटा महत्वपूर्ण पक्ष हो। यस क्रममा आफूले चाहेअनुरूप यौन क्रियाकलापमा संलग्न व्यक्ति, स्थान अनि आसनको कल्पना गर्न सकिन्छ र यसमा मानसिक पक्ष सबल रूपमा जोडिएर आनन्द थपिन्छ।

### महिलाले हस्तमैथुन गर्ने केही प्रमुख विधि :

**भगांकुर चलाउनु :** भगांकुर चलाउनु वा यसको घर्षण नै महिला चरमसुखमा पुग्ने सबैभन्दा महत्वपूर्ण यौन क्रियाकलाप हो। भगांकुर यस्तै ९० प्रतिशत महिलामा यौन संवेदनशीलताको केन्द्रका रूपमा हुन्छ। आफूलाई सजिलो लाग्ने वा मन पर्ने कुराले यसलाई चलाउन सकिन्छ। त्यसका लागि चलाउने वा घर्षण गर्नेबाहेक दबाब दिने, बिस्तारै हल्लाउने वा जोडले हल्लाउने वा यसलाई कुनै वस्तुमाथि थिच्ने जस्ता अनेक उपाय अपनाउन सकिन्छ।

**केही पसाउनु :** योनिमा केही पसाएर यौन आनन्द लिन सकिन्छ। यसो गर्दा योनिमा पर्याप्त मात्रामा रस आइसकेको हुनुपर्छ र यौन उत्तेजना हुँदा यो स्वाभाविक रूपमै हुन्छ। यस्तो नभएको स्थितिमा अन्य कुनै चिप्लो पदार्थ प्रयोग गर्न भने बिर्सनु हुँदैन। यस्तो पसाउने कुरा सफा भएको कुरा सुनिश्चित गर्नुपर्ने हुन्छ।

**यौन प्रसाधनको प्रयोग :** भगांकुर होस् वा योनि, हस्तमैथुनमा औंलाको प्रयोग नै महत्वपूर्ण हुन्छ। औंला बहुउपयोगी हुने भएकाले यसमा चाहेअनुरूप दबाब, गति वा शैली अपनाउन सकिन्छ, यसले आनन्द थप्छ नै। यीबाहेक महिला शरीरका अन्य अङ्गको स्पर्श, मर्दन वा सुमसुम्याई यौन आनन्द पाउने कुराका लागि सहायक नै हुन्छन्, तर अचेल यसरी यौन आनन्द लिने क्रममा महिलाहरूले विभिन्न यौन प्रसाधन वा वस्तु पनि प्रयोग गर्छन्। कतिपयले पुरुषको लिङ्ग आकारको कृत्रिम वा प्राकृतिक वस्तु पनि प्रयोग गर्छन्। अंग्रेजीमा भाइब्रेटर भनिने यौन प्रसाधन विभिन्न आकार तथा प्रकारमा पाइन्छन्। तुलनात्मक रूपमा यसको प्रयोगले यौन आनन्द प्राप्त गर्न सजिलो भएकाले पनि यसलाई कतिपय महिलाले मन पराएका छन्।


तपाईंहरूको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस्। हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं।

### केही असर गर्छ कि ?


हस्तमैथुन स्वभाविक प्रक्रिया हो, त्यसैले यसले हानि गर्दैन। यौन सम्पर्क र हस्तमैथुनबाट यौन आनन्द प्राप्त गर्ने प्रक्रिया सिद्धान्ततः उस्तै हो। हस्तमैथुन गर्दा कौमार्य भङ्ग हुन्छ भन्ने कुरा सत्य होइन। योनिमार्गको द्वारमा हुने एउटा पातलो छालाको झिल्ली (योनिच्छद ) च्यातिनुलाई नै कुमारित्व भङ्ग भएको मानिन्छ, तर योनिच्छद छ कि छैन भन्ने आधारमा पहिले जस्तो 'कुमारीत्व' कायम भए-नभएको कुराको मापन गर्ने जमाना अब रहेन। वास्तविक रूपमा कुमारित्व भङ्ग हुनु वा नहुनु भनेको कुनै व्यक्तिसँग यौनसम्पर्क भएको छ वा छैन भन्ने आधारलाई मान्दा हस्तमैथुन गर्नुलाई कुमारित्व भङ्ग हुने कारकको परिभाषामा राख्न मिल्दैन। हस्तमैथुनले कतै योनि खुकुलो हुन्छ कि भन्ने चासो हुने भए पनि त्यसमा पनि कुनै सत्यता छैन।

### फाइदा ?

सर्वप्रथम त हस्तमैथुनले यौनईच्छाको दमनबाट हुने तनावबाट मुक्ति दिन्छ। तनावबाट मुक्त मानिस बढी सकारात्मक रूपमा सिर्जनशील हुन सक्छ। यसरी यौन चाहना शान्त पार्न मद्दत पुऱ्याउने भएकाले कतिपय यौन अपराध कम गर्न सहयोग पुग्छ भन्नेहरू पनि थुप्रै छन्। यस्तै हस्तमैथुनले अनावश्यक गर्भधारण, अन्य व्यक्तिसँगको यौनसम्बन्ध, यस्ता क्रियाकलापमा खर्च हुने धन तथा समयको दुरुपयोगवाट पनि जोगाउँछ। अर्को व्यक्तिसँग यौनसम्पर्क नै नहुने भएकाले अहिले चर्चामा रहेका एचआईभी वा अन्य यौनरोगहरू लाग्नबाट पनि जोगिने नै भयो। विवाहपछि पनि श्रीमान्-श्रीमती दुवै जना मिलेर कसरी बढी यौन आनन्द लिन सकिन्छ भन्ने कुरामा कुराकानी वा छलफल गरेर विभिन्न प्रयोगद्वारा दुवै जनालाई आनन्द आउने उपायको खोजी एवं त्यसको अवलम्बन गर्न सकिन्छ।



## डा. सुमनको सल्लाह



डा. सुमनराज ताम्राकार

धेरैजसो पुरुषले एक न एकपटक लिंग उत्तेजित नहुने समस्या अनुभव गरेकै हुनुपर्छ। सफल यौनक्रियाका लागि लिंग राम्रोसँग उत्तेजित हुनु आवश्यक छ भने सन्तान जन्माउन उत्तेजित लिंगका माध्यमबाट योनिमार्गमा वीर्य स्खलन हुनुपर्छ। लिंग उत्तेजित नहुने समस्याका कारण यौनसम्पर्क सफलतापूर्वक स्थापित नहुने हुनाले सन्तान जन्माउन समस्या आउँदा त्यस्ता व्यक्तिलाई नपुंसक भनिएको पाइन्छ, जुन पूर्णतया गलत हो। आधुनिक चिकित्सा विज्ञानमा कृत्रिम गर्भाधान प्रक्रियाबाट पनि सन्तान उत्पादन सम्भव छ। यो प्रक्रियामा लिंग उत्तेजित नहुने समस्याबाट पीडित व्यक्तिको वीर्य प्रयोग गर्न सकिन्छ। यो प्रक्रियाअन्तर्गत भाइब्रेटरलगायतका उपकरणबाट स्खलन गराई वा प्रभावित व्यक्तिको अण्डकोष एवं इपिडिडाइमिसबाट वीर्य संकलन गरी उपयोग गरिन्छ। लिंग उत्तेजना नहुने समस्या पनि व्यक्तिपिच्छे, प्रत्येक पटकको यौनकार्य पिच्छे तथा यौनसम्पर्क राख्न खोज्ने श्रीमती वा व्यवसायिक यौनकर्मीपिच्छे फरक-फरक हुनसक्छ।

लिंग उत्तेजनाका लागि लिंगमा आवश्यक रक्तप्रवाहमा अवरोध खडा भै लिंग उत्तेजित नहुने समस्या सिर्जना हुनसक्छ। दीर्घ शारीरिक रोग, मेरुदण्ड वा जननेन्द्रिय वरिपरि गम्भीर चोट वा जटिल शल्यक्रिया एवं कतिपय औषधिले पनि लिंग उत्तेजनामा समस्या उत्पन्न गराउन सक्छ। एलर्जी, रक्तचाप तथा मानसिक समस्या, पार्किन्सन्स तथा क्यान्सरका लागि प्रयोग गरिने कतिपय औषधि लिंग उत्तेजित नहुने समस्याका कारण हुनसक्छन्।


सफलतापूर्वक यौनसम्पर्क स्थापित गर्न स्वस्थ शरीरसँगै मन-मस्तिष्कसमेत स्वस्थ्य एवं प्रफुल्ल हुनुपर्छ। थकित अवस्था, अधिक मद्यपान, पिर, चिन्ता, डर, त्रास, आपसी मनमुटाव, निःसन्तान एवं नपुंसकताको हीनताबोध, आत्मविश्वासको कमी, प्रतिकूल वातावरणका बेला लिंग उत्तेजित नहुने समस्या उत्पन्न हुनसक्छ। सारांशमा जुनसुकै बेला पनि वा सुरुदेखि नै उत्तेजनाको समस्या छ भने त्यसको कारक तत्व शारीरिक हुनसक्छ। अरू बेला राम्रोसँग उत्तेजित हुने लिंगमा कहिलेकाहीं मात्र समस्या देखिन्छ भने त्यसको कारक तत्व मानसिक हुनसक्छ।

त्यसैले लिंग उत्तेजित नहुने समस्याको प्रभावकारी उपचार कारक तत्वअनुसार नै गर्नुपर्ने हुन्छ। एकाध पटक मात्रका यस्ता यौन दुर्बलतामा खासै चिन्ता लिनु पर्दैन। यौनसाथीको सहयोग एवं समझदारीका साथै गोप्यताको निश्चितता एवं तनावरहित वातावरणले पनि धेरै हदसम्म समस्या कम हुन्छ। यौनसाथीले नै होच्याउने स्थिति आयो भने पक्कै पनि नतिजा राम्रो निस्किँदैन। अतः एक-दुई पटकको यस्तो यौनिक दुर्बलता पछि यौनसाथीसमक्ष यौन क्षमता प्रदर्शन गर्नुपर्ने दवाबमा भने विपरीत परिणाम निस्कन सक्छ।

यदि मानसिक कारणले लिंग उत्तेजित नहुने समस्या देखिएको भए यौन आनन्दका वैकल्पिक उपायहरू अपनाएर पाक्क्रीडाका माध्यमबाट पीडित व्यक्तिमा आत्मविश्वास वृद्धि गरी यस्ता खालका यौन दुर्बलता घटाउन सकिन्छ। उदाहरणका लागि हस्तमैथुनका बेला लिंग उत्तेजित नहुने समस्या छैन तर यौनसम्पर्क राख्न खोज्दा यस्तो समस्या हुने व्यक्तिले यौन साथीमार्फत हस्तमैथुन गराएको खण्डमा दुवैको आत्मविश्वास वृद्धि भै भविष्यमा यौनकार्यमा सकारात्मक परिणाम निस्कन सक्छ। कतिपय अवस्थामा लिंग उत्तेजनालाई बल पुऱ्याउने औषधि-उपचार आवश्यक हुनसक्छ। योहिम्बिन, शिलाजित, जिन्सिङ, यार्सागुम्बाजस्ता परम्परागत एवं भियाग्रा, सियालिस, लभित्रा जस्ता आधुनिक औषधिले अनुकूल परिणाम नै दिन्छन् भन्न गाह्रो भए पनि कतिपय अवस्थामा मनलाई ढुक्क (तनावरहित) पार्ने कार्यमा भने तिनले अपेक्षित नतिजा दिन सक्छन्।




तस्बिर बोल्छ










# तेक्वान्दो कीर्तिमान

तेक्वान्दोलाई दक्षिण कोरियाको संस्कृतिसँग जोडिएको खेल मानिन्छ, तर यो खेलको आधिकारिक कीर्तिमान 'गिनेज बुक अफ वर्ल्ड रेकर्ड्स' भने भारतको हैदराबादको नाममा थियो । हैदराबादमा सन् २०१६ मा १ हजार १ सय ५२ जनाले एकैपटक तेक्वान्दोको प्रदर्शन गरेर सर्वाधिक व्यक्तिले तेक्वान्दो प्रदर्शन गरेको कीर्तिमान कायम गरेका थिए । हालै दक्षिण कोरियाको राजधानी सियोलमा उक्त कीर्तिमानलाई ८ हजार व्यक्तिले एकसाथ तेक्वान्दो कला प्रदर्शन गरेर भंग गरेका छन् ।







# प्रमुख लिगमा एकहोरो जित









## इंग्ल्यान्ड

म्यानचेस्टर सिटी फेरि एकपटक युरोपेली च्याम्पिन्स लिगमा असफल सावित भयो, तैपनि उसलाई इंग्लिस प्रिमियस लिग जित्नबाट भने कसैले रोक्न सकेन । प्रशिक्षकमा पेप ग्वार्डिओला आएयता सिटीले लिग जितेको यो पहिलो अवसर हो । छिमेकी क्लब म्यानचेस्टर युनाइटेड वेस्ट ब्रुमको हातबाट पराजित भएको दिन सिटी लिग च्याम्पियन बन्यो । अहिले सिटी ३५ खेलबाट ९३ अंकको स्थितिमा छ । अब उसको ध्यान केन्द्रित भएको छ, लिगमा कमाएको अंक र गरेका गोलका अरू धेरै कीर्तिमान राख्ने कुरामा । खास भन्ने हो भने लिग उपाधिको होडमा एक्लै जस्तै रह्यो, सिटी । उनको नजिकको प्रतिद्वन्द्वी युनाइटेड धेरै पछाडि रह्यो । उनीहरूबीच अहिले १६ अंकको अन्तर छ ।

## स्पेन

स्पेनी ला लिगाको विशेषता भनेकै बार्सिलोना र रियल म्याड्रिडबीचको प्रतिस्पर्धा हो । पछिल्लो एक दशकलाई आधार मान्ने हो भने बार्सिलोनाले रियललाई यसमा धेरै पछाडि छाडेको छ । बार्सिलोना पछिल्ला दस सिजनमा सात पटक विजेता भएको छ । यसपटक बार्सिलोनाको लिग उपाधिको होड भने डेपोर्टिभो लाकुरुनामाथि प्राप्त जितसँगै टुंगो लागेको थियो । लिग उपाधिको होडमा बार्सिलोनालाई पनि अरु कसैले छुन सकेन भन्दा हुन्छ । बार्सिलोनाले सजिलै लिग उपाधि जित्यो र त्यसको एउटा प्रमुख कारण लिगमा रियलको खराब प्रदर्शन पनि रह्यो । बार्सिलोनाले यस्तै प्रदर्शन च्याम्पियन्स लिगमा भने गर्न सकेन ।

## जर्मनी

जर्मन बुंडेसलिगा झन्-झन् नराम्रो हुँदै गएको आरोप पनि छ । यसको कारण स्तर खस्किएर होइन, बरु बार्यन म्युनिखले लगातार उपाधि जितेर हो । हुन पनि अहिले जर्मन लिग बार्यनले जित्नकै लागि बनेजस्तो देखिएको छ । बायर्नले अग्सबर्गलाई हराएको खेलपछि लिग उपाधि जित्ने निश्चित भएको हो । सबैभन्दा एकपक्षीय लिग उपाधिको होड पनि यही नै रह्यो, युरोपका प्रमुख पाँच लिगमध्ये । अहिले तत्कालको लिग तालिकाले पनि यसलाई प्रस्ट पार्छ । बायर्नको अहिले ८१ अंक छ भने दोस्रो हुने साल्का ०४ को ५७ अंक । यो अन्तरले नै बार्यनको लिगमा प्रभुत्व देखाउँछ । बायर्नले लगतार ६ वर्षदेखि उपाधि जितिरहेको कारण उसको उत्कृष्ट प्रदर्शन नै हो ।

## फ्रान्स

जसरी खास खास देशको लिगमा कुनै एउटा टिमको प्रभुत्व छ, त्यस्तै प्रदर्शन फ्रान्सको लिग वानमा पीएसजीको छ । पेरिस सेन्ट जर्मेनले यसपटकको लिग उपाधि जित्न खासै मेहनत गर्नु परेन । गत सिजन पीएसजीलाई पछाडि छाडेर मोनाकोले लिग जित्दा धेरै आश्चर्यमा परेका थिए । यद्यपि यसपटक पीएसजीले उपाधि जित्ने निर्णायक खेलमा यही मोनाकोलाई ७-१ ले हरायो । यसले पनि देखाउँछ, लिगमा उसको एकछत्र राज कस्तो थियो ? अहिलेको लिग तालिकामा जहाँ पीएसजीको ९१ अंक छ, त्यहीं दोस्रो स्थानको लियोनको ७२ अंक छ । पीएसजी यो पूरा सिजनमा शानदार लयबाट गुज्रियो ।

## इटाली

युरोपका प्रमुख पाँच लिगमध्ये निर्णय हुन नसकेको एक मात्र लिग इटालीको सिरी ए हो । लिगमा अहिले तीन चरणका खेल मात्र बाँकी छन्, तैपनि यसको उपाधि कसले जित्ने हो, टुंगो छैन । यसले पनि देखाउँछ, कम्तीमा इटालीमा यसपटक लिगमा राम्रै प्रतिस्पर्धा भयो । यद्यपि डर के पनि छ भने यसअघि जस्तै युभेन्ट्सले नै जित्ने छ । लिगमा अधिकांस समय नेपोली नै अगाडि रह्यो, तर अन्त्यतिर युभेन्ट्सले अग्रता लियो । अब यही स्थिति निर्णायक हुने छाँट छ । पछिल्लो खेलमा नेपोली फिओरेन्टिनासँग पराजित भएपछि उसको दावेदारी कमजोर भएको हो । शीर्ष दुई टिमबीच ४ अंकको मात्र फरक छ । यसमा युभेन्टसको ८८ अंक छ भने नेपोलीको ८४ ।

# पिपुल्स च्वाइसका प्रत्याशी



नेपाली खेलकुदको सबैभन्दा ठूलो र प्रतिष्ठित एवार्ड कार्यक्रम पल्सर स्पोर्ट्स एवार्ड यसपटक परम्परागत समयभन्दा केही पहिले हुँदैछ, जेठ ३ मा । यस क्रममा यो एवार्डको प्रमुख आकर्षण पिपुल्स च्वाइस एवार्डका लागि पाँच जना प्रत्याशीको नाम पनि सार्वजनिक भैसकेको छ । अझ त्यसमा मतदान पनि सुरु भैसकेको छ । यसपटक यो एवार्ड पाउने खेलाडीले पाउने मतका सम्बन्धमा फरक संरचना तयार गरिएको छ । आयोजकहरुको विश्वास छ- यस पटकदेखि यो एवार्ड अझ व्यवस्थित र सबैको चित्तबुझ्दो हुनेछ । यसपटकको मत संरचना कस्तो छ त ? विजेताको घोषणामा एसएमएस र फेसबुक लाइकको मतभार हुनेछ, ५० प्रतिशत अनि चार फेसबुक लाइकको मतभार १ एसएमएस बराबर हुनेछ । यस पटकदेखि प्रशिक्षक तथा एवार्डका आयोजक नेपाल खेलकुद पत्रकार मञ्चका सबै सदस्यले पनि मत दिन पाउनेछन् । यही अवसर प्रशिक्षकले समेत प्राप्त गर्नेछन् । सातौं राष्ट्रिय खेलकुदमा सहभागी ३५ खेलका प्रमुख प्रशिक्षक तथा मञ्चका सदस्यहरुको मतभार २५-२५ प्रतिशत गरी ५० प्रतिशत रहनेछ । वर्ष २०७४ भरि गरिएको प्रदर्शन र पाएको चर्चाका आधारमा पिपुल्स च्वाइस विधाका प्रतिस्पर्धी खेलाडी छनौट गरिएको हो जसलाई जेठ १ गते मध्यरातसम्म भोट हाल्न सकिनेछ । एवार्डका क्रममा प्रदान गरिने पुरुष तथा महिला वर्ष खेलाडी जतिकै महत्वको एवार्ड हो, पिपुल्स च्वाइस एवार्ड । एवार्डका पाँच प्रत्याशी हुन्– क्रिकेटका सन्दीप लामिछाने, फुटबलका किरण चेम्जोङ, भलिबलका मानबहादुर श्रेष्ठ, गल्फकी प्रतिमा शेर्पा तथा टेबल टेनिसका स्यान्दु श्रेष्ठ ।

**सन्दीप लामिछाने, क्रिकेट**

नेपाली खेलकुदमा अहिले लगातार दोहोराएर नाम लिइएका खेलाडी हुन्– सन्दीप लामिछाने । स्टार मात्र होइन, सुपर स्टारको बाटोमा रहेका सन्दीपको यो चर्चा स्वभाविक पनि छ, किनभने उनी यही वर्ष इन्डियन प्रिमियर लिग (आईपीएल) तथा क्यारेबियन प्रिमियर लिग (सीपीएल) मा आबद्ध भए । लामिछानेले वर्ष २०७४ मा कुल ८६ विकेट लिएका थिए । त्यसमध्ये आईसीसी एसिया यू-१९ विश्वकप छनौटमा २४ विकेटको प्रदर्शन ऐतिहासिक रह्यो । सन्दिपले विश्व क्रिकेट लिग डिभिजन-टु मा पनि १७ विकेट लिए र प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी घोषित भए ।

**किरण चेम्जोङ, फुटबल**

नेपाली राष्ट्रिय टिमका गोलरक्षक किरण चेम्जोङका लागि वर्ष २०७४ विशेष रह्यो । यसक्रममा उनी बने, भारतको आई-लिग जित्ने पहिलो नेपाली खेलाडी । किरणले यो उपलब्धि मिनर्वा पञ्जावका लागि प्राप्त गरेका हुन । लिगका क्रममा उनले आठ खेलमा सहभागिता जनाए, त्यसमध्ये सात खेलमा उनी पहिलो रोजाइका खेलाडी थिए । किरणले यही वर्ष माल्दिभ्सको टीसी स्पोर्टसबाट पनि खेले । त्यहाँ उनको टिम लिग, एफए कप तथा प्रेसिडेन्टस् कपमा उपविजेता रह्यो ।

**मानबहादुर श्रेष्ठ, भलिबल**

भलिबल नेपाली खेलकुदमा लगातार चर्चामा छ भने यससँगै उत्तिकै चर्चामा छन्, राष्ट्रिय टिमका प्रमुख खेलाडी मानबहादुर श्रेष्ठ । राष्ट्रिय टिमले मैत्रीपूर्ण खेलमा बंगलादेश, हङकङ र मकाउलाई हराएर ऐतिहासिक सफलता हात पार्दा टिमका प्रमुख खेलाडी साबित भएका थिए, मानबहादुर । घरेलु भलिबलमा उनले आर्मी क्लबलाई बर्षका ६ प्रतियोगितामध्ये पाँचमा उपाधि जिताउन महत्वपूर्ण योगदान दिए । त्यसैले उनी एनभीए लिग, ३१ औं राष्ट्रिय भलिबल तथा एनभीए कपमा सर्वोत्कृष्ट खेलाडी घोषित भए ।

**प्रतिमा शेर्पा, गल्फ**

पछिल्लो साता गल्फ खेलाडी प्रतिमा शेर्पा खुबै चर्चामा रहिन्, टाइगर उडससँगको तस्बिर सार्वजनिक भएपछि । यो चर्चाले अन्तर्राष्ट्रिय रूप समेत लियो । अधिकांश प्रमुख अन्तर्राष्ट्रिय मिडियामा उनको नाम आयो । नआओस् पनि किन ? उनी हुन्– नेपाली महिला गल्फकी नम्बर एक खेलाडी । यस्तै प्रतिमा व्यवसायिक गल्फ सूर्य नेपाल गल्फ टुरको छनौट खेल्ने पहिलो महिला पनि हुन् । शेर्पा फाल्डो सिरिजमा नेपालकी विजेता समेत हुन् ।

**स्यान्दु श्रेष्ठ, टेबलटेनिस**

नेपाली टेबल टेनिसका यी उदयमान खेलाडीलाई भविष्यका स्टार भने हुन्छ । अझ उनकै काँधमा नेपाली टेबलटेनिसको पुरुष स्पर्धा टिक्नेछ । श्रेष्ठले कम उमेरमै ठूला-ठूला सफलता चुमेका छन् । जस्तो उनले ३९ औं राष्ट्रिय टेबलटेनिसमा पुरुष सिंगल्स, डबल्स तथा टिम स्पर्धामा स्वर्ण पदक जिते । यति धेरै विधामा सफलता पाउनुले पनि स्यान्दु वास्तवमै कस्ता खेलाडी हुन्, प्रस्ट हुन्छ । श्रेष्ठले ठमेल ओपन च्याम्पियनसिपमा पुरुष सिंगल्सका साथै टिम स्पर्धामा समेत पहिलो स्थान हात पारेका थिए ।

**मैदान बाहिर**

## फुटबल हेर्न महिला गए



इरानमा अझै पनि महिलालाई पुरुष फुटबल प्रतियोगिता हेर्न प्रतिबन्ध छ । सन् १९७९ मा भएको इस्लामिक क्रान्तिपछि त्यहाँका महिलाहरूलाई रंगशालामा प्रवेश गरेर फुटबल हेर्न प्रतिबन्ध लगाइएको थियो । यो नियम तोड्न महिलाहरूले धेरै पटक प्रयास गरे पनि अपेक्षाकृत सफलता प्राप्त गर्न सकेका छैनन्, जसका कारण महिलाहरू पुरुष भेषमा सुरक्षाकर्मीलाई छलेर रंगशालामा प्रवेश गर्ने प्रयास गरिरहेका हुन्छन् । पक्राउ परे कठोर सजाय पाइने त्यस्तो प्रतिबन्धलाई बेवास्ता गर्दै हालै ५ जना महिला रंगशाला पुगेर फुटबल हेर्न सफल भएका छन् । इरानको पर्सियन गल्फ प्रो लिग प्रतियोगिताको फाइनल खेल हेरेको तस्बिर सामाजिक सञ्जालमा अपलोड भएपछि उनीहरूको सफलताले चर्चा पाएको हो ।

तेहरानको आजादी रंगशालामा पर्सेपोलिस टिमलाई समर्थन गर्न महिलाहरू टिसर्ट लगाएर, पुरुषको जस्तै देखिने नक्कली केश र दाह्री-जुँगामा पुगेका थिए । रंगशालामा फुटबल हेर्दै खिचेको सेल्फी, ग्रुप फोटो तथा भिडियोलाई उनीहरू आफैले सामाजिक संजालमा अपलोड गरेका हुन् ।

## रोडम्यानले मध्यस्थता गर्ने





बास्केटबलका चर्चित खेलाडी डेनिस रोडम्यान अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प तथा उत्तर कोरियाका शासक किम जोङका साथी मानिन्छन् । रोडम्यानले धेरै पटक किमको निमन्त्रणामा उत्तर कोरियाको भ्रमण गरिसकेका छन् । भ्रमणका क्रममा उनले डोनाल्ड ट्रम्पलाई राम्रोसँग चिनन् भनेर पुस्तकका रूपमा आएको उनको जीवनी किमलाई प्रदान गरेका छन् । अमेरिका र उत्तर कोरियाबीच तनाव बढेपछि उनी उत्तर कोरिया पुगेकै हुन्छन् ।

रोडम्यानले आफूले यी दुई नेतालाई वार्तामा ल्याउन प्रयास गरिरहेको बताएका छन् । हालै टिएमजेडलाई अन्तवार्ता दिँदै रोडम्यानले आफूले उनीहरूलाई वार्ताका लागि तयार गर्न सक्ने बताए । डेनिसले भने– यसका लागि आवश्यक कूटनीतिक प्रयास दुवै देशका सरकारहरूले गरे पनि व्यक्तिगत रूपमा मेरो प्रयास पनि जारी रहनेछ । उनको यो भनाइ आएलगत्तै किम र डोनाल्ड ट्रम्पबीच वार्ता हुने चर्चासमेत चल्न थालेको छ ।




## भारतका खेलाडीलाई स्वर्ण

पोखरामा आयोजित छैटौं दक्षिण एसियाली ट्रायथलन च्याम्पियनसिपमा भारतीय खेलाडी मनिचन्द्र सिंह तथा समिरा मारिहाम अब्राहमले स्वर्ण पदक जितेका छन् । उक्त प्रतिस्पर्धामा भारतकै विश्वरजित साईखामले रजत तथा नेपालका वसन्त चौधरीले कांस्य पदक हात पारे । प्रतियोगितामा नेपालसहित ५ देशका ४९ जना खेलाडीले सहभागिता जनाएका थिए ।

महिलातर्फको ट्रायथलन भारतकी समिराले स्वर्ण भने भारतकै प्रग्न्या मोहनले रजत नेपाली खेलाडी सोनी गुरुङले कास्य पदक पाए । प्रतियोगिताको खुला पुरुषतर्फ मनिचन्द्रले स्वर्ण, विश्वरजितले रजत तथा वसन्त चौधरीले कांस्य पदक प्राप्त गरे । महिलातर्फ स्पेनकी ईश्वराले स्वर्ण पदक हात पारिन् । दोस्रो स्थानमा भारतकी समिरा र तेस्रो स्थानमा प्रग्नया रहे ।

नेपाल पर्वतीय खेलकुदअन्तर्गत भएको उक्त प्रतियोगिताको ८ औं राष्ट्रिय ट्रायथलन प्रतियोगिताको पुरुषतर्फ नेपाली सेनाको पकड रह्यो । सेनाका वसन्त चौधरीले स्वर्ण पदक हात पार्दा दिपेश चौधरीले रजत तथा रुद्र कटुवालले कास्य पदक हात पारे । महिलातर्फ एपिएफकी सोनी गुरुङले स्वर्ण, काठमाडौंकी रोजा केसीले रजत तथा सेनाकी यामकुमारी भुजेलले कांस्य पदक हात पारे ।

राजाराम पौडेल

समय सन्दर्भ

# समानान्तर जिन्दगीहरू



अधिकारी रवीन्द्र

जीवन एउटा सरल रेखा हो । समग्र जिन्दगीहरू जन्मदेखि मृत्युसम्मको चलायमान ज्यामिति हो । हरेक प्राणीको जीवन प्रणाली कति सरल छ ? जन्म, जीवनयात्रा र मरण । जीवनयात्राका क्रममा प्रकृतिप्रदत्त जिम्मेवारीहरू पनि निर्वाह गरिन्छन् । त्यसमा गाँस, बास, कपास, मनोरञ्जन तथा सन्तानोत्पादनका प्रक्रियाहरू आउँछन्, तर अरू जीवको भन्दा मानवीय जीवन निकै फरक छ । मानिस आफैंले आफ्नो जीवनलाई जटिल बनाएका छन् । एउटा जिन्दगी एकपटक जन्मिन्छ, एकपटक जिउँछ र मर्छ पनि एकपटक मात्र । कुनै एक कालखण्डमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयात्री बनेर जिन्दगीहरू कहिले एउटै गोरेटोमा, कहिले रात्रीकालीन गाडीको सँगैको सिटमा, कहिले पानी भर्ने पँधेरीमा, कहिले सपिङ मलमा त कहिले कलेजको लास्ट बेन्चमा भेटिन्छन् । ती जिन्दगीहरू फगत आमुन्ने-सामुन्ने वा दायाँ-बायाँ भएका हुन् । एउटा जीवनपथ अर्को जीवनपथसँग कहिल्यै काटिएको हुँदैन अर्थात् एउटा जीवनको डोरोले अर्को जीवनको डोरोलाई कहिल्यै चुँडाल्न सक्दैन । कुनै जिन्दगीको उद्गमस्थल र समाधिस्थल कुनै अर्को जिन्दगीभन्दा नितान्त फरक हुन्छ । आफ्नो वरिपरि बाँच्ने विभिन्न जिन्दगीहरू अभिन्न भएर पनि भिन्न हुन्छन् र ती समानान्तर भएर मृत्युसम्म स्वतन्त्र बगिरहन्छन् तसर्थ सबै जिन्दगी निहित समयसम्म समानान्तरबाहेक केही होइनन् । प्रेमजोडीका जीवनरेखाहरू क्रस भएका होइनन्, ती रेखाहरू अलिक नजिक भएका हुन् । वैवाहिक जोडीका जीवनरेखाहरू अझ नजिक हुन सक्लान् तर सधैं समानान्तर नै रहन्छन् । एउटा जीवनरेखाबाट अरू जीवनरेखाहरू सम्बन्ध र परिस्थितिअनुसार भिन्न-भिन्न दूरीमा चलिरहेका हुन्छन् । जीवनरेखा जन्मदेखि मृत्युसम्मको सबैभन्दा छोटो रेखा भएकाले सधैं सरल छ । ८० वर्ष आयु भएको एउटा व्यक्तिले आफ्नो जीवनयात्रामा ज-जसलाई भेट्छ, देख्छ वा सुन्छ ती सबैको जीवन उसको जीवनसँग समानान्तर छन् ।

जङ्गलको बाटो राति एक्लै हिँड्दा बाघको आकृतिमा पुच्छरसमेत बनेर बसेको रूखको ठुटो देखेर डरले तपाईं हस्याङ-फस्याङ गर्दै भाग्ने क्रममा डोकोभरि सेउला बोकी एउटा घाँसेको समानान्तर जिन्दगी टुप्लुक्क अगाडि आइपुग्दा तपाईंभित्र बेग्लै साहस उम्लिएको थिएन ? कुनै बेला पब्लिक गाडीमा कत्ति न पढ्छु जस्तो गरी फिजिक्सको मोटो पुस्तक काखमा फिँजाएर बसेकी कलेजकी ठिटीले चस्माको कुनाबाट तपाईंले अघिदेखि घुरेर हेरेको चाल पाएर लजाउँदै पुस्तक झोलामा राखेको सम्झनुस् अनि सम्झनुस्– साइडमा तपाईंसँगै डन्डीमा हात समाउँदै तिनै छात्रालाई एकटक हेरिरहेको पठ्ठोको समानान्तर जिन्दगी । उक्त गाडीको खलासी, चालक र सम्पूर्ण यात्रीहरू तपाईंकै छेउमा आ-आफ्ना जिन्दगीहरू समानान्तर रूपले अघि बढाइरहेका थिए । त्यस्तै एकपटक फिलिम हेर्न जाँदा हाउसफुल भएको हलमा समानान्तर जिन्दगी बोकेर स्टोरी प्लटमा निमग्न भएका टाउकाहरू याद गर्नुहोस् ।

सधैं एउटै बाटो हिँड्दा उनी उताबाट र तपाईं यताबाट आउने क्रममा पक्कै पनि धेरै पटक तपाईंहरूको नजर जुँधेको होला । सदाझैँ देखे पनि अनुहार, आउने समय र बाटोबाहेक तपाईंका बारेमा उनलाई वा उनका बारेमा तपाईंलाई अरू केही थाहा नहुन सक्छ, तर तिनै समानान्तर जीवनहरू जम्काभेट हुँदै एक मीठो मुस्कानसम्म पुगेर अड्किएका पनि हुन सक्छन् । देख्दै नदेखेको मान्छेको त्यो जिन्दगी पनि समानन्तर हो, जोसँग एयरपोर्टमा लगेज साटियो । एकान्तमा पिसाबले च्याप्दा खुला ठाउँमा पिसाब गर्दागर्दै तपाईंलाई देखेको त्यो जिन्दगी तपाईंसँग समानान्तर छ । वर्षायाममा हिलो छ्याप्ने ट्रक ड्राइभरको जिन्दगी अनि सडकपेटीमा जुन केराको बोक्रामा चिप्लेर तपाईं कुनै दिन लड्नुभयो त्यो केराको बोक्रा फ्याल्ने रुन्चे नानीको जिन्दगी पनि तपाईंसँग समानान्तर छ । मात्र कुनैका रेखा वर त कुनै अलि पर छन् ।

वास्तवमै यी जिन्दगीहरू कहिले अभिनेता वा दर्शक बनेर, कहिले कलाकार र कलापारखी बनेर, कहिले लेखक र पाठक बनेर, कहिले पीडित र पिडक बनेर त कहिले चोर र पुलिस बनेर समानान्तर अघि बढिरहेका हुन्छन् । कहिल्यै केही नबोले पनि समानान्तर जिन्दगीहरू एक-अर्काको अस्तित्व हेक्का राख्दै हिँड्छन् ।

ravinems@iom.edu.np
Twitter: @ravinems

# टेक्सासमा नेपाल नाच्छ

रात छिप्पिँदै गएको थियो । डान्स फ्लोरमा झिलिमिली प्रकाश यत्रतत्र छरियो । आकर्षक रूपमा सजाइएको साउन्ड र लाइटिङ सिस्टम उस्तै रोमाञ्चक देखिन्थ्यो । टेक्सासको डालस सहरमा गत साता आयोजित कार्यक्रममा नेपाली तन्नेरीहरू ठेलमठेल गर्दै डान्स फ्लोरमा प्रवेश गरे । बढ्दो गर्मीसँगै कुल देखिने पहिरनमा युवायुवतीहरूले दिनभरको थकान बिर्सँदै तालमा ताल मिलाए । विईज इन्टरटेनमेन्टद्वारा आयोजित नेपाल नाच्छ शीर्षकको उक्त डान्स पार्टीमा टेक्सास वरपर रहेका नेपाली तन्नेरीहरू उपस्थित थिए । हरेक वर्ष आयोजना हुँदै आएको यो इभेन्टको सातौं संस्करण हो । रातको ९ बजे प्रारम्भ भएको पार्टीमा अंग्रेजी, नेपाली तथा हिन्दी हिट नम्बरहरू बजेका थिए भने त्यसको संयोजन डिजे ममलगायतको टिमले गरेको थियो ।




शिव शर्मा

# नेपालकै होची किशोरी



सुनसरीको प्रकाशपुरस्थित प्रकाशपुर डोबर इंग्लिस एकेडेमीमा कक्षा ९ मा अध्ययनरत १७ वर्षीया किशोरी कल्पना कविरथ सम्भवत: नेपालकै होची महिला हुन् । बराहक्षेत्र-९, प्रकाशपुरको जुगेचौक स्थायी घर भएकी अल्पसंख्यक कविरथ समुदायकी कल्पना २९ इन्च अग्ली छिन् ।

कल्पना अध्ययनरत विद्यालयका शिक्षक तथा उनका आफन्त लक्ष्मण कविरथले उनको उचाइ २९ इन्च मात्रको बताएका छन् । कल्पना आफ्नो रहरका कारण अध्ययनलाई निरन्तरता दिँदै आएको बताउँछिन् । पढ्ने इच्छाकै कारण सहयोगी लिएर साइकलमा विद्यालय आउने गरेको उनले बताइन् ।

पढाइमा अब्बल कल्पनाको विद्यालय शुल्क होचो कद र सामान्य परिवारका कारण नि:शुल्क गरिएको विद्यालयका निर्देशक रविन घिमिरेले जानकारी दिए । सहयोगी बिना विद्यालयसम्म आउनसमेत कठिनाइ हुने कल्पनालाई राज्यले समेत सहयोग गरेर हैसला प्रदान गर्नुपर्ने घिमिरे बताउँछन् । सामान्य परिवारमा जन्मिएकी कल्पनाका बाबुआमाका अन्य सन्तान भने सामान्य छन् । कल्पनाका बाबु दीपक रोजगारीका लागि विगत १५ वर्षदेखि कतारमा छन् ।

नरेन्द्र बस्नेत




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।